
सर्वाधिक बिक्री हुने
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
...ागि सम्पूर्ण पत्रिका
• वर्ष १२ • अंक ३८ • काठमा... ...२६, २... ...TAHIK • Nepali National Weekly • Feb 9, 2007 • पृष्ठ २४ • मूल्य रु. ८/-






तस्विर : राजीव श्रेष्ठ

मध्यपृष्ठमा



नायिका रेखा थापा तथा गायक अनिल सिंहको रोमान्टिक मुद्रा

# प्रेम प्लेटोनिक देखि साइबरसम्म

● विदुर खतिवडा

'आज उमेरको ५२ औं खुड्किलोमा उभिएर सोच्दैछु, कुनै दिन रुमाल हुन खोजेको थिएँ म तिम्रो हातको ।' कुराकानी मध्यक्रममा पुगेपछि, साहित्यकार अविनाश श्रेष्ठलाई माथि उद्धृत कविता फुर्‍यो । 'समयले लामै यात्रा गरिसक्यो, तर खै किन हो, रुमाल हुन खोजेको त्यो पललाई अहिले पनि बिर्सन सकेको छैन,' आफ्नो असफल प्रेम वर्णन गर्दै साहित्यकार श्रेष्ठले बताए ।

श्रेष्ठका अनुसार उनको प्रेम आठ वर्ष चले पनि अन्तिम अवस्थातिर दूरी बढेको थियो । स्नातकोत्तर तह अध्ययन गर्न भारतको आसामबाट काठमाडौं आएका श्रेष्ठ प्रेमले असफल मोड लिएपछि आसाम फर्किएनन् । श्रेष्ठ भन्छन्- 'प्रेम र युद्ध धेरै तन्कियो भने परिणति राम्रो हुँदैन ।'

प्रेम असफल भएपछिका केही वर्ष विक्षिप्त हुँदै त्यही प्रेमको समर्पणमा वैवाहिक सम्बन्धमा नबाँधिने संकल्प गरेका श्रेष्ठले आमाको करकापका कारण चार वर्षपछि विवाह गर्नुपर्‍यो । अभिनाश भन्छन्– मेरो यो प्रेमकथा छापिएपछि मेरी श्रीमती जसले मलाई अत्यन्तै माया गर्छिन्, उनलाई कुनै असजिलो महसुस नहोस्, किनकि म उनलाई अत्यन्तै माया गर्छु ।'

तपाईंको यो कथाको नाम के हुनसक्छ ? भन्ने प्रश्नमा श्रेष्ठ भन्छन्– 'असफल तर आदर्श प्रेम नै हो । हरेक प्रेम विवाहमा परिणत हुनुपर्छ भन्ने छैन, भएको भए बेस हुन्थ्यो ।'


श्रेष्ठका अनुसार साँचो प्रेममा परेपछि हरेक व्यक्तिमा स्वाभाविक रूपमा साहित्य प्रस्फुटन हुन्छ । उनी भन्छन्- 'प्रेममा परेपछि र त्यसबाट धोका पाएपछि मलाई साहित्यकार बन्न अझ बल पुगेको अनुभूति छ, असफल भएपछि साहित्यको सहारा नलिएको भए मेरो अस्तित्व रहँदैनथ्यो कि ?'

'प्लेटोनिक लभ', प्रेमको यो परिभाषालाई मानवसभ्यताको विकाससँग पनि जोड्न सकिन्छ । अर्को अर्थमा भन्दा आदर्श प्रेम वा एकतर्फी प्रेम । कसैलाई समर्पण गरिएको प्रेम । एक साहित्यकार तथा विशिष्ट कर्मचारी नाम उल्लेख नगर्ने सर्तमा भन्छन्- मेरो जीवनमा तपाईंले खोजेजस्तो प्लेटोनिक लभ प्रसङ्गको अनुभव छ ।

कलेज पढ्दा मैले एउटी साथीलाई मन पराएको थिएँ, उनीसँग मेरो नातागत सम्बन्ध पनि भएकाले मैले कहिल्यै पनि त्यो प्रेम अभिव्यक्त गरिनँ । उनले पनि मलाई मन पराउँछिन् भन्ने थाहा थियो । पछि उनको अर्कैसँग विवाह भयो । उनी असाध्यै रोइन्, म पनि त्यत्तिकै.. । केही समयपछि हामीबीचको भेटघाट पातलिँदै गयो, आज मेरो छुट्टै संसार छ, उनको पनि त्यस्तै..... वर्षौं बितिसके पनि अहिले हाम्रो भेटघाट हुँदा आफ्नोपन अनुभव हुन्छ ।'

प्लेटोनिक प्रेम, जहाँ प्रेमी वा प्रेमिकाले आफूले मन पराएको जो

बाँकी पृष्ठ ६ मा



# के शरीरबाट जोड्न सकिन्छ मनको नाता ?

सृष्टिलाई सुचारु गर्न आवश्यक छ सम्बन्ध अर्थात् साइनो । स्त्री-पुरुषबीच सम्बन्ध स्थापित भएपछि प्रारम्भ हुन्छ सृष्टि । सागर जस्तै गहिरो अर्थ समेटेको छ हाम्रो धार्मिक आस्थाको प्रतीक शिवलिंगले । त्यो प्रतीक जसले प्रतिविम्बत गर्छ स्त्री-पुरुषबीचको तन-मन र आत्माको पवित्रता एवं प्रेमको त्यो चरम विन्दु जहाँबाट सिर्जना हुन्छ सृष्टिको । यो पवित्रताका अगाडि हरेक आस्था, हरेक विश्वास नतमस्तक हुन पुग्छन् । जहाँ मानव समाजलाई गहिरो दर्शन दिने हाम्रो आस्था एकातिर जीवित छ त्यहीं अर्कातर्फ प्रेमको वाणी चर्को स्वरमा गुञ्जिए पनि कैयन् वास्तविकताले क्षणिक रोमाञ्चकता एवं आकर्षणलाई झल्काएको महसुस हुन्छ । कैयन व्यक्ति मनको नाता जोड्ने बाटोमा शरीरलाई व्यवधान मान्छन् भने कैयन मनसम्म पुग्ने माध्यम शरीर नै हो भन्छन् ।

केही अपवाद रहे पनि किशोरवस्थादेखि नै युवतीहरूलाई आफ्नो शरीरप्रति अतिरिक्त रूपमा सतर्क रहन सिकाइन्छ । सायद त्यसैले पनि युवतीहरू आफ्नो शरीरप्रति बढी संवेदनशील हुन्छन् । पुरुषहरू शरीर प्राप्तिका लागि नै प्रेम गर्छन् भन्ने होइन, तथापि मनोवैज्ञानिक अध्ययन एवं शोधहरूले पत्ता लगाएको तथ्यलाई पनि नकार्न सकिँदैन– अधिकांश पुरुष शरीर प्राप्तिका लागि प्रेम गर्छन् र महिलाहरू प्रेम प्राप्तिका लागि आफ्नो शरीर समर्पण गर्छन् ।

पुरुषका लागि जहाँ शरीर प्राथमिकता हो त्यहीं महिलाहरूका लागि भावना । सायद यही आधारमा यो सत्यको निचोड निस्कन्छ– पुरुष महिलाहरूको जीवनको पहिलो प्रेम बन्न पुग्छ भने महिला पुरुषको जीवनको अन्तिम प्रेम । परन्तु अपवादमा त्यस्ता महिलाहरू पनि पाइन्छन् जो पुरुष जस्तै शरीर प्राप्तिका लागि प्रेम गर्छन्, घुम्दै फिर्दै रुम्झाटार भनेझैं प्रश्न पुनः त्यहीं आएर रोकिन्छ– के मनसँग जोडिन तन जोडिनु आवश्यक छ ? विषय जति नै गम्भीर र संवेदनशील भए पनि वास्तविकता यही हो कि व्यक्तिको परिचय होस् वा प्रेम, त्यसको प्रारम्भिक अवस्था भनेको शरीरको अभिव्यक्ति हो किनकि पहिलो आकर्षण शरीरबाटै हुन्छ तर यस कुरामा शारीरिक आकर्षणलाई मात्र समेट्नु वा प्राथमिकता दिनु पनि गलत हुन्छ ।

कसैको मन दृष्टिमा नजर नआए पनि उसको शारीरिक व्यवहार, उसको हाउभाउ, बडी ल्याङ्ग्वेज आदिले उसको भित्री व्यक्तित्वका सम्बन्धमा धेरै कुरा व्यक्त गरिरहेको हुन्छ । महिला हुन् वा पुरुष कसैसँग पनि मनको नाता जोडिने प्रक्रिया दुई-चार दिनको होइन । त्यसैले मनको नाता जोड्ने काममा शरीरले एक सेतुको रूपमा काम गरेको हुन्छ ।

मनोविश्लेषकहरूका अनुसार महिलालाई मात्र शरीरबाट बुझ्न खोज्नु उसलाई अधुरो भन्दा पनि कम जान्नु हो । महिला हुन् वा पुरुष शरीरसँग सुत्न र भोग्न सकिन्छ तर बाँच्न सकिँदैन । शरीरले प्राथमिकता पाए मनको सोचमा विश्राम आउँछ तर मनलाई प्राथमिकता दिएर सम्बन्ध गाँसे मनको गहिराइमा डुब्दै शारीरिक सम्बन्धमा विस्तार एवं सुमधुरता आउँछ, अन्यथा सम्बन्ध शरीरबाट प्रारम्भ भएर शरीरमै पुगेर अन्त हुन्छ । त्यसैले पनि होला केही स्पर्शले स्मरणमा चोट पुर्‍याउँछ त केही स्पर्शले वर्षौंसम्म पनि मनको आकाशलाई ज्योति प्रदान गरिरहेको हुन्छ । ओशोका अनुसार धर्मको श्रेष्ठतम अनुभव त्यो हो जहाँ 'म' पूर्ण रूपले हराउँछ । अहम् र अहंकार शून्य हुन पुग्छ ।

देहबाट जोडिएको सम्बन्धमा पनि क्षणभरका लागि नै किन नहोस् उल्लेखित भावको प्राप्ति हुन्छ । शरीर त्यस्तो संवेदनशील संरचना हो जुन जस्तो भावसित जोडिन पुग्छ त्यसले त्यो भावलाई पूर्णता प्रदान गर्छ । शरीरबिनाको प्रेम प्लेटोनिक लभ हुन पुग्छ । तथापि आफ्नो शरीरलाई बुझ्न तथा त्यसको सम्मान गर्न जान्नुपर्छ, अनि मात्रै शरीर र मनको नाता सम्भव हुन्छ । यदि सानो शिशुप्रति प्रेम उत्पन्न भएको महसुस गर्नुहुन्छ भने अवश्य पनि तपाईं उसलाई स्नेहपूर्वक सुमसुम्याउनु हुन्छ र आफ्नो आलिंगनमा लिएर चुम्नुहुन्छ, प्रतिउत्तरमा शिशु रमाउँछ । त्यहाँ तपाईं शरीरको माध्यमबाट मनसम्म पुग्नुहुन्छ ।

शारीरिक स्पर्शमा यदि कपट छ भने त्यसले मनको तारलाई झंकृत गर्न सक्दैन । जहाँ यस्तो हुँदैन, त्यहाँ आत्मस्वीकृति हुँदैन र त्यो सम्बन्ध वासनाप्रधान बन्न पुग्छ, त्यहाँ न शरीरको मिलन हुन्छ न त मनकै ।

शरीरको माध्यमबाट पनि मन जोड्न सकिन्छ र ? भन्ने प्रश्न वैचारिक द्वन्द्वबाटै जन्म भएको हो तर समयसँगै यसको उत्तरमा पनि परिवर्तन आएको छ । विगतमा भावनाको अभिव्यक्तिका लागि वा मनको नाता बनाउन दैनिक सम्बन्ध आवश्यक मानिँदैनथ्यो परन्तु आजको समय शरीरमा आधारित सोचको समय हो । चाहे भावना अभिव्यक्त गर्ने कुरा होस् वा प्रेम दर्साउने कुरा, आज शरीरलाई नै यसको अभिव्यक्तिका लागि सबैभन्दा शक्तिशाली माध्यम मान्न थालिएको छ । शरीरमा आधारित मनको सम्बन्ध गाँस्ने सोच पश्चिमेली भए पनि त्यो उदार र खुला विचारधाराले आज हाम्रो सामाजिक परिवेशमा पनि उत्तिकै महत्त्व पाउन थालेको छ । यद्यपि शरीरबाट मनसम्म पुग्ने बाटो सरल भने अवश्य छैन ।

यसमा उत्पन्न हुने स्थिति, परिस्थिति र त्यसको संवेदनशीलताका साथै त्यसमा आफ्नो भूमिका एवं जिम्मेबारीलाई पनि स्वीकार गर्न सक्नुपर्छ । समर्पण, आत्मस्वीकृति, समझदारी, साझेदारी, सम्मान जस्ता कुरामा पनि सम्बन्धले फल्ने, फुल्ने, मौलाउने आधार पाउँछ । शरीरदेखि मनसम्म पुग्ने बाटोमा शरीर प्रधान हुने भए पनि त्यसलाई मनसम्म पुग्ने सेतुका रूपमा लिनु उचित हुन्छ तर शरीरमै अल्झिनु र शरीरलाई नै तगारो बनाउनु भने गलत हुन्छ ।

–रोजिन शाक्य



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



## मेष

मन प्रसन्न रहनेछ । यात्रा हुनसक्छ । व्यवसाय बढ्नुका साथै भेटघाटमा रमाउने अवसर मिल्नेछ । पहिलो भेटमै अरूको मन जित्न सकिनेछ । मानसम्मान पनि प्राप्त होला । धन आर्जन हुने बेला छ । कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन् । आइतबारदेखि स्वास्थ्यमा समस्या उत्पन्न हुने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ । घरेलु समस्याले पनि सताउनसक्छ ।

## वृष

शत्रु तथा रोगका साथै कुरा काट्नेहरू बढ्नेछन् । मन दुविधाग्रस्त रहनेछ । समयमा निर्णय नहुँदा हात परेको कामसमेत फुत्कनेछ । शरीरमा चोटपटक लाग्नसक्छ । आइतबार तथा सोमबार प्रसन्नता एवं पराक्रम बढ्ने, काममा सफलता मिल्ने अनि यात्रा हुने योग छ । मानसम्मान पनि प्राप्त हुनेछ । अधुरा काम बन्ने एवं नयाँ काम पाइने सम्भावनालाई नकार्न सकिँदैन ।

## मिथुन

सोच्ने शक्ति एवं पराक्रम बढ्नेछ । अध्ययनमा सफलता मिल्नुका साथै यात्रा हुने योग छ । अधुरा काम पूरा हुनेछन् । धार्मिक कार्यमा मन जानेछ भने भाग्यले पनि साथ दिनेछ । भेटघाटमा अन्तरंग कुराकानी गर्ने अवसर मिल्नेछ । अरूबाट प्रशंसा पनि पाइएला ।शत्रुदेखि सजग रहनुहोला । सफलताका लागि गोपनियता आवश्यक छ ।

## कर्कट

साता त्यति राम्रो छैन । आफन्तहरूको सहयोगमा सुधार आए पनि स्वास्थ्यले गर्दा काममा अवरोध खडा हुन सक्छ । हाड-जोर्नी दुख्ने समस्याले सताउनेछ । गलत विचार बढ्नुका साथै अरूबाट आलोचित हुनुपर्नेछ । झूटा आरोप पनि लाग्न सक्छ । विश्वास गरेकाहरूले धोका दिनेछन् । आर्थिक क्षेत्र कमजोर रहनेछ भने एकपछि अर्को समस्या आइलाग्न सक्छ ।

## सिंह

पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । व्यवसायमा सोचेजस्तै लाभ मिल्नेछ । विदेश यात्राको सम्भावनालाई नकार्न सकिँदैन । शत्रु पराजित हुने तथा धन आर्जन गर्ने अवसर मिल्नेछ । आइतबारदेखि घरेलु समस्या, गलत विचार एवं चिन्ता बढ्न सक्छ । सोमबार विवादका कारण मन खिन्न हुनेछ ।

## कन्या

बोलीको प्रभाव एवं प्रसन्नता बढ्नुका साथै सजिलै अरूको मन जित्न सकिनेछ । व्यवसायमा पाइने सफलता यथावत रहनेछ । अधुरा काम बन्ने तथा नयाँ काम पाइने कुरालाई नकार्न सकिँदैन । धन आर्जन गर्ने अवसर जुट्नेछ । शत्रु बढ्ने तथा स्वास्थ्यमा समस्या देखा पर्ने हुँदा खाँदा एवं बोल्दा विचार पुर्‍याउनुहोला ।

## तुला

मानसम्मान तथा भोजभतेरमा सामेल हुने अवसर मिल्नेछ । पराक्रम एवं सोच्ने शक्ति बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । अध्ययनमा सफलता प्राप्त हुनेछ । धन आर्जन गर्ने अवसर जुट्नेछ । व्यवसायमा प्राप्त हुने सफलता यथावत् रहनुका साथै यात्रा पनि हुनसक्छ ।

## वृश्चिक

खर्च, विवाद एवं कुरा काट्नेहरू बढ्नेछन् । झूटा आरोप पनि लाग्न सक्छ । धनमाल हराउन सक्छ भने विश्वास गरेकाहरूले धोका दिनेछन् । आइतबार तथा सोमबार मानसम्मान प्राप्त हुनेछ । काममा पनि सफलता मिल्नेछ । भोजभतेरमा सामेल हुने अवसर मिल्नुका साथै घरेलु कार्यमा रुचि बढ्नेछ । यात्रा गर्ने अवसर जुट्न सक्छ ।

## धनु

समय बलियो छ । सोच्ने शक्ति एवं पराक्रम बढ्नेछ । अध्ययनमा सफलता मिल्नुका साथै धन आर्जन हुनसक्छ । अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । यात्रा गर्ने अवसर जुट्नेछ । व्यवसायमा प्राप्त हुने सफलता यथावत् रहनेछ । मानसम्मान पनि मिल्नेछ । आइतबार तथा सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ ।

## मकर

मानसम्मान तथा प्रशंसा प्राप्त होला । ठूला व्यक्तिबाट सहयोग पाउन सकिन्छ । सोच्ने शक्ति, पराक्रम एवं प्रसन्नता बढ्नेछ भने आम्दानी पनि हुनेछ । अध्ययनमा सफलता मिल्नुका साथै यात्रा एवं व्यवसायमा लाभ होला । अधुरा कामहरू पूरा हुनेछन् । नयाँ काम पाइन सक्छ । मंगलबार तथा बुधबार खर्च एवं विवाद बढ्नेछ ।

## कुम्भ

भाग्यले साथ दिने छ । धार्मिक कार्यमा रुचि एवं पराक्रम बढ्नेछ । अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । आम्दानीको नयाँ स्रोत फेला पर्न सक्छ । आफन्तहरूबाट उचित सहयोग मिल्नुका साथै सोच्ने शक्ति बढ्नेछ । अध्ययनमा लाभ मिल्ने योग छ । कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन् ।

## मीन

स्वास्थ्य खराब हुनसक्छ । काममा अवरोध आउनाले मनोबल घट्नेछ । चिन्ता, खर्च तथा विवाद बढ्ने हुँदा खाँदा एवं बोल्दा सजग रहनुहोला । कुरा काट्नेहरू सक्रिय रहनुका साथै घरेलु समस्याले सताउनेछ । अध्ययनमा समेत अवरोध आउनेछ । मंगलबारदेखि स्थितिमा केही सुधार आउनेछ । सफलताका लागि गोपनियतामा जोड दिनुहोला ।

## यो साताको पञ्चाङ्ग

फागुन २ गते : प्रेम दिवस




सुखी विवाहित जीवनको लागि
सेवाको १३ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस् ।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

होटल तालिम
दुइ वर्ष पुगेको अवसरमा यो छुट
*कुक १ १/२ महिना रू. २५००/-
* कुक ३ महिना रू.३५००/-
*वेटर र वारमेन रू.१०००/-
# 5 star होटलका सेफद्वारा संचालित
# सतप्रतिसत ग्यारेण्टीको साथ तालिम दिइने
# उत्कृष्टलाई रोजगारीको ग्यारेण्टी
माउन्टेन होटल ट्रेनिङ सेन्टर
चावहिल गोपिकृष्ण हलबाट थोरै पूर्व
PH: 016212336



# प्रेमको अर्थशास्त्र



प्रेमदिवसका अवसरमा काठमाडौंलगायत मुलुकका प्रमुख सहरहरू गुल्जार भएका छन्। युवा-युवतीबीच लोकप्रिय चाडका रूपमा महत्त्व पाउन थालेको प्रेमदिवसमा आफ्नो व्यवसायलाई बढी ग्लामरस बनाउन अहिले प्रमुख सहरका व्यवसायीहरू दिनरात केही नभनी जुटेका छन्। विकसित देशमा प्रेमदिवसमा सामान्यतया: फूल, ग्रिटिङ्स कार्ड, प्रेम प्रतीकका रूपमा चर्चामा रहेका चिह्न, गीतिएल्बम तथा प्रेमकथामा आधारित उपन्यासलाई बिक्री हुने प्रमुख वस्तुका रूपमा चयन गरिएको पाइन्छ। त्यसैले यी वस्तुको बजार बढाउन उनीहरू फेब्रुअरी महिनाभरि प्रचार-प्रसारमा जुट्छन्। फेब्रुअरी महिनाभरि भी, एमटिभीजस्ता च्यानलमा ती वस्तुको विज्ञापनको बाढी देखिन्छ। युथ डटकमको विश्लेषणअनुसार चीनले फेब्रुअरी महिनाभरि युवाहरूका लागि उत्पादन गरिएका ४ अर्ब डलर बराबरको सामग्री युरोप तथा अमेरिकी बजारमा बिक्री गर्छ। ती सामग्रीमा ग्रिटिङ्स कार्ड, फुटवेयर, टोपी तथा प्रेम अङ्कित चिह्न बढी हुन्छन्। चीनको आन्तरिक बजारमा भने यस्ता सामग्रीको बिक्री निकै कम छ।

भारतीय बजारमा पनि प्रेमसँग सम्बन्धित सामग्रीहरूको बिक्री प्रत्येक वर्ष बढ्दै गएको तथ्याङ्क छ। म्याच डटकमका अनुसार प्रेमदिवसका अवसरमा प्रेमकथामा आधारित साहरूख खानका चलचित्रका डिभिडीहरू तुलनात्मक रूपमा बढी बिक्री हुन्छन्। 'दिलवाले दुल्हनिया ले जाएगें', 'दिल तो पागल है', 'मोहब्बतें' जस्ता चलचित्रका डिभिडी प्रेमदिवसका अवसरमा सबैभन्दा बढी बिक्री हुने वस्तुको श्रेणीमा पर्ने गरेको उक्त पोर्टलले जनाएको छ। चलचित्रपछि भारतीय बजारमा पप एल्बमको बजारले दोस्रो स्थान लिएको छ। एलिसा चिनाईलाई केही वर्षअघिसम्म भ्यालेइन्टाइन गायिका भनिन्थ्यो भने यो वर्ष पाकिस्तानी ब्यान्ड 'जल' को एल्बम सबैभन्दा बढी बिक्री हुने विश्लेषण गरिएको छ। भारतीय टिनएजरहरूले स्वदेशीभन्दा विदेशी कलाकारलाई रुचाउने गरेको पछिल्लो तथ्याङ्कका आधारमा यो विश्लेषण गरिएको हो।

नेपालमा पनि प्रेमदिवसको अवसर पारेर विभिन्न व्यावसायिक उत्पादनहरू भित्रिएका छन्। युवामाझ बढ्दै गएको प्रेमदिवसको क्रेजलाई आधार मानेर ग्रिटिङ्स कार्ड, प्रेमचिह्नयुक्त फुटवेयर, टिसर्ट, पाइन्ट, टोपी आदि सामग्री नेपाली बजारमा पनि भित्रिएको छ। चीनले प्रेमदिवसका अवसरमा युरोपीय बजारमा पठाउने सामग्रीका नक्कली भर्सन नै नेपाली बजारमा आउँछन्। 'एक दिनको चाड भएकाले कमसल तर आकर्षक सामग्री नै बिक्री हुने गरेको छ।' विशाल बजारमा झिल्के सामग्रीको थुप्रो हटाउँदै नवीन बिन्दुले साप्ताहिकसँग भने– 'हामीले एक महिनाभित्र बेच्ने हिसाबले यस्ता सामग्री आयात गरेका हौं। मेड इन हङकङ लेखिएका यी सामग्रीहरू यति आकर्षक छन् कि व्यवसायीहरूले यसको नाम नै 'झिल्के' राखेका छन्। व्यवसायीहरूका अनुसार यस्ता सामग्री कक्षा ८ देखि स्नातक तहसम्म अध्ययन गर्ने युवायुवतीहरूबीच बढी लोकप्रिय छन्। प्रेमदिवसका अवसरमा हुने पार्टीका लागि मात्र काम लाग्ने यस्ता सामग्रीहरू एक पटक धोएपछि गुणस्तर खस्कने भएकाले सस्तो हुने व्यवसायीहरू बताउँछन्।

टोपीको वरिपरि रातो रङमा निर्माण गरिएको मुटुको चित्र तथा माथिल्लो भागका मजुरको प्वाँखजस्तो पहाडले भ्यालेन्टाइन टोपी निर्माण गरिएको हुन्छ। यस पटकको प्रेमदिवसका लागि लक्षित गरिएको २ सय ५० रुपैयाँ मूल्य पर्ने यो टोपीमा सेतो टिसर्ट तथा टाटेपाङ्ग्रे जिन्स लगाउँदा उमेर छिप्पिन थालेका पुरुषहरू पनि टिनएजरजस्तो देखिने व्यवसायीहरू बताउँछन्। गत वर्ष यो पहिरन भ्यालेन्टाइन पहिरनका रूपमा चर्चित मात्र भएन, नमुनाका लागि ल्याइएको एक ट्रक सामग्री सबै बिक्री भएकाले यो वर्ष यस्ता सामग्री गत वर्षको तुलनामा बढी आएको हुन सक्ने व्यवसायीहरूको अनुमान छ। प्रेमदिवसका अवसरमा आएको टाटेपाङ्ग्रे जिन्सको थाईमा कुँदिएको प्रेम अङ्कित चिह्न तथा विशेष प्रकारको स्पोर्ट सुले यस पटक धेरै टिनएजरको मन-मस्तिष्कलाई रङ्गीन बनाउने व्यवसायीहरूको अनुमान छ।

प्रेमदिवसको अवसर पारेर परेकाले त्यसको प्रभाव नेपालजस्तो मुलुकमा पर्ने बताइन्छ। यही अनुमानका आधारमा यस पटक युवतीहरूका लागि विशेष किसिमको नीलो पहिरन मगाइएको छ। गाढा नीलो स्कर्टमा आकर्षक प्रेमचिह्न अङ्कित यो पहिरन अन्य पार्टीहरूमा पनि लगाउन सकिने हुनाले यस्ता सामग्री बढी आयात गरिएको बताइन्छ। यो पहिरनको मूल्य १ हजार २ सय रुपैयाँको हाराहारीमा रहने व्यवसायीहरू बताउँछन्।

प्रेमदिवसको अवसर पारेर आयात गरिएका सामग्रीमध्ये ग्रिटिङ्स कार्ड, अङ्ग्रेजी तथा हिन्दी लभसङ्स, स-साना प्रेमचिह्न अङ्कित गिफ्ट सबैभन्दा बढी छन्। प्रणय दिवसमा सामान्य अवस्थामा भन्दा दस गुणा बढी बिक्री हुने यस्ता सामग्रीको बजार २ करोड रुपैयाँको हाराहारीमा रहेको अनुमान गरिन्छ। साता दिनभित्र आयात गरिएका यस्ता सामानहरूमध्ये ७५ प्रतिशत तथा बाँकी सामग्रीहरू वर्ष दिनसम्म बेचिन्छ। 'हामी ३ सय ५८ दिनमा जति सामग्री बिक्री गर्छौं, त्यसको कैयौं गुणा बढी सामान प्रेमदिवसका अवसरमा बिक्री गर्छौं।' सिंगापुरबाट आयात गरिने ग्रिटिङ्स कार्डका अधिकृत विक्रेता घनश्याम महर्जन भन्छन्– 'नेपालमा यस्ता ग्रिटिङ्स कार्ड एक पटक मगाएपछि वर्ष दिनलाई पर्याप्त हुन्छ।' भारतीय तथा चिनियाँ बजारबाट पनि यस्ता कार्ड आयात हुने कुरा महर्जनले बताए।

अर्कातिर प्रेमदिवसका अवसरमा गरिने पार्टी, भेटघाट तथा यसमा हुने खर्चको अनुमान गर्न सकिँदैन। व्यवसायीहरूका अनुसार प्रेमदिवसको अवसर पारेर सबैजसो तारे होटल, चर्चित रेस्टुराँ तथा पार्टी प्यालेसले पार्टीको आयोजना गर्छन्। युवाहरूलाई आकर्षण गर्न उनीहरूले विभिन्न प्याकेज दिने गरेका छन्। प्रेमदिवसकै अवसर पारेर विशेष जोडीको सम्मान पनि गरिन्छ। यी सबै कार्यक्रमको उद्देश्य बढीभन्दा बढी युवा जोडीलाई बटुलेर आनन्द दिनु हो। यसले पनि प्रेमको आर्थिक कारोबार बढ्ने अनुमान गरिन्छ। विभिन्न संस्थाले प्रेमदिवसको अवसर पारेर पोखरा, चितवन तथा लुम्बिनी टुरका प्याकेज पनि सार्वजनिक गरेका छन्। यसले पनि प्रेमदिवसका दिन हुने आर्थिक कारोबारमा वृद्धि हुने अपेक्षा गरिएको छ। व्यवसायीहरू भन्छन्– 'प्रेमदिवसका अवसरमा विद्यालय तथा कलेज छुट्टी हुने हो भने आर्थिक कारोबारमा अझ वृद्धि हुन्छ।'


## उपहार प्रणय दिवसको

हाम्रो सामाजिक परिवेशमा विभिन्न चाडपर्वले महत्त्वपूर्ण भूमिका खेल्दै आएका छन्। हरेक महिना जस्तै कुनै न कुनै पर्व हामीबीच आइपुग्छन्। एकैखाले दैनिकीको निरसता र एकरूपता हटाउँदै चाडपर्वले एकातिर हामीमा उत्साह एवं नौलो जोस सञ्चार गर्छन् भने अर्कातिर तिनले हाम्रो संस्कृति एवं सभ्यताको गरिमालाई पनि प्रष्ट्याउँदै आएको देखिन्छ। अहिले पर्व र उपहार एक-अर्काका परिपूरक बन्दै गएको देखिन्छ। पर्व चाहे ठूलो होस् वा सानो उपहार आदान-प्रदान गर्ने चलन बढ्दो छ। उपहार एकातिर हाम्रो जीवनशैलीको अभिन्न अंग बन्न पुगेको छ भने अर्कातिर यो एक-अर्काबीचको सम्बन्धमा सुमधुरता र प्रगाढता थप्ने माध्यम पनि। कसैप्रति आफ्नो मायाप्रेम, स्नेह, सम्मान, आदर, कृतज्ञता व्यक्त गर्ने सुन्दर एवं आकर्षक माध्यम हो- उपहार, तथापि उपहार प्राप्त गर्ने व्यक्तिको इच्छा बुझेर उसलाई उपहार प्रदान गर्नु अझ व्यावहारिक हुन्छ।



वास्तुशास्त्र एवं अध्यात्ममा आस्था राख्नेहरू प्रकृतिसित सम्बन्धीत पेन्टिङ, सुन्दर ल्याम्स सेड्स, विभिन्न आकार-प्रकारका फूल एवं मूर्ति आदि दिन रुचाउँछन् भने फेंगसुईबाट प्रभावितहरू लाफिङ बुद्ध, थ्री वाइज मैनबत्ती, मदर अफ मर्सी, गुड लक बेम्बु, लविङ बर्ड, थ्री लेग फ्रेम, विन्ड चाइम्स आदिलाई प्राथमिकता दिन्छन्। क्रिस्टलका गिफ्ट आइटमको आकर्षण पनि कम छैन। संगमरमर, उड्स, चन्दनउड, वेक्सका सामान पनि उपहारका रूपमा उत्तिकै प्रचलित छन्। प्रेमी-प्रेमिकाहरूबीच प्रणय दिवसका अवसरमा बढी उपहार आदान-प्रदान हुने गरेको पाइन्छ। यस अवसरमा उल्लेखित उपहारहरूका अतिरिक्त सुन-चाँदी एवं डायमन्डसम्म आदानप्रदान गर्नेहरू भेटिन्छन्। उपहारको सीधा सम्बन्ध हाम्रो भावनासित हुन्छ। जसलाई हामी जति माया प्रेम आदर गर्छौं उसलाई त्यहीअनुसार सुन्दर र आकर्षक उपहार भेट गर्छौं। प्रणय दिवस उपहार आदान-प्रदान गर्ने सर्वोत्तम समय मात्र होइन आफ्नो सम्बन्धमा सुमधुरता एवं निकटता थप्ने अवसर पनि हो।

उपहारका माध्यमबाट हामी एक-अर्कासित नजिकिन्छौं र हाम्रो सम्बन्धमा प्रगाढता थपिन्छ। आफ्नो मनभित्र सम्बन्धीत व्यक्तिका प्रति कस्तो भावना छ त्यसका बारेमा उसलाई प्रदान गरिने उपहारले व्यक्त गर्छ। उपहार जहाँ प्रेम र आत्मीयताको भावनाबाट दिनु राम्रो हो त्यहीं औपचारिकता पूरा गर्न वा देखाउनका लागि मात्र दिनु उपयुक्त होइन। उपहार सामाजिक जीवनलाई समृद्ध बनाउने काममा सहयोगसिद्ध हुनुपर्छ, त्यसबाट एक-अर्कामा भावनात्मक सामीप्यता बढ्छ। उपहार दिंदा पर्वको सांस्कृतिक गरिमा एवं महत्त्व पनि झल्कनुपर्छ न कि आडम्बर, रवाफ, घमण्ड, स्वार्थ र देखावटीपन।

a call for DJ course with
Nepal's most loved disco-jockey
the best of
hip-hop, house, techno,
mainstream and party mix!
students will get a first-hand practical session with DJ Raju in Kathmandu's favorite clubs and discos every weekend nights.
book your seats now.
the flight is fun, futuristic and full!
BOOM INTERNATIONAL
Contact : 016225212,9851099581
Gautam Buddha Marg, Anamnagar

पहिले सफल उपचार पछि भुक्तानी
यौन
उत्तेजना नहुने, शीघ्र स्खलन तथा शारीरिक यौन शक्ति (महिला-पुरुष)
स्तन
बढाउने, घटाउने तथा टाइट गराउने
पोतो
अनुहारको चायाँ, कालो पोतो, डण्डीफोरबाट मुक्ति
10am-5pm
दम, वाथ, ग्याष्टिकबाट पूर्ण मुक्ति
विगत १२५ वर्षभन्दा बढी आयुर्विज्ञानमा समर्पित
काम नगरे भुक्तानी पर्दैन
No Side effect, 100% Guarantee
4672065, 2084130

विशेष ५०% छुटमा होटल तालिम शुरू
नेपाल सरकारबाट स्वीकृत प्राप्त/विदेशबाट होटल म्यानेजमेन्ट गरी पाँचतारे होटलमा काम गरिरहेका सेफबाट प्रशिक्षण दिईने/अन्तर्राष्ट्रिय स्तरमा समेत ख्याती कमाउन सफल नेपालको एकमात्र ट्रेनिङ सेन्टर
तालिमहरू: कुक, वेटर, क्याप्टेन, तन्दुरी, बारमेन, स्टोरकिपर, हाउसकिपिङ्ग, रूम ब्वाई, बेल ब्वाई, फ्रन्ट अफिसर, रिसेप्सनिष्ट, सुपरभाईजर, बेकरी
सबैको स्पेशल क्लास पनि हुन्छ।
विशेषताहरू: पाँच तारे होटलहरूमा कार्यरत सेफबाट तालिम दिइने, फ्री वेटर क्लास, फ्री अंग्रेजी भाषा, ६ जनामा १ जना फ्री, स्वदेशी तथा वैदेशिक रोजगारको सहयोग गरिने। थप तालिमलाई होटलमा पनि पठाइने व्यवस्था।
साहारा होटेल तालिम सेन्टर (S.M.T.T.C.)
फोन: २०४०७८२, ९८५१०९३६२९, नयाँ बानेश्वर (शिव दर्शन हल अगाडी)
र्‍याडीसन कूकिङ्ग तालिम सेन्टर (R.M.D.T.T.C.)
फोन: ४४६४७२०, नयाँ बानेश्वर, (BICC पानी ट्यांकीको ठीक अगाडी)

English Classes
Own course books, audio-visual, self-practice lab
Chinese, Japanese, German, French, Spanish, Korean & Hebrew languages
(अंग्रेजी जान्दै नजान्नेकालागि पनि ब्यबस्था)
TOEFL/IELTS Preps.
O'seas Language C. Bag Bazar, 4-268945, Jamal 4-244741
Interactive English (Language VCDs) available in the market OLC, 4-247897

100% रोजगार मुलक
होटल तालिम
कुक, वेटर, हाउसकिपिङ्ग आदि।
साथमा इजरायली तथा अंग्रेजी भाषा
कामना, कोटेश्वर
4601878, 2120697

तु.आवश्यकता
नेपाल सरकारबाट मान्यता प्राप्त ५ वर्ष पुरानो कार्यालयलाई केही नियमित कर्मचारी चाहियो। महिला तथा विद्यार्थीलाई मान्यता।
तलब: ७५००/-
संख्या: ११ पुरुष, १९ महिला
सम्पर्क:
चावहिल: २०७३६१६, ९८४१५३८६६५
कलंकीचौक: ४२७१३७९, ९८५१०२९१९३

Interactive English
(Language Video-CDs)
By P. Swoveet with Graddy Walker (USA), Stephanie Scott (UK), Amy Richardson (USA), Ebony Francis (UK), Kara Debruyn (USA)....
Now, available in bookshops and institutes!
Published by OLC's Creative Publications 4-268945, 4-247897

रोजगारसहित तालिम
फोटोग्राफी भिडियोग्राफी
DIGITAL VIDEO EDITING
PHOTO पत्रकारिता
VIDEO पत्रकारिता
सहुलियत दरमा फोटोसेसन गराइने
विदेशमा फोटोग्राफी पढ्न पनि
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९

Wanted Immediately
1. English Language Instructors (Full time/ part time)
BA/B.Ed. passed) - 6 persons (Salary- Min. 6000.00)
2. Receptionists/ Accountants (ladies) Duty:6 am-1 pm or 12-7 pm)
SLC/ preferably Inter passed - 2 persons (Salary- Min. 4000.00)
3. Computer Instructors (For Basic & Advanced levels) - 2
(Apply with your copy of CV and 2 pp size photographs immediately)
OLC, Bag Bazar, 4-247897, 4-232866, Jamal 4-244741

महिला तथा पुरूषहरूको लागी
निःशुल्क व्यूटिसियन ट्रेनिङ्ग
NGO को सहयोगमा नेपाल सरकारद्वारा मान्यता प्राप्त हबिब, डा. ब्लोशम कोचर साथै विदेशबाट तालिम प्राप्त प्रशिक्षकहरूद्वारा अत्याधुनिक मेशिनमा कोर्ष ग्यारेन्टीका साथ Basic, Advance, Diploma र हेयर कटिङका साथै अन्य Special कोर्षहरूमा ग्यारेन्टीका साथ रोजगारीको अवसर सहित भर्ना खुल्यो।
विदेश जानेहरूको लागी विशेष कोर्षको पनि व्यवस्था छ।
सम्पर्क:
एन्जल ब्यूटी होम
न्यूरोड लेडिज एण्ड जेन्स् पार्लर -०१६२०७९०४, डिल्लीबजार -४४२४२५६, बाईपास -२१०४०२०
सुर्य विनायक (ट्रलिबस स्टप संगै) -६६१५७७७, कुपण्डोल (कानदेवथान चोक) -५५२३७५१
चावहिल चोक -२१९००८७, ठमेल (सिद्धीगणेश स्कूल अगाडी) -४७००४७७

# सद्भाव बाडौं प्रेम दिवसमा

**फागुन २ गते अर्थात् १४ फेब्रुवरी प्रेम दिवस संसारभर मनाइँदैछ । समयको प्रवाहसँगै प्रेम दिवसले स्त्री र पुरुषबीचको प्रेम परिभाषालाई फराकिलो पार्दै विश्वबन्धुत्वको भावमा विश्वव्यापी स्वरूप पाएको छ । यो दिनले हामी सबैलाई एक-अर्कासँग सद्भावपूर्ण व्यवहारका लागि अपिल गर्छ तर विडम्बना, यो वर्षको प्रेम दिवसको पूर्वसन्ध्या नेपालीहरूका लागि राजनैतिक हिंसा, द्वेषका साथ देखापरेको छ । विगत १० वर्षदेखि माओवादीहरूको हिंसात्मक गतिविधि झेल्दै आएको नेपाली समाजले यसै वर्ष सम्पन्न जनआन्दोलन-२ पछिको वातावरणमा एक-अर्कासँग सौहार्द्धपूर्ण व्यवहारको अपेक्षा गरेको थियो तर यसै अवधिमा तराईमा जुन किसिमको ताण्डव देखियो त्यसले नेपाली समाजमा युगौंयुगदेखि रहँदैआएको आपसी विश्वास एवं सहअस्तित्वमाथि मर्माहत प्रहार गरेको छ । यस्तो स्थितिमा हामी सबै नेपालीको भावना आहत हुनु स्वाभाविक हो । तराईको हिंसात्मक आन्दोलनका पछाडि राजनैतिक उद्देश्य रहनु एउटा कुरा हो तर त्यसले समाजमा एक-अर्काप्रति अविश्वास र घृणाको बीउ रोप्नु अर्को कुरा हो । आजको तीव्र गतिमा वैश्वीकरण भैरहेको समाजमा कुनै एउटा जाति वा समुदायको वर्चश्व कायम रहन सक्दैन । समाजमा जो जसरी अटाएका छन् ती सबैले एक-अर्काको अस्तित्वलाई स्वीकार गर्नैपर्छ ।**

**तराईमा चर्किएको हिंसात्मक गतिविधिले कस्तो राजनैतिक निकास पाउला त्यो बेग्लै कुरा हो तर त्यसले तराईमा युगौंयुगदेखि एक-अर्कासँग नजिक भएर, एक-अर्काको आवश्यकता भएर, एक-अर्काको पूरक भएर बँच्दै आएका विभिन्न जाति, जनजाति, सम्प्रदायमा छरिएर रहेका नेपालीहरूबीच अविश्वासको जुन वातावरण सिर्जना गरेको छ त्यसले पक्कै पनि सबै नेपालीको मन रोएको हुनुपर्छ । राजनैतिक अधिकारको प्रश्न उठ्नासाथ एउटा जातिले अर्को जातिप्रति वितृष्णा व्यक्त गर्नु राजनैतिक नाराका रूपमा सुन्दर देखिन सक्छ तर त्यसले समाजमा जुन किसिमको फाटो ल्याउँछ त्यसलाई कदापी सुन्दर भन्न सकिंदैन । अहिले नेपालको तराईमा यस्तै दृश्य देखिएको छ । तसर्थ अहिलेको अवस्थामा तराईमा बल्झिएको जातीय पीडाका लागि राजनैतिक मलहमभन्दा बढी भावनात्मक सद्भावको आवश्यकता देखिएको छ । यस्तो भावनात्मक सद्भावका लागि प्रेम दिवस सबैभन्दा उपयुक्त अवसर हुन सक्छ ।**

**प्रेम दिवसका अवसरमा हामी सबै नेपालीले एक-अर्काप्रति विश्वास गर्न सक्ने वातावरणको निर्माणका लागि आ-आफ्नो तर्फबाट प्रतिबद्धता व्यक्त गर्नुपर्छ । कुनै खास जाति वा समुदायको उद्गमस्थल कहाँ थियो, उनीहरूको भाषा वा रहनसहन के हो भन्ने कुरामा विवाद चर्काउनुभन्दा नेपाली समाजमा उनीहरूको उपस्थिति र आवश्यकता सबैलाई छ भन्ने कुराको ज्ञानबोध गर्न सक्नुपर्छ । कुनै पनि समाज एउटा जातिविशेषको पेवा हुन सक्दैन । समाज भनेको सबै जातिको साझा सम्पदा हो । यस्तै सम्पदाहरूले एउटा मुलुकको निर्माण हुन्छ । कुनै पनि मुलुक भूगोलको चार किल्ला मात्र होइन यो त विविध संस्कृति, जातजाति, धर्म र सम्प्रदायले समानरूपमा आफ्नो अस्तित्व देखाउन सक्ने सद्भावपूर्ण वातावरणसहितको समाज हो । हाम्रा मनिषीहरूले हामीलाई युगौंयुगदेखि एउटै कुरा सिकाउँदै आएका छन्, त्यो हो- एक-अर्काप्रति प्रेम र सद्भाव । यस पटकको प्रेम दिवसका अवसरमा हामी नेपालीले आफ्नो मनमा रहेका सबै प्रकारका कलुषित भावनाहरूलाई तिलाञ्जली दिंदै एक-अर्काको अस्तित्वको सम्मान गर्नुपर्छ ।**

# शिव र शक्तिको संयोजन प्रेम दिवस

डा. तुलसी भट्टराई

सृष्टिकालसँगै दुईवटा छुट्टाछुट्टै मिथक प्रतीकको कल्पना गरेर त्यसलाई मूर्तरूप दिने परम्परा चलाइएको पाइन्छ । प्राणीजगत्को सृष्टि स्त्री योनि र पुरुष लिंगको सम्मिलनबाट हुने भएकाले यी दुई तत्त्वका बीच विशेष आकर्षण पैदा गर्न शिव र शक्तिको परिकल्पना गरियो । पूर्वीय जगत्मा 'शिव' लाई लिंगका रूपमा र 'शक्ति' लाई योनिका रूपमा अर्थात् शिव र शक्तिको संयोग नै समस्त सृष्टिको आधार मानेर स्वीकार गरियो ।

आजको हाम्रो परम्परामा शिव र शक्तिपूजन अत्यन्त व्यापक छ । शिव र शक्तिको सन्तुलन गराएर विश्वसृष्टि परम्परा चलाउन वैदिककालका ऋषि-मुनिहरूले 'काम' र 'रति' को कल्पना गरेर त्यसको व्याख्या गरेका छन् । यो जोडीले अमूर्त रूपमा रहेर प्राणीजगत्का दुई भिन्न लिंगीलाई परस्पर जोड्ने काम गरिरहेको हुन्छ । रोमतिर प्रचलित भेनससँग यसको तुलना गरिन्छ ।

प्राणीमध्ये मनुष्य जगत्को मात्र विशेष खालको सामाजिक सम्बन्ध विकसित भएका कारण, प्रेम, यौन र यौनसँग सम्बद्ध विषयहरू मानिसकै सेरोफेरोमा घुम्छन् ।

मानिसका समग्र पक्षसँग यौन र प्रेमको महत्त्व हुन्छ । यौन प्रवृत्ति स्वाभाविक भएका कारण दुई विपरीत लिंगीका बीच प्रेम एवं प्रेमजन्य सम्बन्ध पनि स्वाभाविक हुन्छ ।

प्रेम अर्थात् व्यक्तिको स्वभाव एवं गुणप्रति मनमा उत्पन्न हुने आकर्षण, आत्मीयता अथवा अनुराग, रूप, गुण, स्वभाव वा यौन भावनाका कारणले स्त्री-पुरुषबीच हुने प्रीति-आकर्षण । to love, to feel affection to be in love (with) प्रेमसँग सम्बद्ध अर्थको व्यापकता छ । प्रेमलाई ईश्वरीय तत्त्व पनि भनिन्छ, अर्थात् सम्पूर्ण विश्व प्रेममा नै अडिएको छ ।

यही प्रेमतत्त्व यौनको कारण हो । हुन त प्रेमबिना पनि यौन हुनसक्छ, तर प्रेम र यौन परस्पर पूरक हुन् । यद्यपि ईश्वरसँगको प्रेम अथवा साथी, आफन्तजन र अन्य कतिपय सम्बन्धमा प्रेमसँग यौन जोडिँदैन । प्रेम व्यापक र अनन्त छ ।

यौन शब्दको पनि व्यापक अर्थ छ । यौन भन्नासाथ परस्पर समागम वा सहवास अथवा शारीरिक सम्बन्ध भन्ने बुझ्नु हुँदैन । यौनको सम्बन्ध मानसिक पनि हुन्छ, वार्ता प्रसंगसँग पनि हुन्छ, माया-प्रीतिसँग पनि हुन्छ ।

यौनभाव रहनु कुनै पाप वा अपराध होइन । यौनभाव नै जीवनको आधार हो । जीवनप्रतिको मोह हो । यौन विश्लेषकहरूको भनाइमा यौन रहेकै कारण मानव छ । यौनभावकै कारण दुई भिन्न लिंगीका बीच प्रेम,



प्रीतिजस्ता भावहरू जन्मन्छन् ।

यौनभाव भनेको अदृश्य-भित्री मानिस हो । मानिसको यो देखिने शरीरले त्यसलाई संरक्षण दिएको हुन्छ । त्यसैकारण पनि शरीर रहुन्जेल यौन रहन्छ । यौन मरेपछि शरीरको अस्तित्व पनि समाप्त हुन्छ ।

मानव सृष्टिसँगै यौन र प्रेम अथवा प्रेम र यौनको उत्पत्ति भएको कुरा जानिफकारहरूले बताएका छन् ।

प्रेम सधैं नयाँ हुन्छ । प्रेम कहिल्यै पुरानो हुँदैन, त्यसैकारण प्रेमबाट कोही पनि तृप्त हुँदैन । प्रेम लेनदेन र किनबेचको विषय होइन । प्रेम तर्क र वृद्धिभन्दा टाढा हुन्छ । प्रेम आत्माबाट हुन्छ, शरीरबाट प्रेम हुँदैन । शरीरबाट हुने प्रेम भनेको यौन हो । प्रेममा कुनै नियम र बन्धन हुँदैन । प्रेम सर्वसम्प्रभु हुन्छ, मृत्युभन्दा पनि शक्तिशाली हुन्छ । त्यसै कारण दुई सच्चा प्रेमी कसैसँग डराउँदैनन् । प्रेम नभएको मानिस सुकेको रूखको ठुटोजस्तो हो । प्रेमले समृद्धि र ऐश्वर्य खोज्दैन । प्रेमले सेवा, समर्पण र सद्भाव खोज्छ । सच्चा प्रेमीले आफूलाई बिर्सन्छ, जोसँग प्रेम गर्छ उसको मात्र कल्याण र भलाइ सोच्छ ।

प्रेमका ज्ञाताहरूका भनाइ हुन् यी । हुन पनि अधिकांश प्रेम अव्यक्त हुन्छ । आँखा अनि इसारामा हुन्छ ।

प्राचीनकालदेखि नै प्रेमप्रसँग, प्रेमी जोडीका सन्दर्भ, प्रसिद्ध प्रेम र प्रेम संयोग, प्रेम वियोग एवं प्रेमपछिका दाम्पत्य जीवन आदिका सम्बन्धमा अध्ययन गर्ने हो भने प्रेमको मूलतत्त्व एकै प्रकारको देखिन्छ । पौराणिक, ऐतिहासिक अथवा शताब्दीयता वा दशकयताका जुनसुकै प्रेम प्रसंगको सारतत्त्व एउटै र उस्तै-उस्तै देखिन्छ । मूल स्वरूप एकै खालको हुन्छ तर शैलीमा केही फरक देखिन्छ ।

मैले जान्दासम्मका प्रायः प्रेमप्रसंग अव्यक्त ढंगबाट प्रारम्भ हुन्थे । सामाजिक कठोर नियम बन्धन, जातीयताको कठोर विभाजन, परिवारबाट मात्र होइन समाज र आफ्नो बासक्षेत्रबाटै अलग्गिनुपर्ने अथवा मारिनु, मर्नुपर्ने भय र त्रासका कारण त्यसबेला धेरैजसो प्रेमप्रसंग अधुरा रहन्थे । जुन प्रेमी जोडीले साहस जुटाउँथे प्रायः ती जोडी मुग्लान भासिन्थे ।

मैले आफू केटाकेटी छँदा यस्ता कतिपय प्रेमी जोडीका कथा सुनेको थिएँ । ताप्लेजुङमा एउटा प्रेमीको आँखै निकालिएको थियो । म आफू युवा भएपछि अर्थात् साढे तीन दशकअघिसम्म पनि विवाहपूर्वका प्रेम-प्रसंगहरू इष्ट थिएनन् अर्थात् अनिष्टकै कारक बन्थे । एक-दुई साहसी जोडीका कुरा सुनिन्थ्यो-देखिन्थ्यो ।

प्रायः विवाहपछि मात्र प्रेम बढाउने अर्थात् प्रेम र यौनलाई एकाकार गराएर लानु कल्याणकारी हुन्थ्यो । कोमलता, सरसतासँगै परस्पर एकाकार हुने अभ्यासलाई प्रेम मानिन्थ्यो ।

आजको पुस्ता अत्यन्तै खुला भैसकेको छ । जातीय बन्धन खुकुलिएको हुँदा परिवारभित्र केही मनमुटाव भए पनि समाजबाट बहिष्कृत हुनुपर्दैन- प्रेमी जोडीले । विवाहपछि प्रेम थाल्नुभन्दा विवाहपूर्व नै एक-अर्कालाई राम्रोसँग चिन्ने, बुझ्ने र जाँच्ने अवसर पाउँछ- आजको पुस्ताले ।

यता केही वर्षदेखि प्रारम्भ भएको 'प्रेमदिवस' ले प्रेमी युवापुस्तामा अझ जोस भरेको छ । यद्यपि हाम्रो समाजमा मदन उत्सव, रत्यौली, धाननाच, रोदीसहित अन्य विभिन्न प्रकारका प्रेम जनाउने र प्रेम जगाउने जात्रा, मेला एवं उत्सवहरूका परम्परा कायमै छन् ।

यद्यपि यतिबेला विकसित भ्यालेन्टाइन डे अर्थात् प्रेम दिवसको रौनक नै अर्कै । प्रेमको नयाँ शैली र काम-रतिको नयाँ अवतारका युगल प्रेमी जोडीको महत्त्व नै अर्कै ।

प्रेम र यौन परस्पर पूरक हुँदाहुँदै पनि यौनको हृदय र मन-भावलाई पहिले बुझिसकेपछि शरीरभावतिर लान सकियो भने जीवन साँच्चै सार्थक हुनेछ । तसर्थ प्रेम-यौनलाई स्वछन्दता र उच्छृंखलातिर नडोऱ्याउनु नै राम्रो हुन्छ । सन्तुलित, व्यावहारिक, नैतिक र पारिवारिक मर्यादालाई पनि ध्यानमा राखेर प्रेम र यौनलाई साँचो निःस्वार्थ एवं आत्मिक-हार्दिक रूपमा प्रयोग गर्न सक्दा 'प्रेम दिवस' मनाएको सार्थक हुनेछ । साँचो अर्थमा शिव र शक्तिको संयोजन हुनेछ ।

## विचार

प्रेम एउटा भूत हो जसका बारेमा सबै कुरा गर्छन् तर यसको दर्शन धेरै कमले पाउँछन् ।

**–अलेक्जेन्डर द ग्रेट**

प्रेम पारस्परिक हुन्छ ।

**–मैकमर**

सर्वोत्कृष्ट मैत्री नै प्रेमको सार हो, प्रेमको सम्मिलित रूपले उत्तरदायित्व बहन गर्छ, आनन्दको अनुभूति गर्ने तथा महत्त्वपूर्ण कार्यको योग दिने अवसर प्रदान गर्छ । प्रेमका लागि संवेगात्मक निष्कपटता एवं गहिराइ अपेक्षित हुन्छ ।

**–हार्नी**

प्रेमको स्पर्शले कुनै पनि व्यक्ति कवि बन्छ ।

**–अफलातून**

जहाँ प्रेम छ त्यहाँ जीवनको सही रूप छ ।

**–एरिस्टोटल**

प्रेम समर्पण एवं जिम्मेवारीको अर्को नाम हो ।

**–बेकन**

मानिसले कुनै यस्तो व्यक्तिको कामना गर्छ जसले एउटा स्वतन्त्र व्यक्तिका रूपमा उसको मायालाई स्वीकार गरोस् । उसको यही इच्छाले नै उसको प्रेमको पहिलो द्वार खुल्छ । जब त्यस्तो व्यक्ति फेला पर्छ तब मनभित्र दबिएर बसेका भावनाहरू प्रस्ट रुपमा बाहिर आउँछन् ।

**–बेंकर्ट**

## शुक्रनीति

- स्त्रीको हत्या गर्नु, विवाहबाट वर्णसङ्कर उत्पन्न गर्नु, परस्त्री गमन गर्नु, चोरी गर्नु, पति बाहेक अरू पुरुषबाट गर्भ धारण गर्नु, कठोर वचन बोल्नु, बोल्न नहुने कुरा बोल्नु, कठोर दण्ड दिनु, गर्भ पतन गर्नु आदि गम्भीर अपराध हुन् ।
- श्रीमती बनाउनका लागि आफ्नो गोत्रभन्दा फरक गोत्रकी, आफ्ना दाजुभाइसँग मिल्ने, राम्रो कुलमा जन्मिएकी, कुनै यौनरोग नलागेकी अर्थात् दुर्गुण नभएकी माताको कोखबाट जन्मिएकी केटी विवाह गर्नु राम्रो हुन्छ ।
- यदि कुनै पुरुषसँग दुई स्त्री छन् वा कुनै पोथी पशुसँग दुई वा त्योभन्दा बढी भाले छन् भने तिनलाई राख्नुहुँदैन । किनभने मानिसमा एकभन्दा बढी स्त्री र अरू पशुमा एकभन्दा बढी भाले एकै ठाउँमा रहन सक्दैनन् ।
- जो व्यक्ति एउटा कार्यभार लिएर पनि अर्को अधिकारमाथि प्रभुत्व जमाउन खोज्छ, जो एउटी श्रीमती हुँदाहुँदै अर्को विवाह गर्छ, अरूमाथिको विश्वासमा निर्भर गर्छ, धनको आशा भएर पनि काम नगरी अल्छी बन्छ, स्त्रीको अधीनमा मात्र रहन्छ, जो चोरी, परस्त्रीगमन तथा आतातायी आदि विषयमा साक्षी बस्छ वा साक्षी बयान माग्दै हिंड्छ भने त्यो व्यक्ति मूर्ख हो ।
- धेरै मानिसले परस्त्रीसँग प्रेम गरेर आफ्नो विनाश गरेका छन् । उदाहरणका लागि इन्द्र, दण्डक्य, नहुष र रावण प्रसिद्ध छन् ।
- यौवन, जीवन, धन, छायाँ, लक्ष्मी एवं प्रभुत्व यी छ चीज चञ्चल छन् भन्ने जानेर आफ्नो धर्ममा रहन सक्नुपर्छ ।

## तीतो सत्य

- प्रेम एउटा यस्तो वस्तु हो, जसले मानिसलाई आफ्नो बनाउँछ ।
- धोका र विछोड प्रेमको उद्देश्य होइन ।
- प्राप्ति मात्र प्रेम होइन, त्याग पनि प्रेम हो ।

**देवेन्द्र कायस्थ, हाल : बनेपा**

- मन पाउनलाई धनको होइन, मनको नै प्रयोग गर्नुपर्छ ।
- प्रेमले प्रेम के हो भन्ने ज्ञान नभएकाहरूलाई मात्र धोका दिन्छ ।
- प्रेम कहिल्यै मर्दैन, हिजो पनि अमर थियो, आज पनि छ, भोलि पनि अमर नै रहनेछ ।
- प्रेमको अवस्थाअनुसार परिभाषा बुझ्ने हो भने 'प्रेम' सजिलो विषय बन्न पुग्छ ।
- स्वच्छ प्रेमको नाममा अवैध सम्बन्ध रुचाउनेहरू, प्रेमको चारित्र हत्यारा हुन ।

**कृष्णजी थापा, भक्तपुर**

- प्रेममा अविश्वास मिसावट भए सम्बन्ध टुट्छ ।

**लीला महतरा, मूर्तिया, धनकुटा**

- माया गर्ने व्यक्तिभन्दा माया पाउने व्यक्ति भाग्यमानी हुन्छ ।
- जसले प्रेम गर्दा आफ्नो रूप, अंग, जातभात अनि स्तर हेर्छ, उसले प्रेममा पछुताउनु पर्दैन ।

**दिनेश टि मगर**

- अविश्वासको रूखमा विश्वासको फल फल्दैन ।
- फूल टिप्नेले काँडाको डर मान्नु हुँदैन ।
- प्रेम सबै कुरा सहन सक्छ, तर उपेक्षा सहन सक्दैन ।
- शारीरिक आकर्षणलाई प्रेमको परिभाषाभित्र नराख, प्रेम त पवित्र एवं निश्चल हुन्छ ।
- साँचो प्रेममा कसम होइन, विश्वास हुनुपर्छ ।

**उमेश बोगटी**

- प्रेमका सामु संसारको जुनसुकै शक्ति पनि झुक्छ तर प्रेमी र प्रेमिका कहिल्यै झुक्दैनन् ।
- पूर्ण समर्पण भाव नहुन्जेलसम्म प्रेम गर्नुहुँदैन ।

**– उदासी अनु, पोखरा**

- मायाको सुरुवात प्राप्ति हो भने त्यसको अन्त्य नै त्याग हो ।

**– पेशल आचार्य**

- यदि तिमी कसैसँग गहिरो प्रेम गाँस्दैछौ भने तिमी आफ्ना बारेमा जति सोच्छौ त्यसको सयौं गुणा प्रेमिकाका बारेमा सोच ।

**– मेघप्रसाद तिवारी**

- सच्चा प्रेममा धोका भन्ने शब्द हुँदैन ।
- माया यस्तो चीज हो जसले पागललाई सज्जन बनाउँछ ।
- प्रेममा ओठले बोलेको भन्दा आँखाले बोलेको कुरा प्रभावकारी हुन्छ ।

**ऐश्वर्य श्रेष्ठ, जरायोटार, भोजपुर**

*तीतो सत्य स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन पाठकहरूसँग हार्दिक अनुरोध छ ।* **–सम्पादक**

# प्रेम दुई विपरीत ध्रुवलाई जोड्ने रसायन हो



**डीपी भण्डारी प्राध्यापक, लेखक एवं युवाहरूका प्रिय मात्र रहेनन्, उनलाई साप्ताहिकका पाठकले एक गम्भीर चिन्तकका रूपमा पनि महसुस गर्न थालेका छन् । जीवन–जगत्‌लाई सामान्यभन्दा फरक आँखाले हेर्ने भण्डारीको चिन्तन उनको लेखनमा प्रस्टि हुन्छ । यिनै चिन्तनका कारण उनीमाथि दुर्बोध्य लेखनीको आरोप पनि लाग्ने गरेको छ । भण्डारी साहित्य, कला, संगीत, इतिहास, राजनीति हुँदै अहिले आध्यात्मिक चिन्तनको गहिराइमा डुब्न थालेका छन् तर पनि उनी साप्ताहिकका पाठकमाझ प्रेमचिन्तकका रूपमा बढी चिनिन्छन् । उनको यही प्रेमदर्शनलाई भण्डारी स्वयंले प्रणय दिवसको अवसर पारेर साप्ताहिकसँग साटेका छन् । आफ्ना जीवनका ६ दशकसम्म सम्हालेर राखेका प्रेमदर्शन, प्रेमप्रसङ्ग, प्रेमयौन, प्रेमपीडा आदि घटना, दुर्घटना तथा अनुभवहरू खोल्ने क्रममा भण्डारीले भने, 'मेरो जीवनमा बाल्यकालदेखि नै प्रेमको गहन छाप परेको छ– एक अविस्मरणीय अनुभूति । यतिखेर प्रेम मेरा लागि अध्यात्म बनेको छ । म यही प्रेममा लीन हुँदैछु ।'**



**साप्ताहिक : संसार प्रेममा अडिएको छ भनिन्छ, त्यसो हो भने प्रेम नभए संसार रहने थिएन ?**

**डीपी भण्डारी** : प्रेमको विपरीत अर्थ घृणा हो । घृणाले जहिले पनि तोड्छ । प्रेमले जोड्छ । घृणाले मानिसहरूबीच फुट हुन्छ तर प्रेमले मानिस-मानिसलाई जोड्ने मात्र होइन, मानिसकै उत्पादन गर्छ । आज संसारमा यति धेरै मानिस छन्, ती सबै यही प्रेमले जोडिएका हुन् ।

**साप्ताहिक : एउटी महिला सधैं असल पुरुषको खोजीमा हुन्छे, अनि पुरुष आकर्षक महिलाको खोजीमा हुन्छ, किन होला ?**

**भण्डारी** : ग्रीक मिथोलोजीअनुसार पहिले पुरुष तथा नारीको संयुक्त शरीर भएका एउटै ईश्वर थिए । पछि श्रापका कारण दुवै एक-अर्काबाट छुट्टिनुपऱ्यो । उनीहरूले युगौंयुगसम्म आफ्ना छुट्टिएका शरीरलाई खोजे तर फेला पार्न सकेनन् । तिनै इश्वरका सन्तान भएकाले एउटा पुरुष सधैं ती दिव्य महिलाको खोजीमा हुन्छ, महिला त्यही आकर्षक पुरुषको खोजीमा हुन्छिन् । हिन्दू मिथोलोजीले पनि अर्धनारीश्वर शिवको कुरा गरेको छ । यसबाट के भन्न सकिन्छ भने पुरुष पनि नारीकै अंश हो, नारी पनि पुरुषकै अंश हो । त्यसैले युगौंदेखि हामी एक-अर्काको खोजी गरिरहेका छौं ।

**साप्ताहिक : त्यो खोजी केका लागि भैरहेको छ, त्यो चीज के हो ?**

**भण्डारी** : त्यही प्रेम हो, त्यो प्रेमको खोजी हो ।

**साप्ताहिक : त्यसो भए प्रेमचाहिं के हो त ?**

**भण्डारी** : प्रेम एक गुरुत्वाकर्षण हो । जसरी पृथ्वीले पृथ्वीवासीलाई तानेकी छिन् । सूर्यले पृथ्वीलाई तानेको छ । एकले अर्कालाई तानेका छन् । यो तनाइ प्रेम हो । अर्को अर्थमा भन्दा प्रेम दुई विपरीत कुरालाई जोड्ने रसायन हो ।

**साप्ताहिक : कुनै मानिस कसैलाई प्रेम गर्छ भन्ने कुरा कसरी थाहा पाउने ?**

**भण्डारी** : जब मानिस प्रेममा पर्छ तब ऊ काव्यात्मक हुन्छ । जतिसुकै लाटो होस् प्रेममा परेपछि उसमा तरङ्ग उत्पन्न हुन्छ । उसमा बाँच्ने आशा जाग्छ । यसबाट के बुझिन्छ भने प्रेममा पर्नुअघि मानिस बाँचेको त हुन्छ तर ऊ सजीव हुँदैन ।

**साप्ताहिक : कतिपय युवायुवती प्रेम गरेर पनि वा विवाह गरेर पनि सन्तुष्ट हुँदैनन्, प्रेमको प्राप्तिपछि एक–अर्कामा सन्तोष गर्नुपर्ने होइन र ?**

**भण्डारी** : हामी सामाजिक बन्धनमा छौं । सामाजिक बन्धनका कारण हामी त्यही समाजभित्र आफ्नो प्रेमको खोजी गर्छौं । जो प्राप्य भयो त्यही नै आफ्नो प्रेम हो भन्ने मान्छौं । यो कृत्रिम प्रेम हो । प्रेमको खोजी त्यति सजिलो सम्भव छैन । प्रेमी वा प्रेमिका फेला पार्नुअघि प्रेम के हो बुझ्नुपर्छ । प्रेमका धेरै तह हुन्छन् । त्यो तहलाई बुझेपछि मात्रै मानिसले वास्तविक प्रेम फेला पार्न सक्छ ।

**साप्ताहिक : त्यसो भए प्रेमका तह कति छन् ? प्रेमलाई कसरी चिन्ने ?**

**भण्डारी** : प्रेम अपरिभाष्य छ । त्यसैले यसका तह पनि चिन्तकअनुसार फरक छन् । यति भन्न सकिन्छ, बुद्धको प्रेम अन्तिम प्रेम हो । त्योभन्दा माथिल्लो तहको प्रेम हुन सक्दैन । आमाले छोराछोरीलाई गर्ने प्रेम पनि लौकिक हो । यो प्रेम आशक्तिबाट उत्पन्न हुन्छ । लौकिकमध्ये यो स्वस्थ प्रेम भएकाले आमाको प्रेम उच्च प्रेममा गनिन्छ । युवायुवतीको प्रेम आशक्ति एवं कामवासनाबाट निसृत प्रेम हो । मेरो विचारमा सबैभन्दा कमजोर प्रेम भौतिक प्रेम हो । वासनात्मक प्रेम स्वार्थको प्रेम हो ।

**साप्ताहिक : तपाई के भन्दै हुनुहुन्छ भने युवायुवतीले गर्ने प्रेम उच्चकोटीमा पर्दैन, के उनीहरूले गर्ने प्रेम महान् हुँदैन ?**

**भण्डारी** : होइन, बुद्धले लौकिक जीवनमै अलौकिक प्रेम गरे । उनले यहीं पृथ्वीमा बसेर प्रेमको शैली सिकाए । हामीले गर्ने प्रेम पनि त्यो महान् प्रेम बन्ने सम्भावना हुन्छ तर हामी त्यसको शक्ति चिन्दैनौं, अथवा हामी त्यसलाई आफ्नै संकीर्ण सोचका आधारमा विश्लेषण गर्छौं ।

**साप्ताहिक : त्यसो भए हामीले महान् भन्ने गरेको लैला–मजनुजस्ता अमर प्रेमकथाको कुनै अर्थ छैन ?**

**भण्डारी** : अहिलेको पुस्ताले गर्ने प्रेमको तुलनामा ती प्रेम महान् थिए, त्यसैले हामी उनीहरूलाई सम्झिरहेका छौं । हजारौं वर्षदेखि भएका करोडौं जोडी प्रेमी-प्रेमिकामध्ये हामी केहीको मात्रै इतिहास पढ्न पाउँछौं, किनभने बाँकी करोडौं जोडी स्वार्थका जोडी थिए । उनीहरू स्वार्थका लागि एक-अर्कालाई प्रेम गर्थे ।

केही समयअघि मैले एउटा घटनाका बारेमा सुनें । शैलेन्द्र ढकाल आँखा देख्दैनन् तर उनलाई अङ्ग्रेजीमा स्नातकोत्तर अध्ययन पूरा गरेकी असाध्य राम्री युवतीले विवाह गरिन् । ती युवतीलाई थाहा छ, उनको सौन्दर्यको बखान गर्न शैलेन्द्र असमर्थ छन्, तैपनि युवती मन खोलेर शैलेन्द्रलाई प्रेम गर्छिन् । उनकै प्रेमका कारण आज शैलेन्द्रको जीवन स्वर्गतुल्य छ । यस्ता एक-दुई उदाहरण दिन सकिन्छ तर सबै प्रेम महान् हुन सक्दैनन् ।

**साप्ताहिक : प्रेमको महान्‌ताका कथा धेरै होलान् तर यस्तो उदाहरण दिन सकिन्छ, जसलाई प्रेमले इतिहास पनि परिवर्तन गर्न सक्छ भन्न सकियोस् ?**

**भण्डारी** : पश्चिममा पास्कल नामका ठूला दार्शनिक के भन्छन् भने क्लियोपेट्राको नाक अलि ठुलो वा सानो भैदिएको भए संसारको इतिहास नै अर्कै हुन्थ्यो । रोमका सेनापति जुलियस सिजर क्लियोपेट्रासँग प्रेम गर्थे । क्लियोपेट्रा सिजरलाई यति सुन्दर लाग्थिन्, जसलाई पाउन सिजर जुनसुकै मूल्य चुकाउन तयार थिए । यही प्रेमले सिजरलाई इजिप्टको सम्राट मात्र होइन, रोमन सम्राज्यकै सम्राट बनायो । क्लियोपेट्राकै प्रेमका कारण आज पश्चिमको प्राचीन इतिहास फरक धारमा हिंडेको प्रस्ट देख्न सकिन्छ ।

**ग्रीक मिथोलोजीअनुसार पहिले पुरुष तथा नारीको संयुक्त शरीर भएका एउटै ईश्वर थिए । पछि श्रापका कारण दुवै एक–अर्काबाट छुट्टिनुपऱ्यो । उनीहरूले युगौंयुगसम्म आफ्ना छुट्टिएका शरीरलाई खोजे तर फेला पार्न सकेनन् । तिनै इश्वरका सन्तान भएकाले एउटा पुरुष सधैं ती दिव्य महिलाको खोजीमा हुन्छ, महिला त्यही आकर्षक पुरुषको खोजीमा हुन्छिन् । हिन्दू मिथोलोजीले पनि अर्धनारीश्वर शिवको कुरा गरेको छ । यसबाट के भन्न सकिन्छ भने पुरुष पनि नारीकै अंश हो, नारी पनि पुरुषकै अंश हो । त्यसैले युगौंदेखि हामी एक–अर्काको खोजी गरिरहेका छौं ।**

**साप्ताहिक : साहित्यको इतिहास पनि प्रेमले परिवर्तन भएको उदाहरण धेरै छन् । त्यसमध्ये उत्कृष्ट उदाहरणका रूपमा कसलाई प्रस्तुत गर्न चाहनुहुन्छ ?**

**भण्डारी** : पाश्चात्य साहित्यका प्रसिद्ध समालोचक मिडिल्टन मरे भन्छन्– 'यदि जोन किट्सको उचाइ एक इन्च बढी भैदिएको भए अङ्ग्रेजी साहित्यको इतिहास भिन्न हुन्थ्यो ।' यसको अर्थ के हो भने किट्स एउटी युवतीलाई असाध्यै चाहन्थे तर ती युवतीले किट्सलाई पुड्के भनेर छाडिदिई । पुड्के भनेर हेपिएका किट्सले त्यही रनाहमा यस्ता कृति संसारलाई दिए जसले उनलाई मात्र होइन, पूरै अङ्ग्रेजी साहित्यलाई अग्लो बनाइदियो ।

**साप्ताहिक : प्रेममा यौनको आवश्यकता छ कि छैन ?**

**भण्डारी** : यौन प्रेमसम्म पुग्ने खुड्किलो हो । प्रेमका अघिल्तिर यौन निकै फिका हुन्छ, तर कतिपय अवस्थामा यौन आकर्षणबाटै महान् प्रेम हासिल भएको उदाहरण छ ।

बाँकी पृष्ठ ६ मा

**सीपमुलक तालिममा भर्ना खुल्यो**

फ्रेण्ड्स क्लब कुपण्डोलद्वारा सञ्चालित बुनाई तालिममा भर्ना खुल्यो ।

तालिम शुरुहुने मितिः२०६३/११/१ देखि

सम्पर्क स्थानःफ्रेण्ड्स क्लब कुपण्डोल, हनुमानस्थान ललितपुर-१०

सम्पर्क फोनः ५५२७७४५, ९८४१३१२६९२



# खुला आकाश अनि खुला प्रेम

काठमाडौं – वातावरणको कारण देखाएर राजधानीबाट हटाइएको कालो मिटरवाला ट्याम्पु आजभन्दा १०-१२ वर्षअघि प्रेमी-प्रेमिकाको साथी बनेको थियो । त्यही कालो ट्याम्पु नै प्रेमी-प्रेमिकाको डेटिङ स्पट थियो । जुन बेला राजधानी अहिले जस्तो खुला प्रेमको जञ्जालले भरिएको थिएन । त्यति बेला सार्वजनिक स्थानमा बसेर प्रेमालाप गर्नु भनेको समाजको अवहेलना गरेको मानिन्थ्यो । अहिलेको जस्तो खुला हृदयको समाज पनि थिएन त्यो बेला । मानिसमा संकुचित भावनाले डेरा जमाएको थियो ।

त्यति बेलाको प्रेम केटा र केटीबीच सीमित हुन्थ्यो । न उनीहरूका परिवारले सुइँको पाउँथे, न त समाजले नै । कालो ट्याम्पुको सयरबाट आफ्नो प्रेम सुरु गरे राजन र सविताले । समाजको संकुचित घेरा नाघेर भए पनि अहिले उनीहरू वैवाहिक जीवन व्यतीत गर्दैछन् । हाम्रो समयमा त खुला प्रेम गर्नु भनेको गाई मारे बराबर नै मानिन्थ्यो- अँगालोभरिको छोरो खेलाउँदै सविता भन्छिन् । तर पनि समाजको अवरोधको परवाह नगरी हामीले आफ्नो प्रेमलाई सफल बनाएरै छाड्यौं ।



जसरी समाजिक संरचनामा परिवर्तन आउँदै जान्छ, त्यसरी नै त्यहाँ रमेका मानिसहरूमा पनि परिवर्तन आउँछ । यसरी अहिलेको जस्तो परिवर्तित समाजको गन्ध नभेटेको त्यो बेलाको समाजमा पनि प्रेमका गाथाहरू गाइन्थे जुन आजभोलिको भन्दा सयौं गुणा फरक हुन्थ्यो । आजभन्दा १२ वर्षपहिले कक्षा ८ मा पढ्दादेखि नै इनाको मुस्कानमा फसेका केशव विगतलाई सम्झँदा निकै आनन्द मान्छन् ।

आफ्नो पहिलो प्रेम जुन बेला उनलाई प्रेमको नालीबेली केही थाहा थिएन, त्यो बेलाको पहिलो भेट स्मरण गर्दै केशव भन्छन्- हाम्रो पहिलो भेट पुतलीसडकको एउटा गल्लीमा भएको हो । जहाँ हामीले जम्मा पाँच मिनेटको समय बिताएका थियौं । एक-अर्काको मुख हेराहेरमा मात्र सीमित भयो पहिलो भेट । पहिलो भेटपछि यो प्रक्रिया बढ्दै गएको बताउने केशव अन्तिम भेटको सम्झना गर्दै धुलिखेलको डाँडाको परिक्रमा गर्न भ्याएको बताउँछन् ।

धुलिखेलको डाँडाको सयरपछि केही मत्थर हुँदै गएको उनीहरूको प्रेमले अहिले चट्टै बाटो बिराएको छ । उनीहरूले आफनो मार्मिक प्रेमकथालाई पूर्णता दिन नसके पनि एक-अर्कालाई भुल्न भने सकेका छैनन् । अहिले उनीहरूबीच सम्झना मात्र बाँकी छन् । त्यो समयको डेटिङ अनि कुराकानी अहिले पनि मेरो मुटुमा आलै छ । केशव भन्छन्- म आफ्नो पहिलो प्रेमको आरोह-अवरोह कसरी भुल्न सक्छु र ? उनको भनाइमा अहिले प्रेम गर्न निकै सजिलो छ ।

केटाकेटी जहाँ पनि निर्धक्कसँग गफ गरेर बसिरहेका हुन्छन् । न त उनीहरूलाई समाजले केही भन्छ, न उनीहरू समाजको परवाह नै राख्छन् । धेरै छुट दिएको छ अहिलेको समाजले यस्ता युगलजोडीलाई । आफ्नो पालामा भने स्थिति त्यसको ठीक विपरीत रहेको बताउने केशव आफूले निर्धक्कसँग प्रेम गर्न नपाएकोमा खिन्नता पनि व्यक्त गर्छन् । हाम्रो समयमा पनि अहिलेको जस्तो भैदिएको भए सायद हाम्रो प्रेम पनि सफल हुन्थ्यो कि ? अहिलेका किशोर-किशोरीहरूको हाउभाउ नै मनमोहक छ । उनी मुख मिठ्याउँदै भन्छन्- पहिले प्रेम गर्दा अनुहार हेरेर चित्त बुझाउनुपर्थ्यो, अहिले धीत मारेर एक-अर्कामा हराउन पाइन्छ ।

अर्कातिर सन्तोष भन्छन्- म उनलाई मिस गरिरहेको छु । आफ्नी गर्लफ्रेन्डलाई नपाउनु नै मेरा लागि ठूलो दुःख हो तर यो रोदन धेरै समयसम्म टिक्न सकेन । उनी दिउँसो ४ बजेतिर घरबाट सीधै गौशालास्थित होटल द्वारिकाजको गल्लीमा आफनो नवप्रेमिकालाई भेट्न गए । जुन स्थान उनीहरूको भेट गर्ने उत्तम ठाउँ रहेछ ।

उनीहरू बत्तीसपुतलीबाट भीमसेन गोला सरेको कलेजका छात्र-छात्रा थिए । उनीहरूको नाम- सन्तोष र ममिता । यो बिदामा मात्र जम्माजम्मी पाँच पटक भेट भएको बताउने उनीहरूको घर भने कालोपुल र बानेश्वर रहेछ । कलेजमा पढ्दादेखि प्रेममा फसेको यो नवजोडीको प्रेम भने कलेजमा पढ्दा देखी नै सामान्य बोलचालका आधारमा भएको रहेछ । यसरी कलेजमा पढ्दा सामान्य बोलचालको अवस्थामै उनीहरू एक-आपसमा तानिइसकेका रहेछन् ।

आ-आफ्नो लजालु स्वभावले गर्दा उनीहरूबीच भित्रै गुम्सिएको प्रेमजालो बाहिर आउन भने पाएको थिएन, तर उनीहरूबीचको प्रेमको जालो फुकाउने काम भने ममिताकी मित्र सञ्जिताले गरेकी थिइन् । सञ्जिता नै हामी दुईबीचको पुल थिइन्, अलि लजालु पारामा ममिता बताउँछिन् ।

कालो पुलका सन्तोष र बानेश्वरकी ममिताले आफनो प्रेमको थलोका रूपमा गौशाला क्षेत्रको गल्लीलाई नै किन रोजेका रहेछन् त भन्ने प्रश्न गर्दा एकान्तमा आफ्नी मायालुको प्रतीक्षामा बसिरहेका सन्तोष हौसिंदै उत्तर दिन्छन्- एकान्त छ, आक्कल-झुक्कल मात्र मानिसहरूको आवागमन हुन्छ । हामीहरूबीच कुनै बाधा-अड्चन आउँदैन ।

प्रेम अन्धो हुन्छ भन्ने कुरा त सर्वविदितै छ । न यसमा उमेरको छेकबार हुन्छ, न जातको छेकबार नै । यही मिलन परिबन्धमा परेर कतिले प्रेमलाई सफल बनाएका हुन्छन् भने कति असफलताको रेखा कोर्न पनि बाध्य हुन्छन् ।

उमेरले ३५ नाघेका संजोग यही वैशाखमा आफ्नो प्रेमलाई सफल पार्ने तयारीमा लागेका छन् । उनीहरूको विवाह वैशाखमा हुँदैछ । राजधानीको कुनै एक बैंकमा कार्यरत संजोग आफनो कार्यव्यस्तताको थकान हँसिली र मायालाग्दी भर्खर २० मात्र टेकेकी गर्लफ्रेन्डको मुहारले एकै झट्कामा मेटिने कुरा बताउँछन् । आफूलाई मनपरेको वस्तु र मनपरेको मानिसको कुनै पनि स्वभावलाई आत्मसात् गर्न मानिस पछाडि पर्दैन । उनीहरू हरसम्भव आफू दुईबीचको इच्छालाई नमार्ने कसरत गरिरहेका हुन्छन् ।

यसरी दिनभरि कम्प्युटर, ल्याङ्वेज र विभिन्न भाषाको अध्ययनमा व्यस्त रहने दीक्षाको सम्पूर्ण थकान साँझ ५ बजे हुने उनको दैनिक डेटिङले मेटाउँछ । उनीहरू प्रायःजसो बानेश्वरको क्याफे र पशुपतिवरिपरि घुमेर समय काट्छन् । रेस्टुराँको फराकिलो बेन्चमा एक-आपसमा गाला जोडेर भलाकुसारी गर्न पाउँदाको आनन्द नै अर्कै हुन्छ । तपाईंहरूले किन क्याफेलाई नै रोज्नुभयो ? प्रेमीहरू एकै स्वरमा हाँस्दै बताउँछन्- अरू स्थानको तुलनामा यो स्थान सुरक्षित र एकान्त छ । प्रेम आफैंमा नितान्त एकल हुन्छ । त्यसैले यसले एकल स्थान नै बढी मन पराउँछ ।

एकान्तको खोजीमा भौंतारिने यस्ता युगल जोडीहरूको समूह गोदावरी पार्क, दक्षिणकालीको जंगल, सुन्दरीजलको खोलाको ढुङ्गा, कार्यविनायकको जङ्गल, थानकोटको पार्क, पशुपति-गुह्येश्वरी वरिपरि र राजधानीमा खुलेका विभिन्न साना-ठूला रेस्टुराँ एवं होटलहरूमा नै बढी भेटिन्छ ।

**सुधीर नेपाल**

# प्रेम दुई विपरीत ध्रुवलाई जोड्ने रसायन हो

**पृष्ठ ५ बाट जारी**

**साप्ताहिक : यौन आकर्षणबाटै महान् प्रेम हासिल भएको कुनै उदाहरण छ ?**

**भण्डारी :** प्राचीन बिहार राज्यको वैशाली नगरमा वसन्तसेना नामकी एक अद्भुत सुन्दरी नगरबधू थिइन् । उनको ठूलो इज्जत थियो । एक दिन उनको महलको छेउको बाटो हुँदै अत्यन्त तेजस्वी बौद्ध भिक्षु बिज गुप्त कतै जाँदै थिए । बिज गुप्तको आकर्षक मुख मण्डल देखेर वसन्तसेनालाई ती युवकसँग शारीरिक सम्पर्कको इच्छा भयो ।

केही दिनपछि बिज गुप्त त्यही बाटो भएर फर्कंदा उनले आफू ती युवकको प्रेममा परेको कुरा बताइन् । गुप्त बौद्ध भिक्षु भएकाले वसन्तसेनाको इच्छा त पुरा गरेनन् तर भिक्षुले केही समयपछि प्रेम गर्न आउने वचन दिए । लामो समय बित्यो । ती सुन्दर नगरबधू बूढी मात्र भैनन्, रोगी पनि हुन थालिन् । उनले कमाएको सम्पत्ति सकिँदै गयो । उनी एक्ली हुन थालिन् । त्यो कुरा थाहा पाएर बिज गुप्त ती नगरबधूकहाँ आए । वसन्तसेनाको सेवा गरे । उनलाई साँचो माया गरे । अन्त्यमा ती नगरबधूले बिज गुप्तकै काखमा देहत्याग गरिन् ।

**साप्ताहिक : यौनसम्पर्कबिना प्रेम गर्ने कुनै जोडी सुन्नुभएको छ ? यौनसम्पर्कबिना पनि प्रेमी-प्रेमिका वा श्रीमान्-श्रीमती हुन सकिन्छ अथवा यो प्रश्न नै निरर्थक हो ?**

**भण्डारी :** लोग्नेमान्छे र स्वास्नीमान्छेबीच यौनसम्पर्क हुनु प्रकृतिको कुरा हो । यति हो कि यो प्रकृतिप्रदत्त कुरालाई कति दुरुपयोग अथवा सदुपयोग गर्ने भन्ने कुरा ती जोडीको हातमा हुन्छ । पशुहरू पनि प्राकृतिक प्रेम गर्छन् तर उनीहरू यौनसम्पर्क त्यो बेला गर्छन् जुनबेला उनीहरूलाई प्राकृतिक रूपमै यौनेच्छा हुन्छ अथवा सन्तानको चाहना हुन्छ । मानिस मात्र बाऱ्हमासे जनावर हो । तर महान मानिसमा केही अपवाद पनि पाउन सकिन्छ । रामकृष्ण परमहंस तथा माँ सारदाबीचको प्रेममा कुनै किसिमको भौतिक आकर्षण थिएन ।

**साप्ताहिक : अरू कुनै उदाहरण छ ?**

**भण्डारी :** महात्मा गान्धी सानैदेखि अत्यन्त कामुक मानिस थिए । १३ वर्षकै उमेरमा बिरामी बुवाको हेरचाह गर्न छाडेर उनी श्रीमतीसँग लहसिन्थे । तर जव उनमा परिपक्वता आयो, आफ्नी श्रीमती कस्तुरवासँग यौनसम्पर्क नराख्ने व्रत गरे । त्यसयता उनी श्रीमतीसँग एउटै कोठामा सुत्थे तर कहिलै यौनसम्पर्क राखेनन् । भारतको राजनैतिक इतिहास अध्ययन गर्दा के थाहा हुन्छ भने गान्धी आफ्नी श्रीमतीलाई यति धेरै माया गर्थे कि उनको माया अतुलनीय थियो । गान्धीकी श्रीमती पनि श्रीमान्को हरेक कुरालाई उत्तिकै महत्त्व दिन्थिन् । यौनसम्पर्क नराखेकै कारण गान्धीकी श्रीमती कस्तुरवाले कहिल्यै प्रेममा कमी आउन दिइनन् । आजभोलि श्रीमान्बाट सन्तुष्टि नपाएका कारण पारपाचुके भएका घटना सुन्दा गान्धी र उनकी श्रीमतीको प्रेम कस्तो थियो भन्ने कौतूहलता जाग्छ । गान्धीलाई एकै पटक ३५ वर्षपछि ७० वर्षको उमेरमा आफ्नो जनेन्द्रिय केही कडा भएको महसुस भयो, तैपनि उनले श्रीमतीसँग यौनसम्पर्क राखेनन् ।

**साप्ताहिक : तपाईंले आफ्नो जीवनका अघिल्ला चरणमा फर्केर हेर्नुभयो भने पहिले प्रेम आउँछ कि यौन ?**

**भण्डारी :** पहिले प्रेम नै आउँछ, आमाको प्रेम । तर युवायुवतीको प्रेमको कुरा गर्नुहुन्छ भने मैले आफ्नो जीवनको किशोर अवस्थामा पुग्दा नपुग्दै १८-२० वर्षकी युवतीको यौनावेगको सिकार हुनुपऱ्यो ।

**साप्ताहिक : कसरी ?**

**भण्डारी :** हाम्रो छिमेकीकहाँ विवाह थियो । सबै लोग्नेमानिस जन्ती गएका थिए । महिलाहरू रत्यौली खेल्न थालें । एउटी युवती मेरो कोठामा पसेर मलाई उठाएर युवतीको समूहमा पुऱ्याइन् । त्यसपछि त्यही भयो जुन नहुनुपर्थ्यो ।

**साप्ताहिक : पहिलोपल्ट कहिले युवतीसँग प्रेम गर्नुभयो ?**

**भण्डारी :** १६ वर्षको उमेरमा । म देहरादून पढ्न गएको थिएँ । एउटी पञ्जावी बूढीकहाँ पढ्न बसेको थिएँ, तिनकै नातिनीसँग प्रेम भनौं कि यौनआकर्षण, त्यस्तै केही भयो । हामी लुकी-लुकी कुरा गर्थ्यौं ।

**साप्ताहिक : तपाईंको निबन्धमा अनुराधा नामकी भारतीय युवतीको चर्चा निकै हुन्छ, ती को हुन् ?**

**भण्डारी :** उनी मसँगै बीए पढ्दाकी सहकर्मी हुन् । उनीसँग मेरो आदर्श प्रेम भएको थियो । विवाहसम्मको कुरा भयो तर जात पनि नमिल्ने, भाषा पनि नमिल्ने, देश पनि नमिल्ने भनेर घरले त्यो प्रेमलाई अस्वीकार गऱ्यो ।

**साप्ताहिक : त्यसो भए प्रेम एकपटक हुन्छ कि पटक-पटक ?**

**भण्डारी :** आकर्षणको प्रेम पटक-पटक हुन्छ । हरेक पटक मानिस यही नै वास्तविक प्रेम हो भन्छ तर त्यो वास्तविक हुँदैन । हामी सबै ग्रीक मिथोलोजीकी महिला र पुरुष हौं, जो आफ्नो वास्तविक जीवनसाथी अझै पनि खोजिरहेका छौं ।

**साप्ताहिक : सारांशमा तपाई आफ्नो अतीतको प्रेमका सम्बन्धमा के भन्न चाहनुहुन्छ ?**

**भण्डारी :** मेरा प्रीति-कथाहरू सीमित थिए, यथार्थ र आदर्शका सुन्दर स्मरणीय सम्मिश्रण थिए । अचेष्टित तरंग थिए, घटना थिए ।

**लोग्नेमान्छे र स्वास्नीमान्छेबीच यौनसम्पर्क हुनु प्रकृतिको कुरा हो । यति हो कि यो प्रकृतिप्रदत्त कुरालाई कति दुरुपयोग अथवा सदुपयोग गर्ने भन्ने कुरा ती जोडीको हातमा हुन्छ । पशुहरू पनि प्राकृतिक प्रेम गर्छन् तर उनीहरू यौनसम्पर्क त्यो बेला गर्छन् जुनबेला उनीहरूलाई प्राकृतिक रूपमै यौनेच्छा हुन्छ अथवा सन्तानको चाहना हुन्छ । मानिस मात्र बाऱ्हमासे जनावर हो । तर महान मानिसमा केही अपवाद पनि पाउन सकिन्छ । रामकृष्ण परमहंस तथा माँ सारदाबीचको प्रेममा कुनै किसिमको भौतिक आकर्षण थिएन ।**

**प्रस्तुति : अश्विनी कोइराला**

# प्रेमको कुनै सीमा हुँदैन





'विद्यालय जीवनकै क्रममा थानकोटमा पिकनिक गएको बेलामा पहिलो पटक चिनजान भएको थियो। उनी एउटा विद्यालयबाट म अर्को विद्यालयबाट गएका थियौं, त्यहींबाट साथी भइयो' आफ्नो प्रेमकथाको प्रारम्भिक अवस्था बयान गरिरहेका सुरेन्द्रविक्रम बस्नेतका अनुसार उनी अर्थात् सुष्मा त्यस बेला ९ कक्षामा अध्ययनरत थिइन्, म भर्खरै एसएलसी सकेर बसेको थिएँ। साथी बनेपछि फोन नम्बर साटासाट भयो, साथीहरूको जमघटमा भेट गर्‍यो, यस्तै-यस्तै क्रम चलिरह्यो, सुरेन्द्र भन्छन्- 'केही पछि मैले उनलाई मन पराएको कुरा भनें, तर जवाफ आएको थिएन, मेरा लागि प्रेमदिवस यस कारण पनि महत्त्वपूर्ण छ कि त्यही वर्षको प्रेमदिवसकै दिन सुष्माले मेरो प्रस्तावमा हरियो झन्डा देखाइन्। मलाई त्यो दिनजस्तो खुसी अहिलेसम्म लागेको छैन।'

त्यसपछिका लगातारका चार वर्ष लुकिछिपी प्रेमदिवस मनाएका बीबीएस अध्ययनरत बस्नेत र सुष्मा राउतको जोडीले यो वर्ष खुलेर प्रेमदिवसलाई मनाउने योजना बनाएका छन्। गएको मंसिर २८ गते विवाहबन्धनमा बाँधिएका बस्नेत जोडीले उत्साहित हुँदै भने– 'विवाहपछिको पहिलो प्रेमदिवस हो, त्यसैले पनि यसलाई अविस्मरणीय रूपमा मनाउँदैछौं।' अचम्म त के भने ४ वर्षको प्रेमपछि विवाह गरेका सुरेन्द्र अहिले २१ वर्षका मात्र भए भने सुष्मा २० वर्षकी भइन्।

'प्रेममा उमेरको महत्त्व हुँदैन' भन्ने भनाइ मेरो प्रसङ्गमा पनि लागू भयो, हँसिली स्वभावकी सुष्माले भनिन्- 'तर त्यस बेलाको अवस्थामा मेरो पहिलो प्राथमिकता अध्ययन नै थियो।' त्यसो त एसएलसी दिएका बस्नेत पनि उमेरका दृष्टिकोणले प्रेम गर्ने अवस्थामा पुगिसकेका थिएनन्। सानो उमेर र पढाइ चलिरहेकै कारण सुष्माका परिवारले विवाह नगर्ने निर्णय गरेका थिए, तर सम्बन्धका बारेमा हल्ला हुँदै गएकाले र दुवैको चाहना सँगै बस्ने भएकाले पनि विवाह गर्नैपर्ने बाध्यता भयो। बस्नेत जोडीका अनुसार उमेर सानो भए पनि यो प्रेम साँचो प्रेम थियो, कतिसम्म भने दुवै जनामा विवाह हुने पूर्ण विश्वास थियो। 'मैले त्यस बेला सुष्मासँग विवाह नगरिदिने हो भने कक्षा १२ कै परीक्षा नदिने भनेर घरमा घुर्की लगाएँ,' सुरेन्द्रले भने- यही क्रममा एकपटक साथीहरू र सुष्मालाई लिएर दक्षिणकाली मन्दिरमा विवाह गर्न पुगेका थियौं, अन्ततः दुवै परिवारले विवाहका लागि सहमति जनाए र विवाह भयो'

सुरेन्द्र र सुष्माका जस्ता कथा अहिलेको पुस्तामा धेरै भेटिन सक्छन्, तर कसैले कच्चा प्रेम गर्छन् त कसैले पक्का। त्यसैले बस्नेत जोडीको प्रेमकथामा आफ्नो कथा जोड्न आइपुगे केही समयअघि मात्र प्रेमबन्धनमा बाँधिएका स्नातक प्रथम वर्षमा अध्ययनरत नीरज श्रेष्ठ अनि निशा श्रेष्ठ।

प्रेम सबैले गर्न सक्छन्, तर अभिव्यक्त गर्ने शैली भने फरक हुनसक्छ। यस्तै कथा छ नीरज र निशाको प्रेमसम्बन्ध विकासमा। 'मोबाइल जेनेरेसन' का यी जोडी प्रेमलाई सार्थक रूप दिन पनि मोबाइल फोनकै विशेष भूमिका थियो। सामान्य साथीबाट घनिष्ठ हुन पुगेका उनीहरूका लागि जुलाई १०, २००६ एकदमै महत्त्वपूर्ण दिन हो। प्रेमलाई औपचारिकता प्रदान गर्न उक्त दिन उनीहरूले मोबाइलको एसएमएस सुविधा प्रयोग गरेका थिए। प्रत्यक्ष रूपमा प्रेमप्रस्ताव राख्न नसक्ने हामीजस्ता युवाहरूलाई यो निकै सजिलो माध्यम हो, नीरजले भने– 'मैले पहिलो हरफमा प्रेममय श्लोकहरू लेखें। त्यसपछि अन्त्यमा भनेको थिएँ– के तिमी पनि यस्तै महसुस गर्छौ ? अनि निशाबाट पनि उत्तर आयो– 'म पनि त्यस्तै महसुस गर्छु।' यसरी प्रेमयात्रालाई अघि बढाउन हामी दुवै मन्जुर भयौं। प्लस टु पढ्दादेखिको असल मित्रको हाम्रो सम्बन्ध एउटा असल जीवनसाथी बन्नेतर्फ मोडियो।

डीएभी कलेजबाट प्लस टु सकी एमबीबीएसको तयारीमा रहेका कपिल केसीले कुनै अनुभव नभएका कारण प्रेमको परिभाषासमेत दिन सकेनन्। आमाबाबु अथवा सबै मानिससँग हुने सामान्य माया नै मेरो बुझाइमा प्रेमको परिभाषा हो, कपिलले बताए। त्यस्तै इन्टेन्सिभ इन्टरनेसनल कलेजमा स्नातक प्रथम वर्षमा अध्ययनरत सदीक्षा गौतमले प्रेम दुई आत्माको मिलन हो भन्ने भावनात्मक उत्तर दिइन्।

क्यारियर निर्माणसँगै आत्मनिर्भर नभै प्रेमले सार्थक रूप लिँदैन। कुनै युवती मन पर्‍यो, घुम्यो, यतिले मात्र त जीवनयापन हुँदैन। कपिलको यो तर्कलाई सुरेन्द्रले तुरुन्तै प्रतिवाद गर्दै र भने– जागिर नपाएको अवस्थासम्म पिएचडी गरेको मानिसलाई पनि आत्मनिर्भर भनिँदैन। यस्तो अवस्थामा क्यारियर प्राप्ति भनेको जागिर खानु मात्र हो भने अहिलेकै अवस्थामा पनि हामी सामान्य जागिर त खान सकिहाल्छौं नि। क्यारियरपछि मात्र प्रेमलाई अघि बढाउने कुरामा मेरो सहमति छैन। बरु यी दुवैलाई सँगसँगै लाने प्रयास गर्नुपर्छ। सुरेन्द्रका अनुसार भविष्यमा सुष्मालाई गृहिणीकै रूपमा सीमित राख्ने धारणा उनको छैन। यसका लागि सन्तान नजन्माउनेदेखि दाम्पत्य जीवनमा आइपर्ने अन्य समस्याबाट पनि टाढा रहनेमा दुवै प्रतिबद्ध छन्। दुवैलाई उच्च शिक्षा अध्ययनका लागि विदेश पठाउने परिवारको सोच छ, तर मेरो त्यस्तो रुचि नभएका कारण यसलाई नकार्दै आएको छु, -सुरेन्द्रले भने। नीरज र निशाको जोडी पनि अस्ट्रेलियामा उच्च शिक्षा अध्ययनका निम्ति लागिपरेका छन्, तर उनीहरूको प्रेमसम्बन्धका बारेमा दुवैको परिवारलाई जानकारी छैन। त्यसैले उनीहरू भन्छन्– त्यतै गएर आफ्नो सम्बन्ध खुलासा गर्ने सोचमा छौं। क्यारियर सन्दर्भमा सुरेन्द्रभन्दा अलि भिन्न प्रतिक्रिया जनाउँदै नीरज भन्छन्- क्यारियरका बनाउन प्रेम कहिल्यै बाधक हुन सक्दैन। बरु यसले अझ बढी प्रोत्साहित गर्छ। म एक्लै त अघि बढ्न सक्दिनँ। यी दुईमध्ये कुनलाई बढी प्राथमिकता दिनुहुन्छ ? भने प्रश्नमा उनले निष्कर्ष निकाल्दै भने- 'कुनै निश्चित सहमति बनाई क्यारियरलाई नै रोज्छु होला।

सदीक्षाको प्रसंग अलि फरक छ। उनलाई कक्षा १० अध्ययनका क्रममै कक्षाकै साथीले प्रेमप्रस्ताव राखेको थियो, तर क्यारियरलाई नै महत्त्वपूर्ण मान्दै उनले त्यो प्रस्ताव अस्वीकार गरेकी थिइन्। सदीच्छा भन्छिन्- 'त्यो युवक कति राम्रो थियो भन्नुभन्दा पनि आफूलाई सम्हाल्नुपर्ने अवस्था त्यतिखेर थियो। मैले राम्रो नियतले नै अस्वीकार गरेका कारण पनि हामीबीच यसले नराम्रो रूप लिन पाएन, तर हालसम्म उनी कसैको प्रेममा परेकी छैनन्। युवकहरूसँग जिस्कन भने उनी र उनका साथीहरूलाई रमाइलो लाग्छ। यो उमेरमा विपरीत लिङ्गीप्रतिको आकर्षण त धेरै नै हुन्छ।

एउटा असल साथीको नाताले नीरज र निशाको घरमा आवतजावत भैरहन्छ। दुई परिवारबीच सम्बन्ध राम्रै छ। निशा घरकी माहिली छोरी हुन्। उनका दुई दिदीमध्ये एकको मागीविवाह भएको छ र अर्की दिदी यस्तो सम्बन्धबाट टाढै छिन्। त्यसैले घरमा थाहा भएपछि मैले गाली खाने सम्भावना धेरै छ, निशा भन्छिन्- 'तर विवाहको निर्णय गर्दा दिदीहरूको रोलक्रमलाई म कदापि मिच्नेछैन। यो रोलक्रमको मामिलामा कपिल अझ सचेत छन्। उनी भन्छन्– 'मभन्दा अगाडि २९ र २४ वर्षका दुई दाजु हुनुहुन्छ। उहाँहरू प्रेमप्रसंगतिर लागेको थाहा छैन। अनि म भर्खरको ठिटोले यतातिर हात हाल्दा अलि नसुहाउने कुरा भयो नि। उहाँहरूबाट मैले सिकेको शिक्षा पनि पहिले भविष्य बनाउनुपर्छ भन्ने नै हो।'

डा. बालकृष्ण साह पनि यो छलफलमा सहभागी थिए। एमबीबीएस अध्ययनका क्रममै उनको तीन वर्ष लामो प्रेमसम्बन्धमा पूर्णविराम लागेको थियो। साहका अनुसार अहिलेसम्म पनि उनीहरूबीच साथीको सम्बन्ध कायम छ। दुवैतर्फको आपसी सहमतिबाटै एक-अर्काको बाध्यताका कारण यो सम्बन्ध टुङ्ग्याइएको थियो। त्यसकारण आपसी समझदारीबाट प्रेमसम्बन्धलाई टुङ्ग्याउन पनि सकिन्छ भन्ने एउटा गतिलो प्रमाण आफू भएको दावी पनि डा. साहले गरे।

प्रेमी-प्रेमिका घुम्न कहाँ-कहाँ जान्छन् र यसबीच के-कस्ता कुरा हुन सक्लान् ? प्रायः जतातत्तै गएको उनीहरू बताउँछन्, तर पनि हामी धेरैजसो काठमाडौंनजिक आसपासका गोदावरी, बालाजु, त्रिभुवनपार्क, स्वयम्भूलाई नै डेटिङको प्रमुख गन्तव्यका रूपमा लिन्थ्यौं। अहिले कुराकानी प्रेममै मात्र सीमित रहँदैन भन्दै सुष्माले भनिन्– कलेजका कुरा, पढाइका, सिक्ने-सिकाउने कुरा, साथीभाइका कुरा, त्यस्तै परिवारका कुरा धेरै हुन्छ। सुष्माका अनुसार पढाइमा एक तह माथि रहेका सुरेन्द्रले उनलाई धेरै कुरा सिकाउँछन्, तर कुराहरू छ्यासमिस रूपमा आउँछन्। हाम्रो पनि त्यही हो, निशा पढाइमा मभन्दा अगाडि छिन्। उनले मलाई विशेष सहयोग गर्छिन्, नीरजले बताए। डेटिङको गन्तव्यका सन्दर्भमा निशाले भनिन्– राजधानीभित्र घुम्ने ठाउँ नै छैन। जता हेर्‍यो त्यतै भीड, त्यस्तै हल्ला, त्यसैले हामीले त क्याफेलाई नै डेटिङको नयाँ गन्तव्यका रूपमा रोजेका छौं।'

के विवाह नै प्रेमको अन्तिम गन्तव्य हो ? यो प्रश्नको उत्तर दिन सबैजसो निकै आतुर देखिए। विवाह प्रेममा त परिणत हुनै पर्‍यो नि, नत्र धोका भैहाल्छ। समाजले हेर्दा अन्तिम परिणति त विवाह नै हो। सुरेन्द्र र सुष्मासँग यस्ता धेरै प्रसङ्ग जोडिएका छन्। सुष्माले भनिन्– विविध कारणले हाम्रो सम्बन्धले विछोडिने मोड लिइसक्दा म उसलाई सम्झाउन गएको थिएँ। उक्त तर्कलाई प्रतिवाद गर्दै सदीक्षाले भनिन्– 'प्रेमको अन्तिम विन्दु विवाह त होइन, कसैले प्रेममा त्याग देखाउँछ भने त्यसैलाई सच्चा माया मान्नुपर्छ।' उनको यो विचारसँग सहमति जनाए डाक्टर बालकृष्ण साहले पनि।

के प्रेममा शारीरिक सम्बन्ध आवश्यक छ ? शारीरिक आकर्षणले भरिपूर्ण प्रेम त प्रेम नै भएन नि ? तर निश्चित समयसम्मका लागि यो आकर्षण कायमै रहनुपर्छ। शारीरिक सम्पर्कलाई आफूले प्रेममा कुनै महत्त्व नदिएको नीरजले बताए, तर प्रेममा त्यस्तो मोड आयो भने ? भन्ने प्रश्नमा उनले भने– मैले प्रस्ताव नै गरिनँ भने यस्तो अवस्था कसरी आउँछ। अर्कातिर सुरेन्द्रले चार वर्ष लामो प्रेममा आफूले कहिल्यै त्यस्तो अनुभव नपाएको बताए।

आजभोलि इन्टरनेटका कारणले पनि प्रेमसम्बन्धले निकै झाङ्गिने अवसर पाएको छ। च्याटिङ गर्दागर्दै प्रेमका कुरा कतिसम्म पुग्छ ? सहभागी एक महिला प्रतिनिधिले त्यस्तो अवस्था आउनासाथै आफैंले त्यसलाई अन्त्य गर्ने बताइन्। च्याटिङमा यस्ता प्रसङ्ग टाल्ने गरेको उनको राय छ। यो कुरा उनीमा मात्र सीमित रहेन, सहभागी सबैले अनलाइन च्याटिङको प्रयोग गरी रामाइलोका लागि प्रेम प्रसङ्ग उठ्ने गरेको बताए।

पश्चिमेली संस्कृतिको प्रभाव हामीमा कतिसम्म परेको छ ? कतै यो नग्नताकै स्थितिमा त छैन ? भन्ने अर्को प्रश्नमा नीरज भन्छन्– मेरा साथीहरूबीच पनि एक साता एउटा गर्लफ्रेन्ड अर्को साता अर्कै गर्लफ्रेन्ड बनाउने होडबाजी छ। यसलाई अझ प्रस्ट्याउँदै सुरेन्द्रले भने– केही वर्ष अघिसम्म यसलाई २५ प्रतिशतले पछ्याईएको पाइन्थ्यो। तर अहिले ५० प्रतिशतजस्तो छ, तर हामी नग्नताको फेजमा पुगिसकेका छैनौं ? सीमा नाघ्ने दुस्साहस कसैबाट पनि हुनु हुँदैन। पश्चिमेली संस्कृतिको अन्धभक्त हुनुहुँदैन, कपिलले बताए। नजिकिएको प्रेमदिवसलाई कसरी मनाउँदै हुनुहुन्छ त ? सहभागीमध्ये अविवाहित जोडी निकै उत्साहित देखिए। यो हाम्रो पहिलो प्रेमदिवस हो, अन्य बेलाजस्तै सामान्य जमघट हुन्छ। यसपालि बिहानदेखि नै घुम्ने योजना छ।

प्रेमदिवसको सन्देश के हुनसक्छ ? सहभागीहरूले आपसी छलफलपछि निष्कर्ष निकाले र भने– 'संसारमा विरलै मानिस भेटिएलान् जसलाई प्रेम आवश्यक नहोला, तर त्यसो भन्दैमा चिरस्थायी प्रेम नै आवश्यक हुँदैन, प्रेमको अर्को नाम त्याग हो भन्ने पनि बुझ्नुपर्छ। संसारको अमूल्य सम्पत्ति नै प्रेम हो, तर यसलाई विकृत नबनाई अघि बढाउनुपर्छ।'


इजरायल!
के तपाई इजरायल जाँदै हुनुहुन्छ ? यदी जाँदै हुनुहुन्छ भने हिब्रु (Hebrew) भाषा तथा तालीम लिई दक्ष भई जानुहोस्।
हाम्रा सेवाहरू:
१) हिब्रु (Hebrew) तथा अंग्रेजी (English) भाषा।
२) केयर गिभर, Housekeeping तथा Orientation तालिम।
३) Hebrew पुस्तक शलोम उपलब्ध छ।
४) डकुमेन्ट समेत Forward गरीन्छ।
पाइथागोरस एकेडेमी, 4260632




होटल तालिम मोडर्नमा
Switzerland & UK बाट
Cook, Waiter, Bakery, Barman, Captain, Bell Boy, Supervisior, Care Giver, Housekeeping, Domestic Helper मा धमाधम भर्ना लिईदैछ।
Cook Training गर्नेकालागि Waiter, Housekeeping वा English Language FREEमा
ModernManagement Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 2315801

O. L. C. ENGLISH
✶ IELTS speaking
✶ Speaking Focus
✶ IELTS / TOEFL
Chinese, Japanese, German, French, Spanish Languages
OASIS L.C.
Thamel, Galkopakha
4-359170
(lg. books, cassettes, audio N visual CDs)

HOME BASED
P/F ONLINE JOBS
Earn $ 500 +
Per week from Top Internet Companies.
www.onlinejobnepal.com
New Baneswor, Ktm.
(Near BICC west gate)
Ph.2043540, 2090507

- VISA: Going abroad? Avoid VISA disappointment. To prepare all documents the right way consult an expert. Any country.
- TRANSLATION: Whether SIMPLIFIED or ACCURATE. Any language.
- Write impressive Document, Report, Thesis, Article, or Correspondence.
- SAT, IELTS, TOEFL: Prepare to score high.
- VISA refused? Appeal with strong points. Any country.
- ADVERTISERS! Why spoil your message with mistakes (spelling/grammar)? Get it properly checked and corrected before advertising. Nominal cost.

T N Ghimire: 9803017843/2021677

## जीतु'चाको जोक्स

jitendra_rajb@hotmail.com



एक मित्र अर्को मित्रसँग : जीवनको उत्तम सुख मलाई विवाह हुने एक दिनअघिसम्म पनि थाहा थिएन ।

अर्को मित्र : त्यसो भए अब थाहा पाउनुभयो त जीवनको उत्तम सुख ?

पहिलो मित्र निराश हुँदै : अब त निकै ढिलो भैसक्यो ।

०००

युवक आफ्नी प्रेमिकासँग : बबि, तिमी मलाई मात्र माया गर्छ्यौ नि हैन ?

बबि मायालु स्वरमा : हो नि, मैले हालसम्म मन पराएका युवकहरूको लामो सूचीमा मैले तिमीलाई नै छानें।

०००

दुलही हेर्न गएको युवकसँग युवतीका बाबुले सोधेछन् : अनि बाबु बियर पिउनुहुन्छ ?

युवक नम्र हुँदै : हजुर, यो तपाईंको प्रश्न हो कि आग्रह ?

०००

जङ्गलमा एउटा सिंहको विवाहको भव्य पार्टी चलिरहेको थियो । जङ्गलका सबै जनावर निकै रमाउँदै नाच गान गरिरहेका थिए । त्यही भव्य नाचगान चलिरहेको ठाउँको एउटा कुनामा एउटा मुसा पनि उफ्री-उफ्री नाचिरहेको देखेर स्यालले सोधेछ : ए मुसा भाइ, तिमी किन यसरी रमाउँदै उफ्री-उफ्री नाचेको ?

मुसा दंग पर्दै : ल अब आफ्नो सानो भाइको विवाहमा ननाचेर कहिले नाच्ने त ?

मुसाको कुरा सुनेर स्याल हाँस्दै : अनि सिंह कहिलेदेखि तिम्रो सानो भाइ भयो नि ?

मुसा : विवाहअघि त म पनि सिंह नै थिएँ नि ।

०००

प्रेमी प्रेमिकासँग : तिमीले लेखेको यो ताजमहलको कविता त महान् कवि रवीन्द्रनाथ टैगोरले लेखेको जस्तै रै'छ । प्रिय, कतै तिमीले त्यही कविता सारेको हैन ?

प्रेमिका : हैन हैन, मैले सारेको हैन । मैले लेखेको कविताको ताजमहल र रवीन्द्रनाथ टैगोरले लेखेको ताजमहलचाहिँ एउटै हो ।

०००

नवविवाहित एक जोडी चित्रकला प्रदर्शनी हेर्दै थिए । प्रदर्शनीमा युवतीको एउटा सुन्दर चित्रमा युवतीले शरीरलाई केवल एउटा पातलो कपडाले मात्र ढाकेकी थिइन् । युवक त्यो चित्र अगाडि पुगेपछि लामो समय बसिरहेको देखेपछि युवतीले युवकको हात समाएर तान्दै : हैन, कति हेरिरहेको भन्या ? अब जाम न ।

युवक चित्रलाई एकनासले हेर्दै : पर्ख न, एकचोटि हावा त चल्न देऊ ।

०००

एक जना कवि प्रेमी आफ्नो कवितामा कम रुचि राख्ने प्रेमिकासँग रिना, तिमीलाई थाहा छ ? म तिम्रो सुन्दरतामा पागल भएको छु, त्यसैले मैले तिम्रो सुरन्दरतामा एउटा कविता कोरेको छु, त्यो कविता म तिमीलाई सुनाऊँ है त ?

*रिना तिम्रो त्यो बादलु झैं कालो केशमा*
*मलाई कता-कता लुकूँ-लुकूँ लाग्यो*

रिना बीचैमा कुरा काट्दै : होइन, अघि मात्रै तिमीले आफूलाई पागल भनेको होइन, अब फेरि कपालमा लुक्ने जुम्रा कसरी भयौ ?

०००

केटाले केटीलाई जिस्क्याउँदै भन्यो : ओइ मैयाँ, आई लभ यु...।

केटी रिसाउँदै : तेरो बाउले सिकाको हो त्यस्तो भन्न ?

केटा : मेरा बाउलाई इङ्लिस त आउँदैन ।

०००

एकपल्ट एउटा मुसा र हात्तीबीच गहिरो मायाप्रीति बसेछ । उनीहरू प्रत्येक शनिबारको साँझ काठमाडौंको वसन्तपुर चोक घुम्न जान्थे । एकपल्ट कताबाट हात्तीको बाउ पनि त्यतै पुगेछ । हात्ती आफ्नो बाउलाई देखेर डराउन थालेछ र उसलाई कता लुकौं कता भागौं भएछ । आफ्नी प्रियसी यसरी हड्बडाएको देखेर मुसाले भनेछ : आत्तिनु पर्दैन, खुसुक्क मेरो पछाडि लुक त ।

०००

खचाखच भरिएको बसमा एउटी युवती घाँटीमा प्लेन भएको सुनको सानो लकेट लगाएर चढिन् । अनि त्यही बसमा अर्को एक जना युवक पनि सँगै बसेर यात्रा गर्दै रहेछ । युवकले घरी-घरी युवतीले लगाएको सुनको लकेट हेर्न थालेको देखर युवतीले युवकलाई ठटौली पारामा सोधिछ : के हो सुनको प्लेनको लकेट साह्रै राम्रो लाग्यो जस्तो छ नि, खुब घुरेर हेर्नु भा छ त ?

युवतीको कुरा सुनेर युवकले अनुहारमा ठूलो मुस्कान छर्दै भनेछ : मलाई सुनको प्लेन त होइन, बरु त्यो प्लेन ल्यान्ड गरेको एयरपोर्टचाहिँ साह्रै राम्रो लाग्यो ।

०००

व्याकरण पढाउने एउटी शिक्षिकाले आफ्ना विद्यार्थीसँग प्रश्न गरिछन् : ल भन, 'म राम्री छु ।' यो कुन काल हो ?

विद्यार्थी : भूतकाल मिस ।

०००

निकै चकचक गर्नुपर्ने छ वर्षीय पारसले चिडिया घर घुमेर फर्किएपछि आफ्नी आमासँग : ममी, ममी आज मैले चिडियाघरमा तीनवटा केटा खरायो र दुईवटा केटी खरायो देखें नि ।

पारसको कुरा सुनेर आमाले प्रश्न गरिन् : तिमीले कसरी थाहा पायौ त ती तीनवटा खरायो केटा अनि दुईवटा केटी खरायो भनेर ?

पारसले भन्यो : ड्याडीले पाँचैवटा खरायो समाएर सबैको मुन्तिर हेर्नुभयो अनि मलाई भन्नु'भा । त्यो खरायोको मुनितिर लेखेको होला नि यो केटा, यो केटी भनेर ।

०००

दिदी-भाइ बजारमा हिंडिरहेका थिए । केही केटाहरूले जिस्क्याउन थालेछन् । ए मैया, तिम्रो नाम के हो ? त्यत्तिकैमा अर्को केटाले भाइचाहिंलाई बोलाउँदै : ओ भाइ, तिम्री दिदी त साह्रै रिसाई जस्तो छ, तिमी नै भनिदेऊ न तिम्री दिदीको नाम ।

भाइ निकै नम्र स्वरमा : मलाई त अघि नै रीना दिदीले उहाँको नाम कसैलाई नभन्नु भन्नु'भा छ ।

०००




जितुचा एउटा विवाहको पार्टीमा अलि धेरै नै बियर खाएर मात्तिएको बिकुरामलाई घर पुऱ्याउन जाँदै थियो । बाटोमा एउटा ठूलो साँढे भेटिएछ । बियर लागेको बिकुरामलाई के जोस चलेछ कुन्नि सीधै साँढेको दुवै सिङ च्याप्प समाएर कुस्ती खेलन थालेछ । साँढे र बिकुरामबीच कुस्ती नै चलेछ, पछि साँढे आफै पन्छिंदै गएछ ।

साँडे र बिकुरामको कुस्ती देखेर जितुचा : ओहो बिकुराम दाइ, तपाईंको तागत त मान्नैपर्छ ।

बियर खाएर उठ्नै नसकेको बिकुराम : जाबो यसलाई के तागत भन्नु । यदि मैले एक बोतल बियर कम खा'को भए त्यो मान्छेलाई म साइकलबाट झारदिन्थें ।

०००

## जन्मदिनको शुभकामना

| | | | |
|---|---|---|---|
|  संयम महर्जन २०५९ माघ २८ |  प्रिन्सु पोखरेल २०५४ फागुन ३ |  संजय भुजेल २०५४ फागुन ३ |  सतिस भुजेल २०५८ फागुन १ |
|  रोमन भुजेल २०५५ माघ २६ |  वसन्त भुजेल २०५६ माघ २६ |  दीपशिखा केसी २०५५ माघ २८ |  सिजन चापागाईं २०५७ माघ २८ |
|  ज्योति बुडाल २०५९ माघ २८ |  सायना खड्का २०६१ माघ २६ |  अभिरुचि दवाडी २०५७ फागुन ३ |  आयुष श्रेष्ठ २०६० फागुन १ |
|  आयुषा पौडेल २०६१ फागुन ३ |  ओशिल श्रेष्ठ २०५७ फागुन १ |  सोनाली पुन २०६१ फागुन २ |  ओजस जोशी २०५९ माघ २८ |

### जन्मदिनको शुभकामना

नाम :....................................................

जन्म मिति :....................................................

स्कुल :..........................................

ठेगाना : ..........................................

**तस्बिर अनिवार्य**

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

# यौनका लागि प्रेम



झन्डै पाँच वर्षअघिको कुरा हो । २१ वर्षीया सजनाले केशमा कलप लगाउँदा प्रयोग हुने एक्टिभेटर सेवन गरेर आत्महत्याको प्रयास गरिन् । अस्पतालको शैयामा उपचार गराइरहेकी सजनासँग आत्महत्या गर्नुको कारण बुझ्न खोज्दा उनले भनिन्- 'लभ ट्र्याजडी' । एक जना साथीको माध्यमबाट परिचित २४ वर्षीय सोहनसँग छोटो समयमा उनी नजिक भइन् र तनमन उनलाई सुम्पिइन् । एक संस्थामा सहायकका रूपमा कार्यरत सजना र कपडा व्यापारी सोहन शनिबारको दिन मात्रै फुर्सद पाउँथे । त्यो दिन उनीहरू 'डेटिङ'को बहानामा रानीवनको सेरोफेरोमा खुलेको एउटा रिसोर्टमा पुग्थे ।

दिनभरि भलाकुसारी र प्रेमालापसँगै उनीहरू एक-आपसमा समर्पित हुँदै यौन क्रियाकलापमा समेत संलग्न भए । सजनाले गरेको आत्महत्याको प्रयत्नपछि उनी र उनका साथीहरूको माध्यमबाट यी कुराको खुलासा भयो । आत्महत्या गर्नुको कारण सोहनले यौनकर्मअघि विवाह गर्छु भनेर जतिसुकै वाचा गरे पनि छ महिनाजतिको सम्बन्धपछि अन्यत्र विवाह गर्न खोज्नु रहेछ ।

सोहनलाई पनि भेटियो । ऊसँग सजनाका बारेमा सोधियो । सजनासँग 'सुरक्षित सम्बन्ध' राखेकाले ऊ आफूलाई निर्दोष बताइरहेको थियो । ऊ भन्दै थियो– 'मेरो कारणले उनी गर्भवती वा त्यस्तो केही भएकी भए पो मैले अब के गर्ने भनेर सोच्नुपर्छ । हामीबीचको सम्बन्ध आपसी सहमतिमा भएको हो । त्यसमा मलाई केही भन्नु छैन ।' यद्यपि केही समयपछि उनीहरूले परिवारले खोजेको जोडी पाए र अहिले उनीहरू आ-आफ्नो वैवाहिक जीवनमा रमाइरहेका छन् ।

माथि उल्लेखित घटना आधा दशकअघिको हो । हालै मात्र एचआईभी संक्रमित एक युवकसँग पङ्क्तिकारको भेट भयो । उनले आफूलाई एचआईभी भएको छ महिनाअघि मात्र थाहा पाएका रहेछन् । पारिवारिक कलहमा बाल्यावस्था गुज्रिएपछि यौवनको आरम्भदेखि लागूपदार्थको लतमा फसेका उनलाई कसैले राजधानीबाहिरको एक पुनःस्थापन केन्द्रमा पुऱ्याइदिएछन् । केही महिना त्यहाँ बसेपछि उनको लत छुटेछ । त्यही केन्द्रमा आएकी एक युवतीसँग उनको हिमचिम बढेछ । एक-अर्कालाई प्रेम गर्ने भने पनि उनीहरूको प्रेम दुई-चार पटकको यौनसम्बन्धपछि टुटेछ । अहिले ती युवक भन्छन्- 'मलाई एचआईभी तिनै युवतीबाट सरेको हो ।'

कान्तिपुर टेलिभिजनका कार्यक्रम सञ्चालक नवराज आचार्य अहिलेको पुस्तामा प्रेम मात्र प्रेमका लागि नहुने बताउँछन् । आचार्य भन्छन्-'प्रेम नाम मात्रको हुन्छ, त्यहाँ यौनको भोक बढी हुन्छ ।' एउटी महिलाले केही वर्षअघि भनेकी थिइन्- 'पुरुष यौनसम्बन्धका लागि महिलालाई प्रेम गरेजस्तो गर्छ, तर महिला प्रेम पाउनका लागि यौनसम्बन्ध स्वीकार गर्छे ।' अहिलेको पुस्तामा केही युवती यौनका लागि पनि प्रेम गर्छन् । मोडलिङमा सक्रिय एक युवतीले नाम नछाप्ने सर्तमा भनिन्- 'म ब्वाइफ्रेन्ड फेर्दै हिंड्छु । उनीहरूमध्ये कतिपयसँग सम्बन्ध पनि राखेकी छु । किनकि म प्रेममा विश्वास गर्दिनँ ।'

राजु अविवाहित छन्, तर उनी भन्छन्- 'मैले यौन अनुभव धेरै पटक लिइसकें । तीमध्ये चार जना यस्ता थिए, जसलाई मैले आई लभ यु नै भनेको थिएँ, तर सम्बन्ध लामो समयसम्म गएन ।' युवकहरूमा एउटा शब्द निकै चलेको छ 'केटी पटचाउने' । यसको अर्थ केही युवासँग नै सोधियो । जवाफ तीन किसिमको आयो । पहिलो- 'प्रेम गर्न खोज्नु ।' , दोश्रो- 'साथी बनाउन खोज्नु ।' र तेस्रो- 'यौनसम्पर्क राख्नु ।'

नेपाली समाज र संस्कारअनुरूप स्त्री र पुरुषबीच यौनसम्बन्ध त्यो बेला हुन्छ, जब उनीहरू विवाह-बन्धनमा बाँधिन्छन् । विवाहअघिको यौनसम्बन्धका बारेमा अघिल्लो पुस्ताको धारणा सधैं नकारात्मक रहँदै आएको छ । यद्यपि वर्तमान पुस्तालाई सोध्दा उनीहरूको धारणा 'आपसी सहमति भयो भने विवाहअघिको सम्बन्धलाई नाजायज भन्न नमिल्ने' रहेको पाइन्छ । विवाह नभए के हुन्छ त ? भन्ने प्रश्नमा उनीहरूको भनाई छ- 'सुरक्षित एवं गोप्य सम्बन्ध हुने भएकाले खासै फरक पर्दैन ।' मिस टिन भैसकेकी प्रियङ्का कार्की भने उक्त भनाइसँग असहमत छिन् । कार्की भन्छिन्- 'पश्चिमा संस्कृतिको अनुसरण गर्दै लभ पऱ्यो, यौनसम्पर्क भयो, त्यसपछि ब्रेकअप भन्ने कुरीतिले यहाँका केही युवाहरूलाई गाँजेको छ । म मान्छु यौनसम्पर्क प्रेमको अन्तिम बिन्दु हो र यौनसम्पर्कलाई प्रेमको एउटा पाटो मान्न सकिन्छ, तर यौनका लागि गरिएको प्रेमभन्दा प्रेमका लागि हुने यौनसम्बन्ध राम्रो र टिकाउ हुन्छ ।' उनको विचारमा साँचो प्रेम गर्नेहरूले यौनलाई भन्दा प्रेमसम्बन्धलाई महत्त्व दिन्छन् । 'समाजमा अझै पनि त्यस्ता प्रेमजोडी भेटिन्छन्, जो यौनसम्बन्ध वा क्रियाकलाप नगरी शुद्ध प्रेम साटिरहेका हुन्छन्,' -कार्कीले बताइन् ।

एकपटक विजयकुमार पाण्डेसँगको अन्तर्वार्ताका क्रममा उमेर ढल्कँदै जाँदा विवाह नगरेकाले पनि चर्चामा रहने नायक राजेश हमालले 'प्रेम यौनका लागि गरिन्छ' भनेका थिए । उनको आशय विपरीत लिंगीप्रतिको आकर्षण नै प्रेम भन्ने थियो । उनले त्यतिबेला पुरुष र महिलाबीच मात्रै प्रेम हुनुपछाडिको मूल कारण यौन नै हो भनेका थिए । उनले त श्रीमान्-श्रीमतीबीचको प्रेम पनि यौनका लागि हुने बताएका थिए । पूर्व मिस्टर नेपाल जीवन लुइँटेल भन्छन्- 'मेरा अधिकांश साथीका प्रेमिका छन् । उनीहरूमध्ये धेरैले आफ्नी प्रेमिकासँग सम्बन्ध राखेका छन् । मैले पनि आफ्नी प्रेमिकासँग सम्बन्ध राखिसकेको छु । प्रेम गर्ने क्रममा वा एकान्तमा हुँदा दुई विपरीत लिंगी आपसी सहमतिमा सुरक्षित तरिका अपनाएर सम्बन्ध राख्न चाहन्छन् भने त्यसलाई नराम्रो मान्नु हुँदैन, बरु अत्यन्तै विश्वासका साथ सम्बन्ध भैसकेपछि 'ब्रेकअप' भयो भने त्यो चाहिँ नराम्रो हो । मेरो अनुभवमा यौनचाहना पूरा गर्नका लागि मात्र गरिएका प्रेम चाहना पूरा भएपछि सकिन्छ ।' लुइँटेलका अनुसार यौनका लागि प्रेम गरियो भने त्यो प्रेमको स्वाद मीठो हुँदैन । प्रेम अभिव्यक्त गर्दागर्दै प्रेममा डुबेर यौनसम्बन्ध राखिन्छ भने त्यसमा मिठास एवं आनन्द पाइन्छ ।

हाम्रो समाजमा प्रेम गर्ने वा यौनचाहना अभिव्यक्त गर्ने मामिलामा महिलाभन्दा पुरुष नै अग्रसर भएको पाइन्छ । यद्यपि कतिपय अवस्थामा पुरुषले आफ्नी प्रेमिकालाई अति नै माया गर्ने भएकाले आफूमा यौनचाहना भए पनि प्रेमिकासमक्ष अभिव्यक्त गर्न सक्दैन । यस्तै एउटा उदाहरण छ । कम्प्युटरसम्बन्धी काम गर्ने दीपक र एक गैरसरकारी संस्थामा कार्यरत सुकृति विगत चार वर्षदेखि एक-अर्कालाई प्रेम गर्छन् । उनीहरूले दीपकको डेरामा कैयन् दिन-रात सँगै बिताएका छन् । आफ्नो सम्बन्धका बारेमा खुलस्त पार्ने क्रममा दीपकले कसम खाँदै बताए- 'पत्याउनु हुन्न होला, हामी एउटै पलङमा सँगै सुतेका छौं । तर हामीबीच अहिलेसम्म यौनसम्पर्क भएको छैन । हामी चुम्बनसम्म हामी गर्छौं । मचाहिँ त्योभन्दा अघि बढ्न खोज्छु, तर उनले रोक्नेबित्तिकै एकैछिनमा शान्त हुन्छु । सायद म उनलाई निकै माया गर्छु ।' नाम परिवर्तन गरेर छाप्ने वाचा गरेपछि दीपकले अझै खुलेर भने- 'मैले यौनको अनुभव लिइसकेको छु । सुकृतिसँगको प्रेम एकातिर छ । पछि विवाह हुन्छ भनेर होला, म उनको इच्छाविरुद्ध जान सक्दिनँ । त्यसो भन्दैमा मैले आफ्नो यौनइच्छा दबाएर राखेको छैन । २६ वर्षको भैसकेको छु । मेरो जीवनमा उनीबाहेक अरू पनि आएका छन् । यौनसम्पर्कका लागि मैले अन्य युवतीको साथ पाइरहेको छु ।'

विशेष गरी किशोर अवस्थामा यौनसम्बन्धी खुल्दुली हुने र कौतूहलताका कारण कतिपय युवा नराम्रोसँग बिग्रने विचार गायिका नलिना चित्रकारको छ । चित्रकार भन्छिन्- 'आफ्ना छोराछोरी यौवनावस्थामा प्रवेश गर्न लागेपछि अभिभावकहरूले खुलेर यौनका राम्रा-नराम्रा परिणामका बारेमा उनीहरूलाई बताइदिनु राम्रो हुन्छ, नत्र त्यसको खोजीमा 'इन्फ्याचुएसन'को सिकार हुनबाट उनीहरूलाई कसैले रोक्न सक्दैन ।'

**–सुव्रत आचार्य**

# कलाकारहरूको प्रणयदिवस

आजको व्यस्त जीवनमा हरेकलाई रमाइलो गर्ने अवसरको खाँचो पर्ने गरेको छ। आधुनिक जीवन-प्रक्रियाको भागदौडका बाबजुद हाम्रा कलाकारहरूले पनि भ्यालेन्टाइन डेलाई रमाइलो एवं उत्साहका साथ मनाउँदै आएका छन् र यसपालि पनि उनीहरू भ्यालेन्टाइन डे विभिन्न तरिकाले मनाउने योजना बनाउँदैछन्। आफ्नो कुनै प्रेमी नभए पनि मिस नेपाल सुगरिका आफ्ना साथीभाइसँग भेट्ने, घुम्न जाने, चकलेट तथा विभिन्न उपहार लेनदेन गरेर रमाइलो गर्छिन्। यो वर्ष पनि उनको त्यस्तै योजना भए पनि आफ्ना साथीहरू काठमाडौँबाहिर भएकाले त्यति रमाइलो नहुने उनी बताउँछिन्। सुगरिका भ्यालेन्टाइन डे मनाउनेहरूलाई यही ढंगले आफ्नो मूल्य-मान्यतालाई विचार गरेर रमाइलो गर्न सुझाव दिन्छिन्।

त्यस्तै गायक निमा रुम्बा पनि आफ्नो परिवारसँग मिलेर प्रणय दिवस मनाउने योजना बनाउँदैछन्। उनी श्रीमती र छोराहरूसँग बाहिर घुम्न जाने, रमाइलो गर्ने अनि श्रीमतीलाई उपहार दिएर प्रणय दिवस मनाउँछन्। यो दिन रमाइलोका साथ मनाउनुपर्छ भन्ने सोचाइ निमाको छ। नायिका बिपना थापाले भने अहिलेसम्म भ्यालेन्टाइन डेको रमाइलो अनुभव गरेकी छैनन्। कुनै प्रेमी नभएकाले उनी यो दिनका बारेमा त्यति अनुभव नभएको बताउँछिन्, तर उनलाई अरूले प्रणय दिवस मनाएको देख्दा खुसी लाग्छ। विपनाको विचारमा प्रेमी-प्रेमिकाका लागि पनि कुनै न कुनै दिवस हुनु आवश्यक भएकाले यो दिन रमाइलो गर्नु राम्रो हो।

यस वर्षको भ्यालेन्टाइन डेमा गायक सुगम पोखरेलले एउटा कार्यक्रममा गीत गाउनुपर्ने भएकाले भ्यालेन्टाइनसम्बन्धी कुनै विशेष योजना बनाएका छैनन् तर कार्यक्रमपछि आफ्नी श्रीमती र छोरीसँग घुम्न जाने र श्रीमतीलाई कुनै उपहार दिने विचार उनको छ। पोखरेल यो दिवसलाई प्रेमीहरूमा मात्र सीमित नराखी



साथीभाइ, श्रीमान्-श्रीमती एवं परिवारका सदस्यहरू मिलेर मनाउनुपर्ने कुरामा उनी दिन्छन्।

मोडल तथा कोरियोग्राफर जयन सुब्बा पनि यो दिनलाई साह्रै रमाइलो र खुसीका साथ मनाउँछिन्। उनी यो दिनको प्रारम्भ आफ्नो श्रीमान्लाई रातो गुलाफको फूल दिएर गर्छिन्। यसपालि पनि उनले रातो गुलाफसँगै दिनको सुरुवात गरी बाहिर क्यान्डल लाइट डिनर गर्ने योजना बनाएकी छिन्। सुरुसुरुमा उपहार लेनदेन बढी हुने भए पनि अहिले उपहार लेनदेनमा अलि कमी आएको जयन बताउँछिन्। यस्तो रमाइलो क्षण बारम्बार नआउने हुनाले यस्तो दिवसलाई रमाइलो साथ मनाउनुपर्छ भन्ने धारणा जयनको छ।

चलचित्रमा विभिन्न प्रेम दृश्यमा देखिने नायक दिलीप रायमाझी वास्तविक जीवनमा पनि प्रेमदिवसलाई रमाइलोका साथ मनाउन पछि पर्दैनन्। यसपालि उनी आफ्नी श्रीमतीसँग पोखरा गएर भ्यालेन्टाइन डे मनाउने योजनामा छन्। दिलीप यो दिन आफ्नी श्रीमतीसँग घुम्न जाने र उनलाई उपहार दिने काम गर्छन् भने यो दिनलाई उनी प्रेमीहरूको मनको भाव व्यक्त गर्ने अवसरका रूपमा लिन्छन्।

भ्यालेन्टाइन डेका बारेमा सबैको प्रतिक्रिया एउटै हुनुपर्छ भन्ने छैन। गायक नवीन भट्टराईले भ्यालेन्टाइन डे मनाउने गरेका छैनन्। उनलाई यो दिवस मनाउन आवश्यक



छ जस्तो पनि लाग्दैन। त्यसैले उनले भ्यालेन्टाइन डेका लागि कुनै नयाँ योजना बनाएका छैनन्। हरेक कुरा आफ्नो इच्छामा भर पर्ने भएकाले मन लाग्नेले मनाउँदा कुनै समस्या नहुने उनको विचार छ।

समयअनुसार सबै कुरामा परिवर्तन हुन्छ भन्ने



कुरामा सहमति जनाउने गायिका रिमा गुरुङ (होडा) ले विवाहअघि आफ्ना प्रेमीसँग यो दिवस रमाइलो साथ मनाए पनि अहिले प्रेमी नै श्रीमान्का रूपमा परिवर्तन भएपछि सधैँ सँगै हुने भएकाले त्यस्तो विशेष केही नगर्ने बताइन्। यद्यपि रिमाले आफ्नो परिवारसँगै रमाइलो गर्न भने पछि पर्दिनन्। विवाहअघि उपहार लेनदेन गरे पनि अहिले त्यस्तो केही नहुने भए पनि यो दिनले कसैलाई कुनै असर नपर्ने भएकाले रमाइलो गर्नु राम्रो कुरा हो भन्ने धारणा रिमाको छ। संसार प्रेममा अडिएको छ, प्रेम गरेर प्रेमदिवस मनाउनु राम्रो कुरा हो भन्ने धारणा राख्ने गायक दीपेशकिशोर भट्टराई पनि यो दिन आफ्नी श्रीमतीसँगै प्रणय दिवस मनाउँछन्। आफूले श्रीमतीलाई कुनै उपहार नदिए पनि श्रीमतीबाट प्रायः उपहार प्राप्त गरिरहने दीपश भ्यालेन्टाइन डेका दिन विशेष केही नगरे पनि श्रीमती र छोरीसँग रमाइलो गर्ने योजनामा छन्।

**– अरुणा भट्टराई**

# किन छुटि्टन्छन् माया गर्नेहरू



गायक क्रान्ति आले तथा मोडल सराह गुरुङ
तस्बिर : साइबर संसार डटकम

गएको वर्ष प्रेमदिवसका अवसरमा साप्ताहिकको मध्यपृष्ठका लागि गायक क्रान्ति आले र मोडल सराह गुरुङको रोमान्टिक फोटोसेसन गर्ने निर्णय गरियो। केश सज्जाका लागि उनीहरूलाई पुल्चोकस्थित रेपुन्जेल सैलुनमा लगियो। केश सिंगार्दा-सिंगार्दै क्रान्तिको मोबाइल बज्यो। उनी कसैलाई उक्त सैलुनको ठेगाना बताउँदै त्यहाँ बोलाइरहेका थिए। एकैछिनमा एउटी सुन्दर युवतीको प्रवेश भयो। क्रान्तिले पङ्क्तिकारसँग ती युवतीको परिचय गराउँदै भने– 'मेरी गर्लफ्रेन्ड।' मेकअपपछि क्रान्ति र सराहको रोमान्टिक पोज क्यामेरामा उतार्न साइबरसंसार डटकमका फोटोग्राफरद्वय अभिनव र दिपंकर स्टुडियोमा तयार भए। रोमान्टिक पोजमा पनि के गर्दा राम्रो देखिन्छ भनेर क्रान्ति र सराहलाई अँगालो मार्ने, जिस्कने, आलिंगनमा बाँधिने, चुम्बन गर्न खोजेजस्तो गर्ने, काखमा सुताउने, बोक्नेजस्ता अनेकौं पोज गराउन थालियो। फोटोसेसनका क्रममा सराह जति खुलेकी थिइन्, क्रान्ति त्यति नै असहज थिए, सायद उनकी प्रेयसीसामुन्ने भएकाले त्यसो भएको हुनसक्छ। सराह क्रान्तिसँग जति नजिक हुन खोज्थिन्, क्रान्तिकी प्रेयसीको अनुहारको भाव बिग्रँदै जान्थ्यो। एकतमासले ती क्रियाकलाप हेरेर बसिरहेकी उनी एकैछिन त त्यत्तिकै बसिन्। उनी आफ्नो प्रेमी कोही अरू युवतीसँग अभिनयमै भए पनि रोमान्टिक बनेको कतिन्जेल सहन सक्थिन् र ? केही बेरपछि उनले क्रान्तिसँग एकान्तमा गएर केही कुरा गरिन्। कुरा सकिएपछि मलिनो मुहार लिएर क्रान्ति त फर्किए, तर उनकी प्रेयसी भने त्यहाँबाट हिँडिन्। तस्बिर उतार्ने कार्य जारी थियो। पोज दिँदै क्रान्तिले भने- 'उनी त रिसाएर गइन्।' केही दिनपछि थाहा भयो, त्यही कारणले उनीहरूको प्रेमसम्बन्ध टुटेछ। हालै हिट्स एफएम म्युजिक एवार्ड वितरण कार्यक्रममा भेटिएका क्रान्तिले पङ्क्तिकारसँग भेट्नेबित्तिकै त्यही कुरा सम्झिए। क्रान्ति अझै पनि उनलाई सम्झँदै थिए– 'उनले मेरो पेसा र मलाई बुझ्न सकिनन्।'

यसपटक गायक अनिल सिंह र नायिका रेखा थापालाई साप्ताहिकको प्रेमदिवस विशेषांकको मध्यपृष्ठका लागि चयन गरियो र रोमान्टिक तस्बिरहरू खिचाइयो। फोटोसेसनका बेला अनिलले जिस्कँदै भने– 'गएको वर्ष क्रान्तिको 'ब्रेकअप' भयो। यो वर्ष कतै मेरो पालो त होइन ?'

कुनै कलाकार निकै चर्चा पाएर सेलिब्रेटी बन्छ भने उसका जीवनका अन्तरंग कुराहरूमा आममानिसको चासो बढ्नु स्वाभाविकै हो। सेलिब्रेटीका प्रेमकथा र सम्बन्धहरूले त अझ चर्चा पाउँछन्। विगतमा नेपाली आमसञ्चारले यति धेरै फड्को मारेको थिएन। यद्यपि त्यतिबेला चर्चाको शिखरमा रहेका केही सेलिब्रेटीका प्रेमकथा र टुटेका सम्बन्धहरू चर्चाको विषय बन्थे। ती सम्बन्धका कुराहरूमा कति प्रतिशत सत्यता छ भन्ने खोज्नुभन्दा पनि 'हावा नचली पात हल्लिँदैन' भनेर उखान सम्झेर चुप लाग्नु उचित हुन्छ।

स्व. निर्देशक प्रकाश थापा संघर्षका बेलामा मुम्बईमा रहँदा त्यहाँकी चर्चित नायिका शर्मिला टैगोरसँग नजिकिएको हल्ला चलेको थियो। यद्यपि त्यो सम्बन्ध लामो समयसम्म चल्न सकेन। केही वर्षअघि एक मनोरञ्जन पत्रिकामा थापाले शर्मिलाले आफूलाई निकै मन पराएको प्रसंग कोट्याएका थिए। हालसालै संगीतकार अम्बर गुरुङले पनि एक पत्रिकामा उनको प्रेम गायिका अरुणा लामासँग छ भनेर त्यतिबेला चर्चा चलेको बताएका छन्। सेलिब्रेटीझैं भएका साहित्यकारका टुटेका प्रेमकथाहरूले पनि चर्चा पाएकै छन्। शंकर लामिछाने र पारिजातबीच प्रेम थियो भन्नेहरू अहिले पनि भेटिन्छन्। पारिजातको चर्चित उपन्यास 'शिरीषको फूल'को भूमिका लेख्दा पनि लामिछानेले त्यसको छनक दिएका छन्। भनिन्छ, गायक प्रेमध्वज प्रधान युवा अवस्थामा निकै 'ह्यान्डसम' थिए।

उनको रूपमा त्यतिबेला भारतमा निकै ख्याति कमाएकी नायिका माला सिन्हा झुतुक्कै भएकी थिइन्। चलचित्र क्षेत्रमा अपूरो प्रेमका हल्लाहरू निकै सुनिन्छ। फोटोग्राफर राजीव श्रेष्ठ र नायिका मेलिना मानन्धरबीचको अपूरो प्रेमकथा सबैभन्दा चर्चित छ। तस्बिर खिच्ने क्रममा मेलिनासँग उनको सम्बन्ध निकै नजिकिएको थियो। धेरै वर्षसम्म एक-अर्कालाई मन दिएपछि उनीहरूको मन टुक्रियो। नायक राजेश हमालले पनि एक-दुई पटक असफल प्रेमको स्वाद चाखिसकेका छन्। हमालले भारतको चण्डीगढमा अध्ययन गर्दा आफूभन्दा एक कक्षा माथि पढिरहेकी एक भारतीय युवतीसँग प्रेम भएको बताएका छन्। यद्यपि उनी त्यो प्रेमलाई 'इन्फ्याचुएसन' अर्थात् यौवनावस्थामा जानी-नजानी गरिएको प्रेम भन्छन्। राजेश त्यसपछि आफ्नो प्रेम अरू कोहीसँग नभएको बताउँछन्। उनी चलचित्र 'भाग्यरेखा'बाट असफल प्रेमसम्बन्धका कारण नै निकालिएका थिए। उनले उक्त चलचित्रको छायाङ्कनका क्रममा नायिका कृष्टि केसीसँग प्रेम गर्न खोज्दा चलचित्रका निर्देशक तथा उनका मामा दीपक रायमाझीले उनीहरू दुवैलाई चलचित्रबाट हटाएका थिए।

नायक दिलीप रायमाझी पर्दामा 'लभर ब्वाइ'का रूपमा देखिन्छन्। वास्तविक जीवनमा पनि उनी प्रेमका पुजारी नै हुन्। चलचित्रमा नायक हुनुभन्दा धेरै अघि उनले आफूसँग नृत्य सिकिरहेकी मञ्जुसँग 'फ्लाइङ म्यारिज' गरेका थिए। त्यसभन्दा अघि एक जना अर्की नृत्याङ्गना युवती उनको शैलीबाट प्रभावित भएर झुतुक्कै भएकी थिइन्। यद्यपि त्यो सम्बन्ध गम्भीरताको अभावका कारण लामो समयसम्म चल्न सकेन। उनीसँगैका नायक सुशील छेत्री पनि कुनै समय एउटी युवतीको प्रेममा परेको बताउँछन्। हाल आफ्नो कुनै प्रेमिका नभएको बताउने सुशील पहिलो प्रेम टुटेपछि प्रेममा नपर्ने कुरामा कटिबद्ध छन्। क्षेत्री भन्छन्- 'अब त प्रेमविवाह होइन मागीविवाह नै गरिन्छ।' नायिका बिपना थापा पनि आफ्नो क्यारियरको पहिलो मोडमा एक युवकको प्रेममा परेकी थिइन्। फोटोग्राफी गर्ने ती युवकले अन्यत्रै विवाह गरेपछि उनको पहिलो प्रेम त्यत्तिकै सेलायो।

टेलिश्रृंखला 'मेरी बास्सै'बाट हास्यकलाकारका रूपमा हाल निकै चर्चामा रहेका सीताराम कट्टेल 'धुर्मुस'को प्रेमकथा कुनै हास्य चलचित्रको दृश्यजस्तै छ। एसएलसीको परीक्षा दिएपछि फुर्सदका बेला गाउँ चहारेर हिंड्दा साथीभाइहरूबाट गाउँकी एउटी किशोरीले उनलाई मन पराइरहेकी छिन् भन्ने कुरा उनले थाहा पाए। एक दिन मौका पारेर उनले एउटा कुरा गर्नु छ भनेर ती किशोरीलाई गाउँनजिकै केराघारीमा साइकलको पछाडि राखेर लगेछन्। प्रेमप्रस्ताव राख्न वातावरण मिलाउँदा-मिलाउँदै एउटा सर्प उनीहरू भएको स्थानमा देखा परेछ। किशोरी डराएर सीतारामलाई अंकमाल गर्न पुगिछन्। त्यसपछि आत्तिएका सीतारामले फेरि साइकलको पछाडि राखेर ती किशोरीलाई बस्तीको बाटो हुँदै अर्को स्थान पुऱ्याउन खोजेछन्। त्यस क्रममा एक बालकले बाटो काट्न खोज्दा साइकलले ठक्कर दिएछ। गाउँलेहरू रिसाएर उनलाई लखेटेछन्। अत्तालिएर साइकलमा किशोरीलाई लिएर भाग्दा-भाग्दै बाटोको छेउमा रहेको सानो पोखरीमा उनले साइकल लडाएछन्। पानीमा निथ्रुक्क भिजेपछि बल्ल सीतारामले किशोरीलाई भनेछन्- 'तिमीले मलाई मन पराउँछौ भन्ने सुनें। म पनि तिमीलाई मन पराउँछु।' किशोरी झनक्क रिसाएर हिंडिछन्। वास्तविकता के रहेछ भने सीतारामलाई उनका साथीहरूले जिस्क्याउन त्यसो भनेका रहेछन्। सीताराम भन्छन्- 'मेरो पहिलो प्रेम त नजन्मिँदै मऱ्यो।'

**– सुव्रत आचार्य**

# सफल प्रेम गर्नेहरू ...

विश्वसुन्दरी ऐश्वर्या रायलाई आफ्नो मनको सुन्दरी बनाउन चाहनेहरू धेरै थिए होलान् । ती सबैको मन त्यतिखेर भाँचियो, जब बलिउडका महानायक अमिताभ बच्चन पुत्र अभिषेक र ऐश्वर्याबीच औपचारिक प्रेम भएको खुलासा भयो । यो जोडीद्वारा अभिनीत पछिल्लो चलचित्र 'गुरु' को क्यानाडामा पहिलो सार्वजनिक कार्यक्रमसँगै अभिषेकले विश्वसुन्दरी ऐश्वर्यासमक्ष प्रेमप्रस्ताव राखेका थिए । लामो समयदेखि सँगै विभिन्न स्थानमा जाने यो जोडीबीच प्रेम भए पनि त्यसको पुष्टि भएको थिएन । केही समयअघि मात्र उनीहरूको वैवाहिक जीवनको पहिलो खुड्किलो टीकोटालो सम्पन्न भैसकेको छ । प्रेममा उमेरको महत्व हुँदैन भनेजस्तै अभिषेकले आफूभन्दा तीन वर्ष जेठी ऐश्वर्यालाई जीवनसाथी बनाउने निर्णय गरेका छन् । लक्षण हेर्दा, चलचित्र क्षेत्रमै सक्रिय परिवारभित्रको यो अर्को प्रेमकथाले सफल यात्रा गर्नेछ ।

गम्भीर प्रेम अर्थात् साँचो प्रेम गर्नेहरूका कथा धेरै छन् । प्रेमलाई वास्तविक रूपमै अनुभूति गर्नेहरूको अनुभवका आधारमा भन्ने हो भने– सफल प्रेम त्यो प्रेम हो, जसमा प्रेम गरिएको व्यक्तिप्रति सदैव इमान्दार हुनुपर्छ । मुलुकतिरै फर्कौं, नाट्यकर्मी हरिहर शर्मा र शकुन्तला गुरुङ यस्तै एउटा जोडी हुन् । 'तीन दशक भयो, सँगै बसेको, अहिलेसम्म एकपटक पनि झगडा भएको छैन,' शर्माले साप्ताहिकसँगको कुराकानीका क्रममा भने- 'हामी दुवै यति धेरै समझदार छौं कि झगडा उत्पन्न हुने वातावरण नै हुँदैन । नेपाल प्रज्ञा-प्रतिष्ठानमा कार्यरत नाट्यकर्मी गुरुङलाई जागिर खान आएका शर्माले प्रतिष्ठानमै पहिलो पटक भेटेका थिए । दुवै जना एउटै क्षेत्रमा कार्यरत भएकाले पनि उनीहरूबीच सम्बन्ध नजिकिँदै गयो । भेट भएको एक वर्ष बितेपछि यो जोडीले अन्तर्जातीय विवाह गरेका थिए । अचम्म लाग्छ, हामी दुवैले कहिल्यै पनि एक-अर्कालाई माया गर्छौं भनेर अभिव्यक्त गरेनौं शर्मा भन्छन्- 'मैले उनको घरमा विवाहको प्रस्ताव राखें, अर्को अचम्म, दुवै परिवारले यो विवाहमा सहमति जनाए ।'

यस्ता धेरै प्रेमकथा छन्, जसमा लामो प्रेमपछि पनि त्यसको अन्तिम गन्तव्य विवाह नै हुनुपर्छ भन्ने छैन । विवाह हुन नसके पनि यस्ता प्रेमी-प्रेमिकाहरू जीवनभर आफ्नो साथीका लागि जुनसुकै त्याग गर्न तयार हुन्छन् । एक चर्चित समालोचकका अनुसार उनका समवयीहरूमध्ये धेरैले यस्तो प्रेमलाई अन्यत्रै विवाह भएपछि पनि निरन्तरता दिइरहेका छन् । उनी भन्छन्- 'मेरै साथीहरू पनि छन् तर उनीहरूको परिचय खुलाउन मिल्दैन ।'

तीन वर्षअघिको कुरा, अस्ट्रेलियाको सिड्नीमा अध्ययनरत शंकर खेवाले नेप्लिज न्यूजभित्रको अनलाइन च्याटमा सिंगापुरमा अध्ययनरत सवनम राईलाई भेटे । अन्ततः सवनम खेवाकी अर्धाङ्गिनी भइन् । बहिनीको विवाहका लागि काठमाडौं आएका खेवा साप्ताहिकको आग्रहमा हतारिरहेकै अवस्थामा पनि एकछिन भन्दै कुरा गर्न बसे । जीवनमै पहिलो पटक अनलाइन च्याटमा बसेको थिएँ, च्याटमा बस्नु भनेको समय बरबाद गर्नु मात्र हो जस्तो लाग्थ्यो, खेवाले भने- 'सवनम पनि सिंगापुर आएपछि पहिलो पटक नै त्यो वेबसाइटको अनलाइन च्याटरुम भित्र पसेकी थिइन्, तर हामी दुवैको जीवनगाँठो कसिदिने काममा च्याटकै भूमिका महत्त्वपूर्ण रहयो ।

सुरु-सुरुमा इमेल ठेगाना साटासाट र सामान्य विषयवस्तुमा च्याट हुने गरेको खेवा बताउँछन् । त्यसपछि तस्बिर साटासाट हुँदासम्म उनीहरू दुवैमा अव्यक्त प्रेमले स्थान लिइसकेको थियो । आठ महिनासम्म हरेक दिन एकपटक कुराकानीको क्रम चलिरहयो । नवौं महिनामा मैले उनलाई आफूले मन पराएको कुरा गरें, खेवाका अनुसार त्यसपछि ११ औं महिनामा सिंगापुर आएपछिको घटना हो यो । पहिलो भेटमै मेरो नजिकको नातेदार सुनील शर्मा उहाँके घरको कम्प्युटर मर्मतका लागि जानुभएको रहेछ । सिंगापुर एक महिना बसेपछि उनी नेपाल फर्किन्, म सिड्नीतर्फ लागें । त्यसपछि उनी सिड्नी आइन् र हामीले सिड्नीकै मन्दिरमा गएर विवाह गर्‍यौं ।

'देखेको हुँदैन लेखेको हुन्छ' भन्ने उक्ति मेरो सन्दर्भमा ठ्याक्कै मिल्यो खेवाले भने-



'मेरो बुबा र उनको बुबा आर्मीमा रहँदा एकदमै नजिकको साथी हुनुहुँदो रहेछ, त्यति मात्र होइन, मलाई शिशुअवस्थामा सासू आमाले बोकेको र बाल्यकालका घटनाको साक्षी रहेको पनि त्यसपछि मात्र थाहा पाइयो । विवाहअघिको प्रेम र पछिको प्रेमका सम्बन्धमा सोधिएको प्रश्नमा खेवाले भने- 'अघिल्लो वर्ष प्रेमदिवसकै दिन म बाहिर काममा थिएँ, त्यसैले फोन गर्न ढिलो भयो, प्रेमदिवसको दिन पनि फोन ढिला गरेको भनेर फोनमा उनी रिसाइरहेकी थिइन्, त्यसबेला मैले मेरा लागि ३ सय ६५ दिन नै प्रेमदिवस भएको बताएपछि उनी खुसी भइन् ।

नेपाली कानुनले जातभातलाई मान्यता नदिए पनि सांस्कृतिक रूपमा माथिल्लो जातको व्यक्तिले तल्लो जातको व्यक्तिसँग विवाह गरे त्यसलाई हेर्ने दृष्टिकोण अझै पनि सकारात्मक छैन । कतिसम्म भने हाम्रो जस्तो पुरुषप्रधान समाजमा पुरुषले तल्लो जातकी स्त्रीसँग विवाह गर्दा उसबाट जन्मिने सन्तान पनि कथित तल्लो जातमा पर्छ । गायक यसकुमार यसको उदाहरण हुन् ।

तीन दशकअघि अन्तर्जातीय विवाह गर्दा प्रसिद्ध हास्यकलाकार मदनकृष्ण श्रेष्ठले समेत यस्तै केही तीता क्षणबाट गुज्रनुपरेको थियो । ३३ वर्षअघि सञ्चयकोषमा कार्यरत छँदा त्यहाँ जागिर खान आइपुगेकी युवती यशोदा सुवेदीलाई श्रेष्ठले मन पराएका थिए । पछि दुवैको मन मिले पनि परिवारले सहमति नदिएपछि श्रेष्ठ जोडीले प्रेमविवाह गर्नुपरेको थियो । श्रेष्ठका सहकर्मी हरिवंश आचार्यका अनुसार त्यस बेला अन्तर्जातीय विवाह कमै मात्र हुन्थे र भैहाले त्यो सामाजिक चर्चाको विषय बन्थ्यो । आचार्य भन्छन्- 'दाइ-भाउज् दुवै कसैले अन्तर्जातीय विवाह गरे भन्दा एकदमै खुसी हुनुहुन्थ्यो ।' अहिलेसम्म पनि सुमधुर वैवाहिक जीवन बिताइरहेका श्रेष्ठ जोडीलाई केही पछि भने दुवै परिवारले स्वीकार गर्‍यो ।

तत्कालीन वीरगन्जमा एउटा डरलाग्दो ज्यान भएको युवाका पछाडि ५०-६० जनाको दलबल हुन्थ्यो । ती युवा थिए अहिलेको चलचित्र उद्योगको निर्माता तथा कलाकार युवराज लामा । दलबलसहितको दादा भए पनि न्यायसंगत काम मात्र गर्ने स्वभावको भएकाले ती युवालाई तत्कालीन पर्सा जिल्ला न्यायाधीश मंगला श्रेष्ठले मन पराएकी थिइन् । मागी विवाह सम्भव नहुने भएकाले लामा श्रेष्ठलाई लिएर काठमाडौं हान्निएका थिए । मंगला भन्छिन्- 'उहाँ गलत कामलाई साथ नदिने भएकाले नै मैले मन पराएकी थिएँ ।'

निश्चित क्यारियरका लागि ध्याउन्न हुनेहरू प्रेम गर्न चाहँदैनन् वा जान्दैनन् कि भन्ने कौतूहलता सबैमा हुनसक्छ, तर यी दुवै कुरा गलत हुन् । राम्रा अध्येताहरूले पनि प्रेमलाई सदुपयोग गर्न जान्दछन् । कम्प्युटर एसोसिएसन अफ नेपालका पूर्वअध्यक्ष तथा नेपाल टेलिकमका वरिष्ठ सल्लाहकार लोचनलाल अमात्य भन्छन्- 'प्रेम गर्दा अध्ययनमा बाधा पुग्ने तर्कसँग म सहमत छैन, यद्यपि त्यसलाई समायोजन गर्न भने जान्नुपर्छ ।'

युक्रेनको लुभोकमा कम्प्युटर इन्जिनियरिङ अध्ययनरत अमात्यले मेडिकल विषय अध्ययनरत रोशनी श्रेष्ठसँग अध्ययनकै क्रममा विवाह गरेका थिए । 'उनी मभन्दा एक वर्षपछि त्यहाँ आएकी थिइन्,' अमात्य सम्झिनुपर्छ भन्दै पुरानो कथा सुनाउन थाले- 'सानो सहर भएकाले हाम्रो भेटघाटको क्रम बढ्यो, एक वर्षभित्र हामी राम्रो साथी भैसकेका थियौं । त्यसपछि मैले प्रस्ताव राखें, उनी पनि कहिले प्रस्ताव राख्ला भनेर पर्खेर बसेकी थिइन् । एक वर्ष फेरि अफेयर चल्यो र त्यही स्थानीय साथीहरूबीच विवाह गर्‍यौं ।'

दुई दशकअघिको त्यो प्रेम अद्यावधि त्यत्तिकै कायम रहेको यो जोडीबीच कहिलेकाहीं सामान्य ठाकठुक भने पर्छ । अमात्य भन्छन्- 'अलिअलि ठाकठुक नभए वैवाहिक जीवनको मज्जा नै कहाँ हुन्छ र ? हामीमा उत्तिकै समझदारिता पनि छ ।'

अन्तर्जातीय विवाह गर्ने मामिलामा राजनैतिक नेताहरू पनि पछि छैनन् । खास गरी वामपन्थी विचारका नेताहरू यस मामिलामा अघि छन् । एक वामपन्थी नेताका अनुसार जातीयताको चर्को विरोध गर्ने क्रममा वामपन्थी नेता मात्र होइन, कार्यकर्ताहरूले समेत अन्तर्जातीय विवाह गरेका छन् । एमालेका नेता अमृत बोहराले भूमिगत अवस्थामै नेतृ अष्टलक्ष्मी शाक्यसँग विवाह गरेका थिए । त्यस्तै वामदेव गौतमले तुलसा थापामगर, केपी ओलीले राधा शाक्य, प्रदीप नेपालले झमा देवानसँग प्रेमविवाह गरेका थिए । ईश्वर पोखेल र झलनाथ खनालले पनि नेवार युवतीसँग विवाह गरेका छन् । केन्द्रीय सदस्यदेखि, जिल्ला नेताहरूसम्म पुग्दा यो फेहरिस्त निकै लामो हुनसक्छ । माओवादीका वरिष्ठ नेता डा. बाबुराम भट्टराईले हिसिला यमिसँग अन्तर्जातीय विवाह गरेका छन् । कांग्रेसका नेताहरूमा अन्तर्जातीय विवाहको प्रभाव त्यति धेरै देखिँदैन, तर पनि कांग्रेसका केही नेताले अन्तर्जातीय विवाह गरेका छन् । खुमबहादुर खड्का तथा बलबहादुर केसीले ब्राह्मण परिवारका सदस्यसँग विवाह गरेका छन् भने विजय गच्छदारले नेवारसँग विवाह गरेका छन् । कांग्रेस केन्द्रीय सदस्य अर्जुन जोशीले पनि अन्तर्जातीय विवाह नै गरेका छन् ।

अन्तर्राष्ट्रिय विवाहमा भने कांग्रेस केही अगाडि छ । सुजाता कोइरालाले जर्मन नागरिकसँग विवाह गरेकी थिइन् भने बीपी पुत्र सशांक कोइरालाले थाई नागरिक सुपात्रासँग विवाह गरेका थिए । कांग्रेसकै नारायण खड्काले पनि क्यानेडियन महिलासँग विवाह गरेका थिए । कांग्रेसी सांसद जयप्रकाश गुप्ताले पनि सरस्वती पुरीसँग अन्तर्जातीय विवाह नै गरेका हुन् भने सद्भावना आनन्दीदेवीका हृदयेश त्रिपाठीले पनि पहाडे मूलकै महिलालाई जीवनसाथी रोजेका छन् ।

# प्रेम : प्लेटोनिकदेखि साइबरसम्म

पृष्ठ १ बाट जारी

कोहीलाई श्रद्धा गरेरै जीवन बिताउन सक्ने सामर्थ्य राख्न सकिन्छ । '१५ वर्षको भएपछि म भारतीय चलचित्र नायिका श्रीदेवीलाई अत्यन्तै मन पराउँथे, यहाँसम्म कि श्रीदेवीसँग सम्बन्धित जुनसुकै कुरा पनि मेरा लागि प्रिय हुन्थे,' घरमा भएका श्रीदेवीका पोस्टकार्डहरूको चाङलाई सम्झँदै हास्यकलाकार दीपकराज गिरी भन्छन्– 'अहिले पनि टेलिभिजनमा श्रीदेवीलाई देखे भने मेरो वरिपरिका मानिसहरू के भन्दैछन् भन्ने कुरा मलाई थाहा हुँदैन ।' गिरीले सपनामा श्रीदेवीलाई देखेपछि भोलिपल्ट पनि त्यही सपना देखियोस् भनेर सिरानी उल्टयाउनुपर्छ भन्ने अन्धविश्वासलाई समेत अँगालेको बताए ।

प्रेम, धेरैवटा प्रसङ्गमा जोडिन्छ, दर्शनको दृष्टिकोणमा पनि प्रेमलाई संसारकै सबैभन्दा आवश्यक वस्तुका रूपमा हेर्ने गरिएको छ । अध्यात्मवादी दर्शनहरू हिन्दु, बौद्ध, क्रिश्चियन, इश्लाम धर्मग्रन्थहरू देखि लिएर कट्टर भौतिकवादी चिन्तकका रूपमा चिनिने मार्क्ससम्म सबैले प्रेमलाई आवश्यक वस्तुकै रूपमा व्याख्या गरेको पाइन्छ ।

प्रेम गर्नेहरू त प्राचीन समयदेखि नै थिए– साहित्यकार प्राध्यापक अभि सुवेदी भन्छन्- 'साँचो तथा गम्भीर प्रेम त हिजो पनि थियो, अहिले पनि छ र भोलि पनि रहनेछ । फरक यति मात्र हो, प्रेम गर्ने शैली परिवर्तन हुन्छ । अहिले विश्वव्यापीकरणसँगै प्रेममा विनिर्माणको उत्तर आधुनिक प्रयोग हुन थालेको प्रेमदिवसका बार मा सुवेदी भन्छन्- 'यो दिनलाई प्रेम प्रस्ताव गर्नका लागि मात्र होइन, प्रेम पर्व-उत्सवका रूपमा समेत मनाउन थालिएको छ ।'

प्रेमकै प्रसङ्गमा शास्त्रीय पात्र तथा विभिन्न व्यक्तिका अमर प्रेमकथा पनि त्यत्तिकै जोडिने गरेका छन् । यसमा रोमियो-जुलियट, लैला-मजनु, हिर-राँझा, सिरी-फरहद, मुना-मदन, राधा-कृष्ण, शाहजहाँ-मुमताजजस्ता चर्चित व्यक्तित्व तथा पात्रहरूको प्रेमलाई लिन सकिन्छ । उनीहरूको प्रेम संयोगान्त विन्दुमा पुगे पनि, नपुगे पनि दुईतर्फी प्रेममा यी व्यक्तित्वहरू प्रेरणादायी मानिन्छन् । शाहजहाँले मुमताजलाई समर्पण गरेर ताजमहल निर्माण गरेको घटनादेखि मल्लकालमा प्रताप मल्लले आफ्नी रानीको नाममा रानीपोखरी निर्माण गरेसम्मका उदाहरणले प्रेमको महत्त्व दर्शाउँछ ।

रंगकर्मी अशेष मल्लका समवयीहरूका अनुसार अशेष मल्ल र उनकी प्रेमिका अर्थात् अहिलेकी जीवनसँगिनीबीचको तत्कालीन प्रेमकथा धेरैका निम्ति उदाहरणीय थियो । नभन्दै गम्भीर र साँचो प्रेम भएकैले हुनसक्छ, उनीहरू वैवाहिक जीवनमा समेत सफल मानिन्छन् । प्रेम भनेको ईश्वरीय देन हो, म ईश्वरप्रति पूर्ण आस्थावान छु, साथै पुनर्जन्ममा पनि विश्वास गर्छु, मल्ल भन्छन्- 'प्रेम आफैं हुने कुरा हो, यो शब्दलाई म अत्यन्तै आदर गर्छु त्यसैले मेरो सिर्जनामा प्रेमलाई मैले अहिलेसम्म प्रयोग गरेको छैन ।'

समाजशास्त्री सन्ध्या बस्नेतका अनुसार ढुङ्गेयुगपछि मानिसले शरीर ढाक्न थालेपछि भावनात्मक प्रेम सुरु भएको हुनुपर्छ । त्यसपछि घरबाहिरको कामको मौका ताकेर आफूले मन पराएको मानिसलाई भावना अभिव्यक्त गर्ने गरिएको हुनुपर्छ । सभ्यता विकास हुँदै जाँदा चिठी, विभिन्न सिर्जना तथा अन्य सहयोगीको साथ लिएर प्रेमलाई अभिव्यक्त गरिएको पाइन्छ । माध्यमहरूको यो विकासक्रममा पछिल्लो पटक इन्टरनेट थपिएको छ ।

प्रेमले आदिमकालदेखि अहिलेसम्म त्यत्तिकै महत्त्व पाएको छ, प्राध्यापक अभि सुवेदी भन्छन्- अहिले पनि मेरा चेलाचेलीहरू प्रेमकै सन्दर्भमा विभिन्न समस्या लिएर मकहाँ आइपुग्छन् ।

प्रेमलाई वर्गीय स्वरूपमा हेरिनुपर्ने समाजशास्त्रीहरू बताउँछन् । भावना सबैमा हुन्छ र समय आएपछि मानिसले आफ्नो चाहना पूरा गर्न साथी खोज्छ । यसैले आफू सुहाउँदो वातावरणमा उसले प्रेमको खोजी गर्न थालिसकेको हुन्छ । समाजशास्त्री समिरा लुइँटेलका अनुसार अहिलेको अवस्थामा सामान्य मानिसहरू चलचित्र भवन, लोकदोहोरी, नाचघर, मनोरञ्जनात्मक स्थानलाई प्रेमखोजीको माध्यम बनाउँछन् भने उच्च साधन-स्रोत प्रयोग गर्न सक्नेहरू इन्टरनेट, शैक्षिक प्रतिष्ठान, डान्स बार, रेस्टुराहरूलाई माध्यम बनाउँछन् ।

पश्चिमी जगत्मा कुनै कुरा चित्त बुझेन भने नग्न प्रदर्शन गर्नु सामान्य भैसकेको छ । आफूलाई गर्न मन लागेको कुरा गर्न पाइने भएकाले नै प्रेमलाई पनि त्यहाँ सार्वजनिक गर्न थालिसकिएको छ । विश्वव्यापीकरणको यो लहरले हाम्रो जस्तो अल्पविकसित मुलुकलाई समेत छोइसकेको छ, लुइँटेल भन्छिन्- 'आदिम कालको नग्न सभ्यता झैं जुन शारीरिक आकर्षण पूरा गर्ने प्रेमको विकास हुन थालेको छ, लाग्छ एउटा चक्रको परिक्रमाजस्तै हामी फेरि पुरानै युगमा पुग्ने तरखरमा छौं ।'

एम जेनेरसेनतर्फ जाने हो भने न्यूनतम प्लस टुदेखि स्नातक तहसम्मका युवायुवतीलाई ब्वाइफ्रेन्ड वा गर्लफ्रेन्ड छ भनेर प्रश्न गर्नु नै अनावश्यक भैसकेको छ । 'कुनै समय थियो प्रेम गर्छु भन्न लजाउनुपर्थ्यो', समाजशास्त्री सन्ध्या भन्छिन्-'अहिले प्रेम गरेको छैन भन्न लजाउनुपर्छ ।'

उदाहरणकै क्रममा भेटिए– स्नातक पहिलो वर्षका विद्यार्थी रविन भट्टराई । अनलाइनमा हाइ फाइभ, गुगल ग्रुप तथा हटमेल म्यासेन्जरमा समेत गरेर करिब एक हजार देशी-विदेशी साथी छन्, भट्टराई भन्छन्- 'जसमध्ये धेरैसँग प्रेमका विषयमा खुलेर कुराकानी हुन्छ । साथी बन्यो, आफ्नो मनको कुरा सेयर गर्‍यो, झटपटमै धेरै कुरा सकिहाल्छ ।'


भट्टराईको यतिखेर थाइल्यान्डकी पनिशासँग 'डिप लभ' छ र । तीन महिना मात्र भयो, त्यसो त यहाँ पनि एक जना गर्लफ्रेन्ड छिन्, तर पनिशा भने मलाई भेट्न मार्चको अन्तिम साता काठमाडौं आउँदै छिन् । पहिलो अनलाइन भेटमा नै नेपालको भनेपछि उत्तेजित भएकी पनिसा मसँग जीवन बिताउने मात्र होइन, हाम्रो विवाह भयो भने छोराछोरीको नामसमेत के राख्ने भनेर कुराकानी गरिरहेकी हुन्छे ।

हाइफाइभको सदस्यकै रूपमा भेटिएकी नीलु बजगाई भन्छिन्– 'अनुहार देख्न पाएको छैन, युवकहरू त प्रेम प्रस्ताव राखिहाल्छन् । यो एक किसिमको मजा नै हो ,' प्लस टु अध्ययनरत नीलु भन्छिन्- 'तस्बिरका लागि पनि त्यत्तिकै आग्रह गर्छन्, राम्रा साथीहरू नभेटिने भन्ने पनि होइन । म इन्टरनेट पुस्ताकी सदस्य हुँ र त्यत्तिकै होसियार पनि । मैले पनि च्याटमा कतिपय महत्त्वपूर्ण साथी पाएकी छु । नेपाल वानकी भिजे पुष्पा जोशी पनि आफ्नो जीवनसाथीलाई नजिकबाट चिन्न च्याट धेरै सहयोगी भएको स्वीकार गर्छिन् ।

जीवन र प्रेम एक-अर्काका परिपूरक हुन ? डा. अभि सुवेदीदेखि लिएर नीलुसम्मको पुस्ताका कुरा सुन्दा लाग्छ, प्रेमविनाको जीवन साँच्चै अपुरो छ । प्रेम गर्ने माध्यम धेरै छन्, शैली पनि फरक हुनसक्छ तर जीवनमा एउटा महत्त्वपूर्ण साथीको आवश्यकता महसुस भयो भने जो-कोहीले प्रेम गर्न सक्छ, तर साथै प्रेम गर्नु प्राप्ति मात्र होइन, कसैमा समर्पण गर्नु पनि हो भन्ने लाग्छ भने फर्केर प्लेटोनिक प्रेममै रमाउने कि ?



# प्रेमविना बन्दैनन् चलचित्र





अहिलेका व्यस्त चलचित्र लेखक विकास आचार्यलाई मायाप्रीतिको कथाबिना चलचित्र बन्छ भन्ने कुरामा विश्वास छैन । उनी ठोकुवा गर्छन्- 'बने पनि चल्दैन । सृष्टिको संरचना नै प्रकृति (स्त्री) र पुरुषबाट हुने हुनाले दर्शकले मायाप्रीतिको विषयलाई मन पराउँछन् । यो दर्शकले मन पराएको विषय भएकाले चलचित्रमा यसले महत्त्व पायो र पाइरहन्छ ।'


वास्तवमा हरेक चलचित्रमा कुनै न कुनै रूपमा मायाप्रीतिको कथा हुन्छ । चलचित्रको सफलताको आधार प्रेमकथा नै हो । हालसम्म सबैभन्दा बढी ओस्कार एवार्ड प्राप्त हलिउडको चलचित्र टाइटानिक प्रेमकथामा आधारित छ । बलिउडमा निर्मित अधिकांश चलचित्रले 'लभ स्टोरी' लाई छाड्न सकेका छैनन् । बलिउडमा हालसम्म सबैभन्दा बढी कमाइ गर्ने प्रेमकथामा आधारित चलचित्र 'हम आपके है कौन' ले ३ सय करोड आम्दानी गऱ्यो । 'लभ स्टोरी' मै रमाउने अभिनेता शाखरुख खानका चलचित्रले हालसम्म नौ सय करोड आम्दानी गरेको एजेन्सीहरूले बताएका छन् । शाहरूखका सफल चलचित्र दिवाना, परदेश, कुछ कुछ होता है, कभी खुसी कभी गम, देवदास मात्र होइन पछिल्ला चलचित्र चलते-चलतेदेखि डनसम्म कुनै न कुनै रूपमा 'लभ स्टोरी' मै आधारित छन् ।

नेपाली चलचित्रमा पनि 'लभ स्टोरी' अनिवार्य नै छ । नायिका विपना थापा भन्छिन्- 'जुनसुकै विषयमा मायाप्रीति हुन्छ । त्यस कारण चलचित्र यो विषयबाट अछुतो हुँदैन । विपना भन्छिन्- मायाप्रीतिलाई छोड्ने हो भने चलचित्रमा नायक-नायिकाको काम हुँदैन । चलचित्र निर्देशक नारायण पुरी प्रेमकथालाई समाजले समेत महत्त्व दिएको बताउँछन् । उनी तर्क दिन्छन्- महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा सिर्जित खण्डकाव्य मुनामदन कसरी अमर कृति भयो ? यही कुरालाई नियाल्ने हो भने पनि थाहा हुन्छ- हाम्रो समाजले प्रेमकथालाई उच्च प्राथमिकताका साथ रुचाउँछ, -पुरी भन्छन् । अभिनेता सुनील थापाका अनुसार 'लभ' विनाको चलचित्र हुँदैन । उनी थप्छन्- चलचित्रको कथा भनेको समाजमै घटित हुन्छ र हुनुपर्छ । प्रेमकथा सबैको मनको विषय भएकाले चलचित्रमा पनि यो विषय नछुटेको थापाको तर्क छ ।

चलचित्रका दर्शकले 'लभ स्टोरी'लाई बढी नै महत्व दिने गरेका छन् । बानेश्वरका महेश कोइरालालाई चलचित्र गुरुले निकै आकर्षित गऱ्यो । उक्त चलचित्रका नायक नायिका अभिषेक-ऐश्वर्याको विवाहको चर्चाका कारण पनि महेश गुरु हेर्न तारिए । त्यसैगरी भक्तपुर ठिमीकी अनु भट्टराईलाई पनि लभ स्टोरी नभएका चलचित्रले तान्दैनन् । उनी थप्छिन्- 'चलचित्रबाट प्रेम हटाइदिने हो भने म चलचित्र हेर्दिनँ ।'

भक्तपुर गठ्ठाघरकी प्रेयसी बराल पनि प्रेमकथा नभएको चलचित्र नबन्ने बताउँछिन् । धापासीकी विनुका राई भन्छिन्– 'प्रेम नहुने हो भने नायक-नायिका हुँदैनन् । नायक-नायिकाविनाको चलचित्रमा कसैको रुचि हुँदैन ।'साहित्यका नवै रसले चलचित्रमा महत्त्व पाएका हुन्छन् । त्यसमा पनि खास गरेर मिलन-विछोडका कथा बढी हुन्छन् । नकारात्मक कथामा समेत एकले अर्कालाई माया गर्छन् नै, तसर्थ पनि चलचित्रलाई मनोरञ्जक बनाउन मायापिरतीका प्रसंग अनिवार्य मानिन्छ ।

**–दिवस गुरागाई**



# पहिरन शैली प्रेमदिवसको



तस्बिर : महेश प्रधान

मौसम प्रेम र रोमान्सको, मधुर सामीप्यताको, अनि आपसी अनुरागको । प्रेमको गहिराइ अनि अनुरागलाई अभिव्यक्त गर्ने रातो रंग प्रेममा पवित्रता एवं विश्वास दर्साउने सेतो रंग तथा प्रेममा समर्पण र संवेदनशीलता झल्काउने गुलाबी रंगको मौसम । उल्लेखित मुख्य तीन रंगका अतिरिक्त प्रेमदिवसको कलर शेड्समा बरगन्डी, वाइन, रानी, लेवेन्डर, पर्पल, ओरेन्ज, मरुन आदिलाई पनि लिइन्छ ।

यी रंगका साथमा कालो र पहेलो रंगको कम्बीनेसनको प्रयोगले त सुनमा सुगन्ध नै थप्छ । यस दृष्टिबाट प्रेमदिवस फेसन स्टाइलमा उल्लेखित रंगहरूकै बाहुल्यता देखिन्छ । रोमान्स एवं मादकताले भरिएको प्रेमदिवसको वातावरणमा रेड ऱ्यामिसिङ, पिंक प्रीति तथा ब्ल्याक-ब्युटिफूलको अवधारणालाई अँगालेर प्रेमदिवस फेसन शैलीबाट अझ आकर्षक, सुन्दर, आकर्षक अनि कामुक देखिन सकिन्छ । फेसनविद्हरूका अनुसार क्यान्डी कलर, मोटालिक लुक, एम्पाएर लाइन ड्रेस, एलाइन सिलउएट्स तथा नि-लेन्थ स्टाइलले फेसन स्टेटमेन्टको परिचय बनाइरहेको अवस्थामा यिनै कुरालाई ध्यान राखी आफूलाई सजाउनु उचित हुन्छ ।

सेक्सी कि होल हल्टरका साथमा रेट्रो स्टाइलको स्कर्ट होस् वा साटन ट्युब टपका साथमा रच्ड केप्रिज, काउल नेक-टपका साथमा नि-लेन्थ स्कर्ट होस् वा लेथर्ड सिफन टपका साथमा प्लीटेड स्कर्ट, स्पोर्टी स्ट्रेच टपका साथमा लिनेन पाइन्ट होस् वा साटन पोल्का डटेड सर्टका साथमा सिगरेट पाइन्ट, फ्लेथर्ड स्कर्टका साथमा कफ्तान होस् वा अफसोल्जर-जिगज्याग, हेम लाइनयुक्त वा ठूलठूला स्लिट्सयुक्त कुर्ती, ब्ल्याक स्पेगेटीका साथमा इम्ब्रोइडेड पाइन्ट होस् वा फ्रन्ट ओपन टाइअप टिसर्टका साथमा फन्की ट्राउजर वा स्कर्ट, स्टाइलिस पोन्चोका साथमा जिन्स आदि शैली अपनाएर प्रेमदिवसमा आकर्षक एवं सुन्दर देख्न सकिन्छ ।

उल्लेखित पहिरनका अतिरिक्त लेस डिटेल भएको क्यामिसोल, कटन ट्याङ्क, टप, फकी स्कर्ट, स्टाइलिस केप्रिज, क्रस्ड स्कर्ट, फ्लेयर्ड, लेथर्ड, सर्कुलर, एड्गुसर, नि-लेन्थ वन पिस पहिरनहरू, कोर्सेट, स्पेगेरीटप, स्लिभलेस टरटल नेक, स्ट्रेच पाइन्ट, टेलर्ड पाइन्ट, सिगरेट पाइन्ट तथा जिन्सका विभिन्न स्टाइल पनि उपयुक्त हुन्छन् । डिजाइनर वेयरतर्फ भने सुन्दर कटस, ब्राइट कलर्स, सिक्वेन्स, मिरर, कलरफूल इम्ब्रोइडरी, विड्स एवं स्टोन वर्क गरिएका पटियाला, चुडिदार कुर्ता-सलबार, नि-लेन्थ, थाइलेन्थ एवं वेस्ट लेन्थ कुर्ती तथा विभिन्न डिजाइनरका कटन पाइन्टको प्रयोग पनि उत्तिकै शोभनीय हुन्छ । पुरुष फेसनका लागि भने फुल स्लिभ सर्ट, नन प्लिटेड, क्रिजलेस पाइन्ट, पार्टी सुज, डार्क वास्ड जिन्स, बोट नेक निटेड टप, पोली नेक स्वेटर, फुल स्लिभ टिसर्ट, डिनर ज्याकेट, फिरिङ ज्याकेट, डार्क कलर्ड वेस्ट लेन्थ ज्याकेट, क्याजुएल कोट आदि शोभनीय हुन्छ ।

रोमान्सको वातावरण भएकाले यो अवसरमा पहिरनका साथै मेकअपमा पनि ध्यान दिनु उत्तिकै आवश्यक छ, जसका लागि स्मोकी, शिमरी तथा सेक्सी स्टाइल अपनाउनु उचित हुन्छ । त्यसैले आफ्नो प्रेमी/जीवनसाथीसित प्रेमदिवसको रोमाञ्चतामा हराउनुपूर्व आफ्नो मुहारको क्लिन्जिङ, टोनिङ एवं मोस्चराइजिङका साथै मेनिक्योर, पेडिक्योर आदिलाई बिर्सनु हुँदैन । प्रेमको गुलाबी आभासबाट आफ्नो व्यक्तित्व निखार्न चाहनुहुन्छ भने मेकअपमा स्फटपिंक शेडको प्रयोग उपयुक्त हुन्छ । यदि बोल्ड लुक चाहनुहुन्छ भने नीलो, रस्ट, रेड वा कपर टोन चयन गर्न सकिन्छ ।

रोमान्टिक नजरका लागि मुहारमा ग्लसी पिंक ब्लसरको प्रयोग उचित हुन्छ । ओठमा ग्लसी लिपिस्टिक र आँखामा सफ्ट शेडयुक्त मस्कराको प्रयोग राम्रो हुन्छ । तथापि आँखा अलिक बढी स्मोकी नदेखियोस् भन्ने कुरामा पनि ध्यान पुऱ्याउनु आवश्यक छ । यदि आँखा स्मोकी छ भने लिपस्टिक न्युड कलरयुक्त हुनु उचित हुन्छ । सफ्ट रोमान्टिक लुकका लागि आई ल्यासेजलाई कर्ल गरेर त्यसमा कालो वा खैरो शेडको मस्करा प्रयोग गरी आकर्षक देखिन सकिन्छ ।

आँखालाई सेक्सी लुक दिने हो भने आर्टिफिसियल ल्यासेजको प्रयोग गर्न सकिन्छ । आँखालाई चम्किलो बनाउनका लागि भने शिमरी आइस्याडोको प्रयोग राम्रो हुन्छ । हेयर स्टाइलिङतर्फ जाने हो भने कर्ली, स्ट्रेट, सर्ट स्टेप्स, फ्लिप-फ्लोप, स्लन्टकट, रेजरकट, फायर फ्लाइ, स्फट विस्पी इफेक्टको शैली अँगाल्न सकिन्छ ।

ज्वेलरीतर्फ भने हेभी नभै लाइट, फङ्की, फ्युजन, जंक एवं स्टाइलिस ज्वेलरीको छनौट उपयुक्त हुन्छ । मल्टीकलर्ड इयररिङ्स, हुप्स, शोंडिलियर इयररिङ्स्, कलरफुल ग्लास बिड्सका ज्वेलरी, डेट गलर्स, एन्टी ज्वेलरी, लङ पेन्टेन्ड, कलरफुल पर्लका नेकलेस, रंगीबिरंगी क्रिस्टल, स्टोन्स, स्वोरोस्की, विड्स एवं जरीबाट सजिएका चुराहरूको प्रयोग गरेर आफ्नो व्यक्तित्वलाई अझ आकर्षक एवं सुन्दर बनाउन सकिन्छ ।

पहिरन, गरगहना तथा श्रृंगारका साथमा सुहाउँदो फुटवेयरको कम्बिनेसनले तपाईंको व्यक्तित्वमा थप सुगन्ध सञ्चार गर्ने भएकाले प्रेमदिवसको वातावरणमा आफ्नो गेटअपलाई सुहाउँदो हाईहिल सुज, स्ट्राइपी स्यान्डल, पम्पस, थोङ, मुलस, स्ट्राइपी स्टिलिटोज स्यान्डल तथा काल्फ लेन्थ वा नि-लेन्थ बुटले फुटबेयर फेसनलाई स्टाइलिस लुक प्रदान गर्न सकिन्छ । केही हदसम्म वातावरण चिसो नै रहने भएकाले यो वातावरणमा छोटा पहिरनका साथमा मिल्दो लेगिङ तथा इम्ब्रोइडरी बिड्स एवं हल्का स्टोन वर्क गरिएका सिल्क पस्मिनाका स्टोलको प्रयोग पनि उत्तिकै शोभनीय हुन्छ ।

**–रोजिन शाक्य**

# भ्यालेन्टाइन डेका चलचित्रहरू

## म्युजिक एन्ड लेरिक्स



शीर्षकबाट यो चलचित्रको कथा कस्तो होला भनेर अनुमान गर्न सकिन्छ। हुन पनि यो चलचित्रमा संगीतलाई महत्त्व दिइएको छ। एक प्रकारले यो संगीतमय प्रेमकथा भएको चलचित्र हो। '८० को दशकमा चर्चा पाएका एक पपस्टार एलेक्स फेचरको 'कमब्याक' अर्थात् पुनर्आगमनमा केन्द्रित यो चलचित्रमा अर्की एक महिला संगीतकर्मी कोरा कोरम्यानसँगको उनको सम्बन्ध देखाइएको छ। भ्यालेन्टाइन डे अर्थात् फेब्रुअरी १४ तारिखका दिन सार्वजनिक हुने यो चलचित्रमा अभिनेता होग ग्रान्ट तथा अभिनेत्री ड्रयु ब्यरीमोर मुख्य भूमिकामा देखा पर्नेछन्। मार्क डि लरेन्सद्वारा निर्देशित यो चलचित्र हास्यप्रधान छ।

## ड्याडिज लिटिल गर्ल्स


स्वतन्त्र अमेरिकी समाजमा पनि छोरीको बाबुलाई उनीहरूको जोडीका विषयमा चिन्ता हुँदो रहेछ। यौवन अवस्थामा पुगेका तीन छोरीका बाबु उनीहरूका लागि सुहाउँदो जोडी रोज्दारोज्दै आफैं एक महिलासँग प्रेम गर्न पुग्छन्। परिस्थिति यस्तो बन्न पुग्छ कि छोरीहरूका लागि बाबुले चिन्ता गर्नुपर्ने बेला बाबुसँग ती महिलाको प्रेमसम्बन्धका कारण छोरीहरू चिन्तित हुन थाल्छन्। हास्यप्रधान यो चलचित्र पनि प्रणय दिवसकै दिन सार्वजनिक हुँदैछ। गाब्रिल युनियन, इड्रिस अल्बा, लुइस गोसेट जुनियर, ताशा स्मिथ, गेरी एन्थोनी आदि कलाकारले अभिनय गरेको यो चलचित्रका निर्माता तथा निर्देशक टेलर पेरी हुन्।

## आई कुड नेभर बी योर वुमेन

यस पटक प्रणय दिवसको मौका पारेर सार्वजनिक हुने प्रायः अंग्रेजी चलचित्र हास्यप्रधान छन्। प्रणय दिवसको दुई दिनपछि आउँदो शुक्रबार सार्वजनिक हुने चलचित्र 'आई कुड नेभर बी योर वुमेन'को विषयवस्तु केही हदसम्म 'ड्याडिज लिटिल गर्ल्स' सँग मिल्छ। फरक यति मात्र छ कि त्यसमा बाबुको चरित्र छ भने यसमा आमाको। यो चलचित्रमा आफ्ना जवान छोरीहरूले पहिलो पटक प्रेम गर्दा आमा पनि आफूभन्दा उमेरमा निकै कान्छा एक युवकसँग प्रेम गर्न थाल्छिन्। आमाको प्रेम छोरीहरूका लागि समस्या बन्न पुग्छ। चलचित्रमा मिचेल पिफिफर, पाउल रुड, ट्रेसी उलम्यान, फ्रेड विल्आर्ड, स्टासी ड्यास आदि कलाकारको अभिनय छ भने एमी हेकर्लिङ यो चलचित्रका निर्देशक हुन्।



## एकलव्य- द रोयल गार्ड



भ्यालेन्टाइन डे नै भनेर यो वर्ष बलिउडबाट कुनै विशेष चलचित्र सार्वजनिक हुनेछैन। प्रणय दिवसको दुई दिनपछि अर्थात् फेब्रुअरी १६ तारिखका दिन निर्देशक विधुविनोद चोपडाको चलचित्र 'एकलव्य– द रोयल गार्ड' सार्वजनिक हुँदैछ। यो चलचित्र छायाँङ्कनमा भव्यता, कलाकारहरूको भीड तथा धेरै लगानीका कारण पनि चर्चामा छ। यद्यपि चलचित्र 'एकलव्य-द रोयल गार्ड' द्वन्द्वप्रधान चलचित्र हो। तथापि यसमा राजकुमार हर्षबर्द्धन अर्थात् सैफअलि खान तथा सामान्य परिवारकी रज्जो अर्थात् विद्या वालनबीचको प्रेमकथा पनि प्रस्तुत गरिएको छ। एकलव्य राजस्थानको एउटा भव्य महल र अरबौंको सम्पत्तिका एक मात्र रक्षक राजकुमार हर्षबर्द्धनको आफ्नो प्रेम प्राप्ति अनि त्यो महल तथा महलवासीको सुरक्षाका लागि आफ्नो पूरै जीवन समर्पित गरेका सुरक्षा गार्ड एकलव्य अर्थात् अमिताभ बच्चनबीचको लडाइँमा केन्द्रित छ। चलचित्रमा जैकी श्राफ, सञ्जय दत्त, वोमन इरानी, शर्मिला टैगर, राइमा सेन, जिम्मी शेरगील आदि कलाकारको पनि उललेखनीय भूमिका छ।

## ब्ल्याक फ्राइडे तथा अन्डरट्रायल

प्रणय दिवसका दिन 'डेटिङ' जाने जोडीहरूले यसपटक कुनै प्रेमकथात्मक हिन्दी चलचित्र हेर्न नपाउने पक्का छ। प्रेमकथा नै खोज्ने हो भने उनीहरूले गत साता सार्वजनिक भएको 'सलाम ए इश्क' हेरेरै चित्त बुझाउनुपर्ने हुन्छ। प्रणय दिवसको साता अर्थात् आज शुक्रबारसत्य घटनामा आधारित दुईवटा चलचित्र सार्वजनिक हुँदैछन् र ती दुवै चलचित्रमा प्रेमकथा छैन। सन् १९९३ मा मुम्बईमा भएको बम विस्फोटनको श्रृंखलामा आधारित चलचित्र 'ब्ल्याक फ्राइडे'लाई प्रणय दिवसका बेलामा सार्वजनिक हुन लागेको चलचित्र भन्न मिल्दैन, यसमा कुनै प्रेमकथा छैन। अनुराग कश्यपद्वारा निर्देशित 'ब्ल्याक फ्राइडे' सँगै यो साता आफ्नै छोरीलाई बलात्कार गर्ने एक अपराधीको सत्य घटनामा आधारित चलचित्र 'अन्डरट्रायल' पनि सार्वजनिक हुँदैछ। अजिज खानद्वारा निर्देशित यो चलचित्रमा हास्यकलाकार राजपाल यादवले पहिलो पटक भावुक भूमिकामा केन्द्रीय चरित्र निर्वाह गरेका छन्।

## आगो




हलिउल र बलिउडमा भ्यालेन्टाइन स्पेसलका रूपमा चलचित्र सार्वजनिक गरिन्छ। त्यो चलन नेपाली चलचित्र वृत्तमा भने पाइँदैन। यद्यपि जानेर वा नजानेर भ्यालेन्टाइनताका नेपाली चलचित्र सार्वजनिकचाहिँ हुन्छ। यस पटक नारायण पुरीद्वारा निर्देशित चलचित्र आगो पूर्वप्रतिबन्ध दृश्य र गीत थप गरी काठमाडौं उपत्यकाबाट आज शुक्रबार सार्वजनिक गरिँदैछ। तराईको आन्दोलनले मोफसलबाट यसपटक कुनै पनि चलचित्र रिलिज भएनन्। शिवजी लामिछाने र किसान पोखरेल निर्माता रहेको चलचित्र आगो क्रान्तिकारी चलचित्र भए पनि यो चलचित्रमा रमाइलो त्रिकोणात्मक प्रेमकथा रहेको छ। चलचित्रकी मुख्य पात्र सुशील छेत्री र विपना थापाबीच गहिरो प्रेम छ। छापामारको कमान्डर भए पनि सारंगा श्रेष्ठ हृदयदेखि नै सुशीललाई मन पराउँछिन्।

आगोका पूर्व प्रतिबन्धित दृश्य के थिए त ? निर्माण पक्ष अहिले नै त्यो बताउन चाहँदैन। यद्यपि थपिएको गीतचाहिँ क्रान्तिकारी छ। त्यसको सुटिङ केही दिनअघि मात्र गरिएको हो। क्रान्तिकारी गीत माओवादीको सांस्कृतिक विभागका कार्यकर्ताले नै गाएका छन्। जे होस्, उपत्यकाका दर्शकले आगोलाई नै भ्यालेन्टाइन स्पेसलका रूपमा हेर्नुपर्ने भएको छ।

# प्रेमदिवसका बारेमा पोखराका मोडलहरू



**नवीन पाख्रिन ( पूर्व मोडल/आईईसी फेसन सेन्टर पोखरा प्रबन्धक)** : पूर्वी झापाबाट मोडलिङ क्यारियर सुरु गरेका नवीन अहिले फेसन डिजाइनिङको क्षेत्रमा सक्रिय छन्। सात वर्षअघि झापामा भएको ट्यालेन्ट कन्टेस्टमा मिस्टर ट्यालेन्टको उपाधि जितेका पाख्रिन अहिले पोखरामा फेसन डिजाइनिङसँगै फेसन सेन्टर चलाउँछन्।

सुरुका दिनमा पाख्रिनलाई प्रेम दिवस आउँदा प्रेमिका हुनुपर्छ भन्ने लाग्थ्यो। पछि उनले प्रेम दिवस भनेको केवल प्रेमी-प्रेमिकाका लागि मात्र होइन भन्ने थाहा पाए। प्रेमदिवस प्रेमी-प्रेमिकाले मात्र मनाउने होइन, साथीभाइ, घरपरिवार सबै सँगै बसेर पनि यो पर्व मनाउन सकिन्छ, पाख्रिनले साप्ताहिकलाई बताए। पाख्रिन प्रेम दिवसलाई पाश्चात्य संस्कृति भन्छन् तर पनि यसलाई सकारात्मक रूपमा लिनुपर्ने उनको धारणा छ।

यस पटकको प्रेम दिवसमा उनी फेसन सेन्टरमै एउटा रमाइलो पार्टी आयोजना गर्दैछन्, जहाँ सबै डिजाइनरको जमघट हुनेछ। सबै सँगै बसेर धूमधामसँगै प्रेम दिवस मनाउने योजना बनाएको बताउने पाख्रिनले यस पटक कसैलाई प्रेमप्रस्ताव त राख्ने होइनन् ? भन्ने प्रश्नमा लजाउँदै पाख्रिनले भने- 'त्यस्तो प्रस्ताव राख्दिनँ, कसैबाट आयो भनेचाहिँ पक्कै विचार गर्नुपर्ला।'

**बबिना शर्मा (मोडल तथा कोरियोग्राफर)** : बबिनाले मोफसलमा बसेर मोडलिङमा राष्ट्रिय पहिचान बनाएकी छिन्। पहिलो पटक भएको मिस्टर एन्ड मिस पश्चिमाञ्चलमा सेकेन्ड रनरअप भएपछि बबिनाको संसार रंगिएको हो। थुप्रै म्युजिक भिडियो तथा ब्युटिकन्टेस्टमा सहभागिता जनाइसकेकी बबिनाले हिजोआज स्थानीय स्तरमा कोरियोग्राफी पनि गर्दै आएकी छिन्।

बबिनाको विचारमा प्रेम दिवस एउटा उत्सव हो। यसलाई नकारात्मक रूपमा लिनु हुँदैन। प्रेमी-प्रेमिकाबीच मात्र प्रेम हुँदैन। श्रीमान्-श्रीमती, उमेर पाकेका वृद्धवृद्धाले समेत प्रेम दिवस मनाउन सक्छन्। बबिना आफ्नै सहकर्मी साथी एवं आफन्तहरू बसेर सद्भाव बाँड्दै रमाइलो तरिकाले यो पर्व मनाउने तर्खरमा छिन्। साथीभाइसँग गेटटुगेदर गरेर अनि घुमेर प्रेम दिवसको सदुपयोग गर्नुपर्ला- बबिनाले बताइन्।

**आशिष श्रेष्ठ (पूर्वमोडल तथा कोरियोग्राफर)** : सन् १९९८ देखि मोडलिङ क्यारियर थालेका आशिष श्रेष्ठ पोखराका पुराना कोरियोग्राफर तथा मोडलका रूपमा परिचित छिन्। श्रेष्ठले पोखरामा थुप्रै मोडल जन्माइसकेका छन्। समर फेसन नाइट पोखरा नामक कार्यक्रममा पहिलो पटक ऱ्याम्पमा क्याटवाक र कोरियोग्राफी गरेर श्रेष्ठ मोडलिङ संसारमा आएका हुन्। अहिले पनि श्रेष्ठ पोखरामा कोरियोग्राफरकै रूपमा सक्रिय छन्।


श्रेष्ठ यो पर्वलाई नकारात्मक रूपमा व्याख्या गर्नेहरूको खण्डन गर्दै भन्छन्- प्रेम दिवस आफ्नो ठाउँमा ठीक छ। उनी भ्यालेन्टाइन डेमा बाबा-आमा, दाजुभाइ, दिदीबहिनीसँग सद्भाव र माया बाँड्ने बताउँछन्। प्रेम दिवसलाई रमझमपूर्ण बनाउन उनी पार्टीहरूमा पनि सहभागी हुने बताउँछन्।

**गणेश खड्का (मोडल तथा वेभडिजाइनर)** : विगत तीन वर्षयता मोडलिङमा रुचि राख्दै आएका गणेश खड्का भारतमा अध्ययनरत रहँदा १९९८ मा पहिलो पटक ऱ्याम्पमा उत्रिएका थिए। अग्ला र मोडलमा हुनुपर्ने सबै गुण भएका खड्का वेभडिजाइनसँगै मोडलिङ क्षेत्रलाई पनि अगाडि बढाइरहेका छन्।

विगतका वर्षभन्दा यस पटकको प्रेम दिवसमा खड्का औधी प्रसन्न छन्। कारण एउटै छ, कसैसँग उनको मुटु साटिएको छ। खड्का यसपटकको प्रेम दिवस तिनै मायालुसँगै एकान्त र रमाइलो ठाउँमा पुगेर मनाउँदै छन्। प्रेम दिवसका बारेमा खड्का भन्छन्- प्रेमिकासँगै माया साटासाट गरेर प्रेम दिवस मनाउने भएको छु। विगतका वर्षमा खल्लो लाग्ने प्रेमदिवस यसपटक भिन्दै उमंग लिएर आएको छ।

**अपेक्षा केसी, (मोडल)** : पोखरामा २००३ मा भएको मिस टिन प्रतियोगितासँगै अपेक्षा केसी मोडलिङको संसारमा आइपुगेकी हुन्। केसीले अहिलेसम्म दजनौं ऱ्याम्पमा क्याटवाक गर्नुका साथै 'कहाँ बिसाऊँ मनको भारी' नामक चलचित्रमा नायिकाको भूमिकासमेत निर्वाह गरेकी छिन्।

कलेज जीवनको प्रेम दिवस उनलाई रमाइलो लाग्थ्यो। टिनएजमा जति रमाइलो अरू बेला हुँदैन, -केसीले भनिन्। विदेशी संस्कृति भए पनि यो पर्व मनाउनैपर्ने केसीको राय छ। यस पटकको प्रेम दिवसमा उनले खासै ठूलो योजना बनाएकी छैनन्। घरबाहिर कतै जान्नँ, घरभित्र परिवारसँगै बसेर रमाइलो तरिकाले यो पर्व मनाउनुपर्ला।



**रवीन्द्र बज्राचार्य (कोयिोग्राफर/मोडल)** : पोखरामा सन् १९९९ मा भएको समर फेसन एक्सपोजसँगै रवीन्द्रको मोडलिङ दौड सुरु भएको हो। सन् २००२ मा पोखरामा आयोजना भएको फेस टु फेस नामक कन्टेस्टमा बज्राचार्यले पहिलो पटक कोरियोग्राफी गरेका थिए। अहिले बज्राचार्य पोखरामा कोरियोग्राफरका रूपमा परिचित छन्। बज्राचार्यलाई केही म्युजिक भिडियोमा पनि देख्न सकिन्छ।

प्रत्येक वर्ष प्रेम दिवस आउँदा बज्राचार्यको मन प्रफुल्ल हुन्छ। अरू बेलाभन्दा १४ फेब्रुअरीका दिन उनी रोमाञ्चित हुन्छन्। यस दिन उनी विभिन्न डान्सपार्टीदेखि साथीभाइहरूले गर्ने गेटटुगेदरमा सामेल हुनमै व्यस्त हुन्छन्। यो दिन उनी आफ्नी प्रेमिकालाई पनि उत्तिकै समय दिन्छन्। प्रेम दिवसलाई प्रेमी-प्रेमिकाकै पर्वका रूपमा लिइन्छ, बज्राचार्य भन्छन्- 'धेरै समय त उनैलाई दिनुपर्ला। यो उपयुक्त मौका पनि हो। प्रेम दिवसको मोका छोपेर आफूले मन पराएकोलाई प्रेमप्रस्ताव राख्न उनी युवायुवतीहरूलाई सल्लाह पनि दिन्छन्।

# प्रेमदिवसमा प्रेम सङ्गीत





नेपालमा जहिलेदेखि गीत-सङ्गीत रेकर्ड गर्न थालियो, त्यस बेलादेखि नै प्रेमसम्बन्धी गीतले प्राथमिकता पाउँदै आएका छन्। मास्टर रत्नदासको 'झमझम पानी पर्‍यो असारको रात...' देखि प्रारम्भ भएको प्रेमगीतको चलन ७० वर्षपछि पनि उस्तै छ। पुरानो पुस्तामा प्रेम अभिव्यक्ति गर्न प्रतीकहरूको सहारा लिनुपर्ने भएकाले आजभोलिको जस्तो प्रेमलाई सोझो रूपमा व्यक्त गरिँदैनथ्यो।

'प्रेमलाई गम्भीर विषयवस्तुका रूपमा प्रस्तुत गरिन्थ्यो।' एक समयका चर्चित गायक प्रेमध्वज प्रधान भन्छन्, 'गीतमा प्रेमलाई गम्भीर रूपमा अभिव्यक्त गर्न गायकहरू लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, भीमनिधि तिवारीजस्ता साहित्यकारहरूको सहयोग लिइन्थ्यो।' प्रधानका अनुसार समय बित्दै गएपछि गीतभित्र प्रेमलाई सरल रूपमा व्याख्या गर्न थालियो। नेपाली सङ्गीतमा पपगीतको प्रवेश भएयता प्रेमको अभिव्यक्ति यति सस्तो भैदियो कि प्रेम शारीरिक अङ्गको महत्त्वपूर्ण अंश हुन थाल्यो। केही अपवादबाहेक प्रेम अभिव्यक्ति सस्तो हुन थालेको टिप्पणी वरिष्ठ सङ्गीतकार अम्बर गुरुङको छ। गुरुङ भन्छन्– 'आजभोलि नेपाली गीतमा प्रेमको गम्भीर एवं शाश्वत मूल्य प्रस्टिन छाडेको छ।'

आजभोलि प्रस्तुत हुने गीतको स्तरीयतामा गुरुङले प्रश्नचिह्न खडा गरे पनि प्रेमदिवसका अवसरमा प्रस्तुत गरिने गीति एल्बमले भने प्रेमको महानतालाई धान्ने काम गरिरहेका छन्। नेपाली सङ्गीतमा धेरैपछि प्रारम्भ भएको प्रेमदिवसको अवसर पारेर गायक, संगीतकार तथा म्युजिक कम्पनीले तयार पारेका गीतहरूले प्रेमको मूल्य धानेको दावी सङ्गीत समीक्षक अच्युत कोइरालाको दावी छ। 'पछिल्ला वर्षमा देखिएका 'सानु म...' जस्ता एल्बमका गीतहरूले प्रेमको शाश्वत मूल्य धानेको छ।' कोइराला भन्छन्, 'विगतका केही वर्षहरूमा सुगम पोखरेल, एस कुमार, मंगोलियन हर्ट, नवीन के. भट्टराई, दीपेशकिशोर भट्टराई, सञ्जीव सिंह, अनिल सिंहजस्ता गायक तथा नलिना चित्रकारजस्ता गायिका प्रेमकै गीत गाएर हिट भए। उनीहरूका गीतलाई समसामयिक गीतहरूमध्ये स्तरीय मान्न सकिन्छ।'

हुन पनि समसामयिक गायकमध्ये कर्ण दास मात्र यस्ता गायक हुन् जसले प्रेमगीत नगाई आफ्नो वर्चस्व कायम गरे। रामकृष्ण ढकाल, यम बरालजस्ता आधुनिक गायकले पनि प्रेमगीतमै आफ्नो पहिचान बनाएका छन्। दीपक बज्राचार्यका धेरै गीत हिट भए पनि उनलाई 'ओ अमिरा...' नामक भ्यालेन्टाइन गीतबाटै आजसम्म चिनिन्छ। निमा रुम्बा पनि टिन एज प्रेमकै गीत गाएर आफ्नो स्थान बनाउने गायक हुन्।

गीतकारहरूमध्ये दिनेश अधिकारी, क्षेत्रप्रताप अधिकारी, ईश्वर बल्लभ, कालीप्रसाद रिजाल, रत्नशमशेर थापा, राममान तृषित, यादव खरेल, किरण खरेल, कृष्णहरि बराल तथा प्रकट पंगेनी शिव प्रेमगीत लेख्ने चर्चित स्रष्टा मानिन्छन्। नारायण गोपालदेखि फुच्ची गायिकाका रूपमा परिचित शीतल-सुवानी मोक्तानसम्मलाई गीत दिन भ्याएका यी गीतकारहरू प्रेमबिनाको गीत लोकप्रिय हुन नसक्ने दावी गर्छन्। 'यत्ति हो, प्रेम गीत बनाउन भ्यालेन्टाइन डे आइरहनु पर्दैन।' कृष्णहरि बराल भन्छन्, 'आममानिसलाई थाहा छ, प्रेमीहरूका लागि प्रत्येक दिन भ्यालेन्टाइन डे हो।' प्रेम बिहान-बेलुका, दिन-रात, सुख-दुख सबै अवस्थामा उत्तिकै महत्त्वपूर्ण हुने बराल बताउँछन्।

नेपाली सङ्गीत बजारमा सबैभन्दा बढी पुरस्कार पाउने गीतमा पनि प्रेमगीत सङ्ग्रह नै परेका छन्। हिट्स एफएम, इमेज एफएमद्वारा दिइने एवार्डमा पनि प्रेमगीतसँग सम्बन्धित एल्बमहरूले नै एवार्ड जित्ने गरेका छन् भने कान्तिपुर एफएममा सबैभन्दा बढी बज्ने गीतको कोटिमा पनि यस्तै प्रेमगीत पर्ने गरेका छन्। वर्षभरि सबैभन्दा बढी बिक्री हुने एल्बमको रेकर्डमा पनि यस्तै गीतहरू पर्ने गरेका छन्। यसबाट पनि प्रेमसम्बन्धी गीतको स्तरीयता बढ्दै गएको प्रस्ट हुन्छ।

२०५४ सालदेखि हालसम्म हिट्स एवार्ड पाउने उत्कृष्ट एल्बमको सूची हेर्दा पनि यो कुरा प्रस्टिन्छ। सञ्जय श्रेष्ठको 'माया मेरी माया... बाट प्रारम्भ भएको प्रेमसम्बन्धी एल्बम नवीन भट्टराईको साँझपख एकान्तमा, उदय मनिलाको माया नमार, रामकृष्ण ढकालको माया गरे नि आफ्नै, सुनिल बर्देवाको 'गोरेटो अनि उस्तै छ गल्ली, दिपेश किशोरको 'के म तिम्रो साथी बन्न सक्छु, सुगम पोखरेलको मेरो एउटा साथी छ सबै प्रणय दिवसका अवसरमा सबैभन्दा बढी बिक्री हुने एल्बम हुन्। कान्तिपुर एफएमले राखेको रेकर्डअनुसार पनि श्रोताले सबैभन्दा सुन्न चाहेको गीतमा पनि यी गीत अगाडि छन्। यसबाहेक सुगम पोखरेलको 'फेरि त्यो दिन सम्झन चाहन्नँ', रामकृष्ण ढकालको 'ओराली लागेको हरिणको चाल भो, अनिल सिंहको 'मेरो यो प्रेमपत्र' गीत पनि श्रोताहरूले सबैभन्दा बढी सुन्न चाहेका गीतमा पर्छन्। पछिल्ला गीत पीडासँग सम्बन्धित भए पनि प्रेम-पीडालाई विषयवस्तु बनाएकाले पनि तिनलाई भ्यालेन्टाइन गीतको कोटिमा राख्न सकिने धारणा सङ्गीत समीक्षक दीपेश श्रेष्ठको छ।

प्रेमगीतको यही क्रेज देखेर विगत ५ वर्षदेखि भ्यालेन्टाइन डेको अवसर पारेर विभिन्न म्युजिक कम्पनीले प्रेमगीतहरूको सँगालो निकाल्न थालेका छन्। सम्झना अडियो भिडियो, म्युजिक डटकम तथा ताल म्युजिक कम्पनीहरूद्वारा प्रारम्भ गरिएको 'भ्यालेन्टाइन' एल्बमको बिक्री सुरुका दिनमा राम्रो भए पनि अहिले त्यसमा केही कमी आएको छ। 'एउटै गीतलाई भ्यालेन्टाइन लोगो दिएर पुनः बजारमा ल्याइने हुँदा पुरानो स्वादमा श्रोता रम्न नसकेका हुन्।' अर्का सङ्गीत समीक्षक अनिल स्थापित भन्छन्, 'विभिन्न गायकको एकल एल्बममा हिट भएका प्रेमगीतहरूलाई नै छानेर भ्यालेन्टाइन एल्बम निकालिने हुँदा एउटै गीतलाई बढी पैसा तिर्न श्रोता हच्किएका हुन्।' विगत ५ वर्षमा अहिलेसम्म कम्तीमा १५ वटा भ्यालेन्टाइन एल्बम बजारमा आइसकेको म्युजिक कम्पनीहरू बताउँछन्।

**यस पटकको भ्यालेन्टाइन एल्बम**

यसपटक म्युजिक डटकमद्वारा बजारमा ल्याइएको नयाँ एल्बमको नाम नै भ्यालेन्टाइन राखिएको छ। आठवटा गीत समाविष्ट उक्त एल्बममा पुराना सुपरहिट प्रेमगीत सङ्ग्रहित छन्। पहिले जस्तो यस पटक भ्यालेन्टाइन एल्बम ननिस्कनुमा पहिले निकालिएका भ्यालेन्टाइन एल्बम नै स्टकमा रहनु प्रमुख कारण भएको विक्रेताहरू बताउँछन्। केही वर्षअघिसम्म सबैजसो कम्पनीले भ्यालेन्टाइन एल्बम निकाले पनि यसपटक दुईवटा एल्बम मात्र निस्किए। भ्यालेन्टाइन डेका अवसरमा सन् २००५ यता निस्किएका एल्बम नै बिक्रीका लागि राखिएका छन्। यसपटक रिजाय म्युजिकले पनि नयाँ भ्यालेन्टाइन एल्बम बजारमा ल्याएको छ। जसको शीर्षक रियाज भ्यालेन्टाइन राखिएको छ। विसन योञ्जन, डेनी डेनजोम्पा, सबु थापा, रिजा उप्रेती, उदेश श्रेष्ठ, राम थापा, एराज, उदेश पाण्डे आदिको स्वरले सजिएका ती गीतहरूमध्ये डेनी, राम थापा तथा उदेश पाण्डेका पुराना गीतलाई क्रमशः रितु सिंह, राकेश लामिछाने, दीपेश किशोरले स्वर दिएका छन्। चिसो-चिसो हावाजस्तो पुरानो सुपर हिट गीतलाई पनि यो एल्बममा समावेश गरिएकाले यो वर्ष दुवै भ्यालेन्टाइन एल्बमबीच कडा प्रतिस्पर्धा हुने पक्का छ।



# शैली डेटिङको

पोखरा- सुजित र शीतल नाम (परिवर्तन) को प्रेम फक्रिएको पनि एक वर्ष बितिसकेको छ। दुवै पोखराकै बासिन्दा हुन्। आफ्नो प्रेमलाई चिरस्थायी बनाउन उनीहरू आजभोलि सराङकोट पुग्छन्। मुसुक्क मुस्कुराएको सेतो हिमाल हेर्दै उनीहरू मायाको भिन्नै संसारमा रमाइरहेका हुन्छन्। अहिले उनीहरू जस्तै युगल जोडीहरू प्रेमालाप यसरी नै नयाँ र एकान्त स्थल खोज्दै हिँड्छन्।

डेटिङका लागि पोखराको लम्ली हिल, सराङकोट, लेकसाइड पारीको डाडो पामे, शान्तिवन आदि ठाउँ उपयुक्त मानिन्छन्। यी ठाउँमा प्रेमका जोडीहरू प्रेमालाप र रोमान्समा मस्त भेटिन्छन्। यी स्थलमा पुग्ने आगन्तुकहरू जोडी देखेर भन्छन्- यहाँ जोडी बनेर पो आउनुपर्दो रहेछ।

समयसँगै अहिले आएर प्रेम गर्ने शैली पनि परिवर्तन हुँदै गएको छ। भर्खर प्रेममा बाँधिन लागेका जोडीहरू हुन् वा प्रेमलाई साकार रूप दिइसकेका जोडीहरू नै किन नहुन्, उनीहरूलाई एकान्त र मनमोहक वातारण नै चाहिन्छ। त्यही भएर त डेटिङका लागि उनीहरू यस्तै स्थानको खोजी गर्दै हिँड्ने गरेका छन्।

यस्तो ठाउँमा कसैले देख्छ भन्ने डर-त्रास हुँदैन। दिल फुकाएर एक-अर्काको भावना साट्न पाइन्छ। एकान्त र रमाइलो वातावरणमा प्रेमका कुरा गर्न पाउँदा युवायुवतीहरू मख्ख हुन्छन्। 'सुन्दर र एकान्त स्थल डेटिङका लागि उपयुक्त हुने गरेको छ', स्थानीय मोडल विरेन भण्डारी भन्छन्-डेटिङविनाको प्रेम सफल पनि हुन सक्दैन। अहिले प्रेमका पुजारीहरूले डेटिङ जानु अनिवार्य भएको छ। मोबाइलकै भरमा उनीहरू आफ्नो डेटिङ समय मिलाउँछन्।

लेकसाइड, वेगनासताल, रूपातालमा पनि डुङ्गाको सयर गर्ने प्रेमजोडीहरू निकै भेटिन्छन्। डुङ्गा सयर गर्दै उनीहरू आफ्नो अंकुराएको प्रेमलाई सफलीभूत बनाउँछन्। डाँडाकाँडामा पुग्नेहरू झाडीमा पुगेर माया साटासाट गर्छन्। यौन आनन्दका लागि प्रेम गर्नेहरूले डेटिङलाई गलत रूपमा लिन्छन्। जसले जे अर्थ लगाए पनि अधिकांश युवायुवतीले भने डेटिङलाई प्रेमको प्रतीकका रूपमा लिने गरेका छन्। डेटिङविनाको प्रेम खल्लो हुने अनुभव प्रेमका पारखीहरूको छ।

पोखरामा डेटिङ जाने परम्पराले तीव्रता पाएको छ। युवायुवती एवं नवविवाहित जोडीहरू पनि एकान्त स्थलको खोजी गर्दै हिंडेका देखिन्छन्। 'हनिमुन' को सहरका रूपमा चर्चा पाएको पोखराका रमाइला र एकान्त ठाउँमा झुम्मिने प्रेमजोडीहरूले यसलाई पृष्टि पनि गरेका छन्। 'डेटिङको नाममा विकृतिलाई प्रश्रय दिनुहुँदैन,' लोकगायक पुरुषोत्तम न्यौपानेको धारणा छ।

हिजोआज प्रेम गर्ने शैली पनि परिवर्तन भएको छ। कतिपय युवायुवतीले क्षणिक रोमान्सका लागि प्रेमसम्बन्ध कायम राख्दै आएको पाइन्छ। पूर्वमिस नेपाल नीलिमा गुरुङ हिजोआजको प्रेममा त्यति विश्वास गर्दिनन्। उनी भन्छिन्- 'प्रेम गर्ने नाममा आजभोलि धेरै विकृति पनि भित्रिएको छ।'

**शिव शर्मा**

# इच्छाविपरीत करणी गर्नेविरुद्ध मुद्दा

सुनसरी– एक कान दुई कान हुँदै यो खबर फैलिएपछि धेरैका लागि कौतूहलको विषय भयो। परिवारमा सीमित हुनुपर्ने विषयले कसरी सार्वजनिक सरोकारको रूप लियो अनि मुद्दा बनेर अदालतसम्म पुग्यो? इच्छाविपरीत करणी गर्ने लोग्नेविरुद्ध एउटी अवला महिला कसरी न्याय माग्दै प्रहरी कार्यालयसम्म पुगिन्?

इच्छाविपरीत श्रीमतीले करणीको प्रयास गरेकोमा इटहरीमा डेरा गरी बस्ने राजेन्द्र बूढाथोकीलाई प्रहरीले जबरजस्ती करणीको मुद्दामा कारबाही सुरु गरेको छ। रक्सी खाएर इच्छाविपरीत यौनसम्पर्क गर्न खोजेको भन्दै श्रीमती राधाकुमारीले उजुरी गरेपछि एक महिनाअघि राजेन्द्रलाई प्रहरीले पक्राउ गरेको थियो। इच्छाविपरीतको करणीलाई जबरजस्ती करणी गरेको ठहर गर्ने कानुन बनेको तीन वर्षपछि मुद्दा दर्ता गरिएको प्रहरी निरीक्षक विश्वमणि पोखरेलले बताए। यो मुद्दा पूर्वाञ्चलकै पहिलो भएको दावी प्रहरीको छ।

कानुन कार्यान्वयन भए पनि यस्तो मुद्दा आएको थिएन, पोखरेल भन्छन्– 'श्रीमान्-श्रीमतिमा यस्तो हुँदैन होला भन्ने लाग्थ्यो तर कानुन त्यसै आएको रहेनछ।' प्रहरीले आरोपितलाई ३५ दिनसम्म हिरासतमा राखेर कारबाही प्रक्रिया अघि बढाएको छ।

इटहरीमा डेरा गरी बस्ने राधाकुमारीले श्रीमान्ले मदिरा सेवन गरी आफ्नो इच्छाविपरीत दैनिकजसो यौनशोषण गरेको भन्दै प्रहरीसमक्ष उजुरी दिएकी थिइन्। 'पीडितलाई न्याय दिलाउन मुद्दा दर्ता गर्ने निर्णय गरेका हौं,' प्रहरी निरीक्षक पोखरेलले भने। यसअघि प्रशासनले राजेन्द्रलाई ३५ दिनसम्म हिरासतमा राखेर कारबाही थाल्न अनुमति दिएको थियो।

दुई सन्तानकी आमा राधाले भने श्रीमान्को गतिविधिबाट आजित भएर डेरामा बस्दै आएको उल्लेख गर्दै शोषणको क्रम नरोकिएकाले न्यायका लागि प्रहरी कार्यालय आएको उल्लेख गरेकी छिन्। राधालाई कानुनी उपचारमा जान महिला एवं बालबालिकाको क्षेत्रमा कार्यरत उप्का नेपालले सहयोग गरेको छ। उप्काकी इटहरी प्रमुख सीतासन्ध्या राईले यस्तो करणी हुने गरेका घट्ना धेरै भए पनि महिला सहेर बस्न बाध्य भएको बताइन्। 'राधाको साहसले यस्ता घटनामा पीडित महिलालाई कानुनी उपचारमा जाने बाटो खोलेको छ,' राईले बताइन्।



सन्तोष, तिमी धेरै टाढा भए पनि 'म' सधैं तिम्रो सम्झनामा छु। अनि फेरि एउटा चिठी पठाउँछौ कि भन्ने आशामा पर्खिरहन्छु। तिमी नजिक भएको महसुस गर्न एउटा तस्बिर पठाऊ ल। यो मायाको दिवसमा शुभकामनाका साथै आइ लभ यु।

**कृतिका**

साथीहरू सम्झना, कमला, शान्ति, शीतल, सृष्टि, ईश्वर, सुसान, निरोजलाई भ्यालेन्टाइन डेको हार्दिक शुभकामना। थापाथली इन्जिनियरिङ कलेजका साथी अनि टिचरहरूलाई पनि शुभकामना छ।

**सविना**

विवस, ह्यापी भ्यालेन्टाइन डे, आई मिस यु अ लट। प्लिज कल मि।

**एसएस**

साथीहरू सुरेश, सविना, सूर्य, विकास, कमला, सोनिया, अञ्जु, शर्मिला, सरिता, सुशीला, मुना, रन्जिता, प्रमिलाका साथै बहिनी पूजा र प्रियालाई नरिसाउन आग्रह गर्दै भ्यालेन्टाइन डेको हार्दिक शुभकामना।

**सुनिल**

मेरी मनकी रानी कमलीलाई जन्मदिनको लाखौंलाख शुभकामनाका साथै शान्ति, सुष्मा, रविना, सपना, रेखा, कुवेतमा बस्ने दाइ पदम, इराकमा बस्ने दाइ प्रकाश, चन्द्रे, गोपाल, कमल, दीपक, रमेश, विमल, सुशील, अक्कल, दया, सानु तथा विक्रमलाई प्रणय दिवसको मंगलमय शुभकामना।

**राजकुमार सुनुवार**

आशा, ह्यापी भ्यालेन्टाइन डे। साथै तिम्रो प्रगतिको कामना।

**केशव**

सुस्मिना, तिमीलाई पठाएको पत्र रिटर्न आयो। तिमी काठमाडौं पढ्दै रहेछौ। काठमाडौंको ठेगाना लेखी पत्र पठाउन अनुरोध छ, साथै भ्यालेन्टाइनडेको शुभकामना तिमीलाई।

**गणेश**

सनु...अमु, मैले तिमीलाई अन्जानमै माया गरेछु, वास्तविकता थाहै नपाई। मसँग टाढिने भए टाढिनु तर मेरो आँसुले तिमीलाई माया गरिरहनेछ।

**रत्न**

केएमए ग्रुप, उर्वशी, रीना, कृष्ण, विन्दु, गणेश, सोना, ज्योति, प्रविन, सागरसहित साथीहरूलाई भ्यालेन्टाइन डेको हार्दिक शुभकामना।

**नारायण**

चिरीकाजी, आफैंलाई थाहा छैन कसरी माफी मागूँ ? आज मात्र मैले वास्तविकता थाहा पाएँ। त्यस दिन जे भयो, त्यसमा तिम्रो कुनै गल्ती थिएन। गल्ती त मेरो थियो, मैले नै ती अवसरवादी साथीहरूको कुरामा विश्वास गरी तिम्रो मन दुखाएँ। सरी... मलाई माफ गरिदेऊ। प्लिज... कम ब्याक इन टु माई लाइफ। प्रणय दिवसको अवसरमा न्यानो मायासहित लाखौंलाख शुभकामना।

**टिना**

दिनेश, आई लभ यू सो मच एन्ड ह्यापी भ्यालेन्टाइन डे। तिम्रा हरेक पाइलाले सफलता चुमुन्, मेरो अन्तरआत्मादेखिको शुभकामना।

**दीपा**

गोविन्द, कमल, केशव, गोपाल, रोजिना, कोपिला, डोल्मा, राजेश साथै मलाई चिन्ने सम्पूर्ण साथीहरूलाई भ्यालेन्टाइन डे (प्रेम दिवस) को शुभकामना।

**मिलन**

सरिता, मैले तिमीलाई माया गर्न थालेको पनि आज एघार महिना भएछ। यसरी नै एघार जन्मसम्म तिमीलाई नै माया गर्नेछु। भ्यालेन्टाइन डेको मायालु शुभकामना।

**अनुप**

नीलु, प्रेम दिवसको सु-अवसरमा हृदयदेखिको शुभकामना। म तपाईंलाई धेरै माया गर्छु र मलाई विश्वास छ– तपाईं पनि मलाई उत्तिकै माया गर्नुहुन्छ। मलाई यसरी नै माया गरिरहनु, कहिले पनि मेरो मायालाई नमार्नु। म तपाईंलाई कहिल्यै बिर्सिनेछैन। तपाईं हिजो पनि मेरो मुटु हुनुहुन्थ्यो, आज पनि हुनुहुन्छ र सधैं रहिरहनुहुनेछ। तपाईंको ठाउँ यो जीवनमा अरू कसैले लिन सक्दैन।

**हजुरको 'ए' मान्छे**

अविना, तिमीलाई जन्मदिन तथा सुखी जीवनको शुभकामना। म जति रोए पनि तिमी सधैं हाँसिरहनु, श्री पशुपतिनाथसँग तिम्रो दीर्घायुको कामना गर्दछु।

**गणेश**

प्रभा, हाम्रो त्यो सम्बन्ध कति सुमधुर र प्रगाढ छ त्यो तिमीलाई पनि थाहा होला, तर हिजोआज विभिन्न बहाना बनाएर तिमी मबाट किन टाढिन खोज्दैछौ ? के तिमीलाई मेरो माया लाग्दैन ? तिमीले मलाई जुन रूपमा हेरे पनि म तिमीलाई भुल्न सक्दिनँ, म तिमीलाई धेरै-धेरै माया गर्छु।

**दीपेन्द्र**

रत्ना, तिमीलाई प्रेमदिवसको लाखौं-लाख शुभकामना। मैले तिमीलाई जति माया गर्छु, त्यति नै माया तिमीबाट पाउने अपेक्षा गर्छु।

**विचित्र**

सन्तोषी काली, म तिमीलाई प्राणभन्दा बढी माया दिन चाहन्छु। यो प्रेमदिवसले हाम्रो प्रेममा सुगन्ध थप्ने काम गरोस्।

**तिम्रो राज काले**

अनु, मञ्जु, मोना, अपेक्षा, गीता, अमिता, स्वेच्छा, मुना, सीमा, प्राप्ति, शुभेच्छा, प्रजिना, रीता, ईश्वरीलाई प्रेमदिवसको शुभकामना। साथै पत्रमित्रहरूलाई पनि।

**प्रकाश**

जान ! तिम्रो लागि ज्यान दिन तयार छ। तिम्रो साथ पाए संसारको कुनै पनि शक्तिसँग लड्न सक्छु– आइ लभ यु।

**तिम्री बेबी**

प्रिय ल, ह्यापी भ्यालेन्टाइन डे। मलाई बुझ्ने प्रयास गर।

**उज्वल**

दमौली बस्ने जीवाट नाम सुरु हुने र निकनेम कान्छी भएकी सुन्दरी– डु यू लभ मी ?

**नरेश**

सुमन, भ्यालेन्टाइन डेको धेरै-धेरै शुभकामना साथै तिम्रा हरेक इच्छा-आकांक्षा पूरा हुन्।

**१९,८,१५,२२,१**

शान्ता, म तिमीलाई धेरै माया गर्छु। कृपया मेरो मायालाई बुझ्ने प्रयास गर। मबाट कहिल्यै धोका हुँदैन, तिमीलाई भ्यालेन्टाइन डेको धेरै-धेरै शुभकामना।

**ध्रुव**

मलाई बिर्सिए पनि तिमी सदा खुसी रहनु, हाम्रो मिलनलाई सम्झेर एकपटक मुस्कान दिनु। आशा छ तिमी त्यहाँ सुखी छौ।

**imryamz**

दीक्षा, तिमी नेपाल फर्किएको त थाहा पाएँ तर समयाभावले गर्दा भेट्न सकिनँ। जे होस्, तिमी जहाँ भए पनि सफलताको शुभकामना, साथै ह्यापी भ्यालेन्टाइन डे।

**गोपाल**

मेरो मुटुको हरेक धड्कनमा धड्किने, मेरो दिलमा घरजम गरेर बस्ने अनि मेरो जिन्दगीको रिमोट हातमा लिएर हिंड्ने प्यारी सुनीतालाई हृदयदेखि आई लभ यू भन्दै प्रेमदिवसको हार्दिक शुभकामना।

**विदुर**

प्रनिला, म तिमीलाई मन पराउँछु, भित्री मनदेखि नै माया गर्छु। एउटा साँचो माया खोज्दाखोज्दै म तिमीसामु आएर अडिएँ, थाहा छैन तिमी मेरो भाग्यमा छौ-छैनौ ? तिम्रो जवाफको त अहिले पनि प्रतीक्षा छ। तिमी सधैं हाँसिरहनु, तिमीले चालेका हरेक कदम सफलताको बाटोमा जाउन्, यही मेरो कामना छ। ह्यापी भ्यालेन्टाइन डे टु माइ स्वीट हार्ट एन्ड आइ लव यु।

**सञ्जित**

आशा, मलाई भगवान्ले सबै कुरा दिएर पनि तिम्रो अनुपस्थितिमा खुसी खोज्ने सामर्थ्य दिएनछन्। अब फेरि यस्तो भयानक परीक्षा लिने प्रयास नगर। यदि हाम्रो प्रेम असफल भयो भने हामीलाई चिन्ने सबैमा प्रेमप्रतिको विश्वास टुट्नेछ। तिमी मेरो जीवनको लक्ष्य अनि खुसी हौ। प्रेम दिवस त एक बहाना मात्रै हो। तिमी साथ भयौ भने मेरा लागि हरेक दिन प्रेम दिवस हुनेछ।

**उमेश**

मलाई गर्व छ तिमी जस्ती प्रेमिका पाएकोमा। मलाई विश्वास छ तिम्रो र मेरो यो सम्बन्ध अमर रहनेछ। विश्वास गर प्रिय जीवनमा बाँच्नु छ त तिम्रा लागि, लिनु छ त तिम्रै नाम, हेर्नु छ त तिम्रै खुसी, दिनु छ त तिम्रै लागि चोखो माया र चाहन्छु त केवल तिम्रै अटुट साथ। प्रिय, मर्न र बाँच्न त जसले पनि सक्छन्, त्यसैले बाँचुन्जेल यो संसारमा एउटा उदाहरण बन्न खोजौं, आइ लव यु टिल माइ डेथ।

**तिम्रै लागि बाँचिरहेको रक्की**

विना, २००५ को भ्यालेन्टाइन डेका दिन मैले तिमीलाई आफूबाट टाढा गरें। तिम्रो हृदय दुखाएँ, माफी माग्छु म, सायद म तिम्रो प्रेमको लायक छैन। त्यसैले मेरी पहिलो प्रेमिकालाई नै धोका दिंदै उनको चित्त दुखाएँ। सायद मैले तिम्रो भावनालाई बुझिन। तिम्रो जीवनमा मभन्दा पनि राम्रो, प्रेमको भावनालाई बुझ्ने, हरेक पाइलामा साथ दिने प्रेमी आओस्, तिमीलाई प्रणय दिवसको लाखौंलाख शुभकामना।

**सुजित**

उमा, ह्यापी भ्यालेन्टाइन डे। मेरो हृदयभित्रको माया सिर्फ तिमीलाई। हामीले एक-अर्कालाई धेरै चाहयौं, हरेक पाइलामा साथ दिन खोज्यौं तर यसपालिको भ्यालेन्टाइन डेमा हाम्रो भेट हुन्छ कि हुँदैन थाहा छैन। मलाई एकपटक फोन गर। अर्को वर्षको भ्यालेन्टाइन डेमा हामी एक हुन सकौं।

**सु. देउला**

साथीहरू जो कक्षा १० मा अध्ययनरत छन्, सबैलाई प्रेम दिवसको हार्दिक शुभकामना। विशेषगरी उनीलाई बीस गर्न चाहन्छु।

**श्री**

मनु, म तिमीबिना बाँच्न सक्दिन। म तिमीलाई हृदयदेखि नै चाहन्छु। मेरो सपना अनि विपना तिमी नै हौ। मेरो भावना बुझ्ने प्रयास गर। तिमीलाई एक दिन नदेख्दा म पागलसरी हुन्छु। ह्यापी भ्यालेन्टाइन डे एन्ड आइ लभ यु टु मच।

**अतित**

छाला कारखानाभन्दा माथिको गाउँमा माघ ९ गते भएको विवाहमा नीलो रंगको कुर्ता-सलवार लगाउने, केश छोडेको र घरीघरी मलाई हेरिरहने, मैले इसाराले हाइ भन्दा म_स_क्क मुस्कुराउने युवतीलाई ह्यापी भ्यालेन्टाइन डे भन्दै भोलि शनिबार ठीक दुई बजे पनौती बसपार्कमा आउन अनुरोध छ।

**मार्लबोरो लेखिएको ज्याकेट लगाउने केटा**

जान बेटा, भाग्य र समयले हाम्रो साथ नदिए पनि माया भने अवश्य लेखेको छ। यो शरीर टाढा भए पनि मन र आत्मा सदा तिमिसँगै रहनेछ। म तिम्रो माया बिनाको संसारमा बाँच्न त टाढै जाओस्, त्यसको कल्पनासम्म पनि गर्न सक्दिन। यो प्रेम दिवसको अवसरमा तिमीलाई आइ लभ यु भन्न चाहन्छु, म तिमीलाई माया गर्थें, माया गर्छु र जीवनको अन्तिम घडीसम्म पनि माया गरिरहनेछु। हामी एक-अर्काको मायाबिना अधुरो-अपूरो छौं। यो प्रेम दिवसको अवसरमा दिन त केही सक्दिन बस मीठो र न्यानो माया स्वीकार गर।

**जान कालु**

सम्पूर्ण प्रेमी-प्रेमिकाहरूले एक भएर भ्यालेन्टाइन डे मनाउन सकुन् भन्ने शुभकामना व्यक्त गर्दै अञ्जु र उर्मिलालाई मीठो सम्झना।

**कृष्ण श्याम**

जीवनको अन्तिम क्षणसम्म सहयात्रीका रूपमा साथ पाइयोस् भनी तिमीलाई रोजें। हामी चौथो पटक माया गर्नेहरूको महान् पर्व प्रेम दिवस मनाउँदैछौं। यसरी जुनीजुनीसम्म यो पर्व मनाउने वातावरण प्राप्त होस्। हामीबीचको मायामा विश्वास अनि साथ कहिल्यै नटुटोस्, भ्यालेन्टाइन डेको हार्दिक शुभकामनाका साथै आइ लभ यु।

**लोकेश**

लक्ष्मी, बुझिन मैले तिम्रो माया, जब तिमी मसँग थियौ, जब महसुस गरें तव मैले तिमी टाढा भैसकेकी थियौ। तिमी आजभोलि किन बोल्दिनौ ? अब त बोलाउँछ्यौ कि ? ह्यापी प्रणय दिवस।

**kamal_here 88**

नम्रता, तिमी पूर्णिमाको जुन अनि बगिरहने पवित्र गंगा हौं। तिमीसँग परिचित भएपछि किन-किन तिम्रो सम्झना आइरहन्छ। सुन्दर गुलाफको फूल टिप्ने प्रयास गरेको छु। पवित्र विश्वासलाई सत्य मान्दै मेरो भावना बुझ्नेछौ भन्ने अपेक्षा गरेको छु। प्रेम दिवसको अवसरमा कञ्चन मायाको सौगात स्वरूप यो शुभकामना।

**सञ्जीव**

वर्षा, जुन दिनदेखि तिमीलाई साथ लिने विचार गरें, त्यसपछि मात्र तिम्रो सम्झनामा सारा पलहरू विताइरहेको छु। भ्यालेन्टाइन डेको अवसरमा तिमीलाई मायाको उपहार स्वरूप हार्दिक शुभकामना।

**फोटोको प्रतीक्षामा बस्ने**

रोमा, के गर्नु परिवर्तीत समय र बदलिंदो परिस्थितिले गर्दा यो प्रणय दिवसमा सँगै रमाउने मौका पाएनौं। हामीबीचको प्रेम यसैगरी युगौंयुगसम्म कायम रहोस् भन्दै भ्यालेन्टाइन डेको हार्दिक शुभकामना।

**प्रदीप**

सुलोचना, म तिमीलाई मन पराउँछु। तिमीसँग बोल्दा म एकदम प्रभावित हुन्थें तर मैले तिमीलाई प्रपोज गर्न सकिन किनकि मलाई हाम्रो मित्रता अन्त्य हुन्छ कि भन्ने डर लाग्थ्यो। मात्रै तिम्रो मुहार झल्किरहन्छ। प्रेम गर्नु पाप होइन, त्यसैले म तिमीलाई आइ एल यु भन्न चाहन्छु, अन्यथा लिन पाउँदिनौ। मेरा हरेक उद्देश्यको प्रेरणा तिमी हौ। प्रणय दिवसको हार्दिक शुभकामना।

**अविरल**

प्रिय मित्रहरू, यस पटकको प्रणय दिवसमा तपाईंहरूको मनोकामना पुगोस् भन्ने कामना गर्दछु। आनन्द, सुदर्शन, कृष्ण, सञ्जय, प्रकाश, सुमन, जीवन, प्रमोद, महेन्द्र, डिजे सन्तोषको ग्रुप, रामको ग्रुप, रोसना, शर्मिला, रिना, कञ्चन, माया तथा अनुलाई ह्यापि भ्यालेन्टाइन डे।

**रिवाज**

एलिजा, हामी जसरी भेट भए पनि हाम्रो माया हरपल यसरी नै अघि बढोस्, म जति टाढा भए पनि यो मन तिमीसँगै छ। म तिमीलाई हरपल मिस गरिरहेछु। यो भ्यालेन्टाइन डेमा सँगै नभए पनि अर्को भ्यालेन्टाइन डेमा सँगै हुनेछौं। ह्यापी भ्यालेन्टाइन डे।

**aryan_kunwar2001@yahoo.com**

एन, तिम्रासामु भन्न नसके पनि प्रेम दिवसको अवसर छोपेर भन्दैछु– म तिमीलाई धेरै माया गर्छु। सक्छौ भने हाम्रो यो मित्रतालाई अझ अमर बनाऊँ।

**आर**

साथीहरू सकुन्तला, सविता, सुष्मा, तारा, सुष्मा, नितु, सनी, सम्झना, रीता, रणु, दिलु, गौरी, धीरज, भूमिका, गीता, सानु, निरूपा, प्रेम, नेत्र, दिनेश, देव, विलन, विवेक, टेकेन्द्र, रोहित अनि विनोदका साथै मलाई चिन्ने सम्पूर्ण साथीहरूलाई भ्यालेन्टाइन डेको हार्दिक शुभकामना। रीतालाई धेरै-धेरै सम्झनाका साथै जहाँ भए पनि कल गर्न अनुरोध छ।

**उस्क्वीन**

उर्मिला, हामीले मन-मुटु साटेको पहिलो वसन्त पार हुन केही दिनमात्र बाँकी छ। समय वितेको पनि पत्तै भएन। हाम्रो मिलन, अनि विताएका ती दिनहरू, खाएका कसम, मायाका वाचाहरू अनि ती त्यस दिनका पलहरू सम्झन्छु। एक वसन्त त के हजारौं वसन्त पार गर्न सकिन्छ जस्तो लाग्छ। प्रेमी-प्रमिकाको महान् चाडको उपलक्ष्यमा हार्दिक शुभकामना।

**कृष्ण**

कक्षा १२ मा अध्ययनरत साथीहरू, उही निष्ठुरी मायालु बीका साथै वनभोज खान जाँदा सँगै बसेर फोटो खिच्ने साथी आइ...लाई धेरै-धेरै माया अनि भ्यालेन्टाइन डेको हार्दिक शुभकामना।

**दल**

रीता, म तिमीलाई कति माया गर्छु भन्ने कुरा शब्दमा व्यक्त गर्न सक्दिन। तिम्रो साथ बिना म यो संसारमा एक्लो छु। म तिमीलाई प्रणय दिवसका दिन भेट्नेछु। तिमी यसपालि एसएलसी परीक्षा दिंदैछौ, परीक्षा पनि नजिकिंदै छ, राम्रोसँग परीक्षा दिनु, बेस्ट अफ लक।

**शिव**

भ्यालेन्टाइन डेको अवसरमा मसँग पत्रमित्रता गर्न चाहनुहुने मित्रहरूलाई lokendra_akela@yahooc.com मा स्वागत छ।

**बीएल**

विमला, रेखा, गंगा, कोपिला, उषा, सपना, शर्मिला, अञ्जु, अर्कजा, ललिता, सविना, कमला, कविता, नेहा, दीक्षा, अमिर, पदम, महेश, लक्ष्मण, मिलन, चिरञ्जीवि, केदार, शिरिश, निर्मला तथा अजयलाई सम्झना अनि प्रणय दिवसको शुभकामनाका साथै अपरिचित मित्रहरूलाई पत्रमित्रताका लागि lovely_ram2002@yahoo.com मा मेल गर्न अनुरोध छ।

**शुभचिन्तक**

निकटतामा नपाएको कुरा दूरतामा पाएको छु- सम्झना, झझल्को अनि सपना। प्रणय दिवस तिम्रा लागि शुभ होस्।

**your_loverprabesh@yahoo.com**

काली, भ्यालेन्टाइन डेको लाखौं-लाख शुभकामना। नजिक भएर पनि केही उपहार तथा शुभकामना आदान-प्रदान गर्नबाट वञ्चित छौं हामी। यसैलाई शुभकामना तथा उपहार सम्झ। प्लिज तिम्रो घर अगाडिको बाटो हिंड्दा आफ्नो मुस्कानबाट मलाई वञ्चित नगर।

**तिम्रो मुटुको टुक्रा**




विजेता प्रजापति
तस्बिर : कमल श्रेष्ठ



# विश्वप्रसिद्ध प्रेमपत्र

**विश्वका केही प्रसिद्ध व्यक्तिले आफ्ना प्रेमी–प्रेमिकाहरूलाई प्रेमपत्र लेखेका थिए । माया–प्रेम तथा स्नेहका बीच रुमलिएका मानवमनका ती भावनामा दया, क्रूरता, ज्ञानता, अज्ञानताबीच समाहित भएको पाइन्छ । कहीँकतै कसैको प्रेम सफल पनि भए कहीँकतै कसैको प्रेम असफल पनि भए । कसैले कसैलाई पाउन रातदिन कुर्नुपर्‍यो, कोही कसैलाई रात दिन त के पचासौं वर्ष कुर्दा पनि सफलता हात लाग्न सकेन । यस्तै मनका भाव, विरह, पीडा, खुसी, सुख अनि एकसाथ जिउने–मर्ने साथै कसैको प्रेमलाई स्वीकार गर्ने–नगर्नेजस्ता कुराले भरिएका विश्वका केही प्रख्यात प्रेमपत्रहरू यहाँ समेटिएका छन् । यी प्रेमपत्र विश्वप्रसिद्ध अमर प्रेमपत्रहरूबाट अनुवाद गरिएका हुन् ।**

## मेरी ओवन्सलाई अब्राहम लिंकनको पत्र



**स्प्रिंगफिल्ड**
**७ मई, १८३७**
**मित्र मेरी,**

यो पत्रभन्दा पहिले मैले तिम्रो नाममा दुइटा पत्र लेखें, तर दुवै पत्रबाट म सन्तुष्ट हुन सकिनँ र च्यातेर फालिदिएँ । पहिलो पत्र धेरै गम्भीरताका कारण लेख्न सकिनँ भने दोस्रो पत्रमा गम्भीरताको अभाव भयो । अब यो पत्र कोर्दैछु चाहे जस्तो होस् म तिमीलाई पठाउने हरप्रयास गर्नेछु । स्प्रिंगफिल्डको जीवन निकै नरमाइलो छ । कमसेकम मेरा लागि यस्तो हुन सक्छ । मैले यहाँ एक्लोपन महसुस गरेको छु । म आफ्नो जीवनमा सबै स्थानमा गए पनि यही अनुभव दोहरिन्छ । जबदेखि म यहाँ आएँ केवल एक स्त्रीले मात्र मसँग कुराकानी गरेकी छिन्, सायद उनले पनि मसँग कुरा गर्ने थिइनन् यदि उनको काम नपरेको भए । म अहिलेसम्म एकपटक पनि गिर्जाघर गएको छैन र सायद चाँडै जाने प्रयत्न पनि गर्नेछैन ।

तिमी स्प्रिंगफिल्डमा बस्ने विषयमा जुन कुरा हामी दुईबीच भएको थियो त्यसमा मलाई डर लाग्छ तिमी त्यहाँ सन्तुष्ट भएर बस्न सक्दिनौ । यहाँ बग्गीमा बसेर धेरै जना घुम्न आउँछन्, तिमीले त्यसलाई नित्य देख्नेछौ र स्वयं त्यस्तै शान–शौकतले रहन सक्दिनौ, तिमीलाई उक्त कुराले साच्चै सताउनेछ, किनभने तिमीले गरिब बनेर बस्नुपर्ने हुन्छ र आफ्नो गरिबी लुकाउने साधन पनि तिमीसँग छैन, के तिमीलाई विश्वास छ– तिमी यो सब धैर्यपूर्वक सहन सक्छौ ? चाहे जुन महिला मेरो जीवनमा आउँछिन् उनको प्रसन्नता एवं पूर्ण सन्तुष्टिका लागि जे गर्नुपरे पनि पछि हट्नेछैन । यदि गर्न सकिनँ भने त्यो मेरो जीवनमा दुःख र दुर्भाग्यभन्दा अरू केही हुन नसक्ला ।

तिम्रो साथ पाएर म साँच्चै नै अपेक्षा गरेभन्दा बढी सुखी जीवन बिताउँला, तर यदि मैले तिमीमा दुःखका कुनै संकेत पाएँ भने मेरा सारा सुख, खुसी माटोमा मिल्नेछन् । जुन कुरा तिमीले भनेकी छयौ सायद ख्यालख्यालमा भनेकी हुन सक्छ । मैले नै तिमीलाई गलत सम्झिएँ । यदि यस्तो हो भने राम्रो हुन्थ्यो, यो कुरा भुलौं तर मैले तिमीलाई ठीक सम्झिएँ भने म सोच्नेछु कि तिमी फैसला गर्नुपूर्व गम्भीरतासँग सोच्नेछयौ । यदि तिमीले मसँग बस्ने फैसला गर्‍यौ भने जे कुरा मैले भनेको थिएँ त्यसलाई अक्षरशः पालना गर्नेछु । मेरो तिमीलाई सुझाव छ, तिमीले त्यसो नगरेकै राम्रो, किनकि कठोर जीवनको अभ्यास तिमीलाई छैन । यहाँको जीवन तिम्रो कल्पनाभन्दा निकै कठिन हुनसक्छ । म बुझ्छु, तिमी यो विषयमा ठीक तवरले विचार गर्न सक्छयौ, गहिराइमा पुगेर सोच्न सक्छयौ । त्यसपछि तिम्रो फैसलाअनुसार म चल्न तयार छु । यो पत्र पाएर तिमीले एउटा लामो पत्र मलाई लेख्नुपर्नेछ । त्यो पत्र लेख्नु तिम्रा लागि रुचिकर नहोला, तर मेरा लागि त्यसले यो उजाड ठाउँमा एउटा असल साथीको काम गर्नेछ ।

**तिम्रो लिंकन**

*(मेरीले लिंकनको विवाह–प्रस्तावलाई अस्वीकार गरिन्, किनभने लिंकन कुरूप मात्र नभै निर्धन पनि थिए । पछि जुन व्यक्तिसँग मेरीको विवाह भयो, ऊ जीवनभरि लिंकनको प्रमुख राजनैतिक विरोधी बन्यो ।)*

## अल्बर्टलाई रानी भिक्टोरियाको पत्र

**१० फरवरी १८४०**
**प्रियतम,**

तिमी कस्तो छौ ? के तिमी आज मस्त निन्द्रामा सुतेका छौ ? म त राति मस्तसँग सुतें, त्यसैले आज निकै फुर्तिलो भएकी छु । मौसम पनि कति रमाइलो छ ? मलाई लाग्छ, वर्षा पनि केही समय पछि रोकिनेछ । एक पंक्ति भए पनि चिठी लेखेर पठाउनू, मेरो प्रियतम मेरो मनको राजा, जब तिमी तयार हुन्छौ.. । म सदाका लागि तिम्रो सेविका हुनेछु ।

**भिक्टोरिया**

*(यो पत्र रानी भिक्टोरियाले आफ्नो विवाहको दिन अल्बर्टलाई लेखेकी थिइन् ।)*

## हेरियटलाई शेलीको पत्र

**प्रिय,**

तिम्रो प्रेमपूर्ण दृष्टिले मेरो आत्माको त्यो तुफानी वासनालाई शान्त गर्न सक्ने शक्ति राख्छ । तिम्रो कोमल एवं मधुर शब्द मेरो अशक्त जीवनमा अमृतको थोपा समान हुन सक्छ र मलाई कुनै दुःख हुँदैन । छ त केवल त्यो सर्वोत्तम सुखको परिचयमा तिम्रो कमी । हेरियट, तिम्रो आँखाको नानीमा बसेर जिउने इच्छा गर्छु, सबै दुःख यातनाभन्दा माथि तिम्रो रोषको प्रहारबाट मृत्युको मूल्य तिर्नुपरे पनि यो प्रियतमको कुरा अवश्य सुन्नु, ढिलो भए पनि, म तिम्रो घृणाको पात्र भए पनि । तिमी त्यो मानवजस्तो बन्नु, जसको हृदय खुला होस्, सबैप्रति माया–मोह गर्न सकोस्, कसैप्रति नराम्रो, कुभलो नचिताउने । स्वार्थले भरिएको यो दुनियाँमा तिमी उदार, कृपालु एवं दयालु बन्नु । यस प्रकार तिमीले आफ्नो सहिष्णुताबाट एक साथीको स्थिर सुखलाई बलियो बनाउँछौ, किनकि तिम्रो मायामा म अशक्त भएको छु । मेरो सास बेसरी चलिरहेछ, मुटु धड्किरहेछ, मेरो आँखाको ज्योति कम हुँदै गएको छ । मेरो बोलीमा तिम्रो नाम आउँछ, मेरा हात–खुट्टा कमजोरीले काँपिरहेछन् । मलाई दया गर र कुनै घातक रोग लाग्न नदेऊ । आफ्नो गलत मार्गदर्शकको विश्वास नगर । पश्चात्तापशून्य भावनालाई भगाइदेऊ । मनको उदार गर्वलाई सिद्ध हुन देऊ....यदि तिमी प्रेम गर्न सक्दिनौ भने ममाथि दयाको वाण बर्साऊ....।

**शेली**

*(विश्वप्रसिद्ध रोमान्टिक कवि, जसले आफ्नी प्रेमिकासँग सहरबाहिर गएर विवाह गरे । त्यतिबेला दुवै जना बालिग पनि भैसकेका थिएनन् । हेरियटले दुःख र गरिबीको दिनमा शेलीसँग विवाह गरिन् तर आर्थिक स्थितिमा केही सुधार आएपछि शेली उनीबाट विमुख भएर मेरीको प्रेममा फसे र हेरियटलाई पारपाचुके दिए । अन्तमा मेरीले नदीमा डुबेर आत्महत्या गरिन् ।)*

## मर्केललाई रुसोको पत्र

**अक्टुबर, १७६०**
**प्रिय,**

तिम्रो मन पनि कति क्रूर छ, तिमी किन एक्लो र शान्तिप्रिय व्यक्तिको शान्ति भङ्ग गर्न चाहन्छयौ जसले जीवनको हरेक वस्तु त्यागिसकेको छ, तसर्थ मायाबाट पाउने दुःख मैले झेल्नु नपरोस् । मैले स्थायी स्नेह–सम्बन्धको खोजीमा आफ्नो पूरा जीवन नै बेकार बनाइसकें । आफ्नो समाजमा मैले कुनै सम्बन्ध त बनाउन सकिनँ, के अब मैले तिम्रो मायाको त्यो सम्बन्धको खोजी गर्नु आवश्यक छ ? महत्त्वाकांक्षा र स्वार्थले मलाई लोभ्याउन सक्नेछैन... ममा घमन्ड पनि छैन, तर केही डरचाहिँ पक्कै छ । म कसैले दिएको मायाको भावना लत्याउन सक्दिनँ । म शेष सबै कुराको उपेक्षा गर्न सक्छु । मेरो कमजोरीबाट तिमी फाइदा लिन चाहन्छयौ भने त्यसमा पनि म विजय प्राप्त गर्न उत्सुक छु । हामीबीच जुन सामाजिक दूरी छ, हामी दुईको बेचैन दिललाई एक हुन दिनेछैन । जुन मुटुमा माया अभिव्यक्त गर्ने एकभन्दा बढी तरिका हुँदैन र मायासिवाय सबै कुरामा आफूलाई लागि आफ्नो असमर्थ अनुभव गर्छ उसका लागि मात्र कृतज्ञता नै पर्याप्त हुन्छ ?

मरचेल ! मित्रता....? मित्रताको कुरा गर्नु त उचित छ तर म यसबाट सन्तुष्ट छैन । जब म तिम्रो कुरा सुन्छु तब पागलजस्तै हुन्छु । तिमी आनन्द लिन्छयौ होला र म तिम्रो समीपमा आइपुग्छु, अन्तमा मैले कुनै कुरामा पछुताउनुपर्छ । सुन, म तिम्रो कुराप्रति निकै घृणा गर्छु । मलाई तिमीमाथि दया जाग्छ, ती कुराहरू गर्न तिमीले निकै कसरत गर्नुपर्छ । आह ! तिमी आफ्नो व्यक्तिगत जीवनमा मज्जा लिनका लागि कति आतुर छयौ ? खुसीको खोजमा म त्यहाँ आउन सक्छु तर मोन्टमारेन्सीको किला र लज्जमबर्गको होटल यस्तो ठाउँमा सम्भव हुन सक्ला र ? कि आफ्नो अनुभूतिशील हृदयमा माया भरेर पुग्छ ? एक–अर्काप्रति उत्तिकै इज्जत होस् जति अर्कोले पहिलोलाई दिन्छ र सोचौं कि मैले जति पाया उति नै फर्काइदिएजस्तो ।

म बुझ्छु र मैले देखेको पनि छु– तिमी राम्री पनि छयौ र उत्सुक पनि, तर मलाई खेद छ, मलाई समयमै यो कुरामा विश्वास हुन सकेन । तिमी त्यो वर्गसँग सम्बन्ध राख्छयौ र तिमीले जिन्दगीलाई बदल्ने प्रयास पनि गर्न सकिनौ । एकपछि अर्को नयाँ वस्तु आउने–जाने क्रम दोहरिरहन्छ, तर दिमागमा केही पनि बसिरहँदैन । तिमीले मलाई भुलिदिनेछयौ जबकि मेरो अनुकरण तिम्रा लागि असम्भव हुन सक्छ । मलाई दुःखी बनाउनमा तिम्रो ठूलो हात छ र यो कुराका लागि तिमीलाई माफ गर्न सकिँदैन ।

**तिम्रै रुसो**

*(रुसो फ्रान्सिसी क्रान्तिका जनक थिए, जसले सामन्ती शाहीको अँध्यारोबाट सबैलाई समान हक, बन्धुत्व एवं स्वतन्त्रताको हक दिलाएका थिए.... ।)*

## फेनीलाई किट्सको पत्र

**मे, १८२० मंगलबार प्रातकाल :**
**मेरी प्रियतमा, प्रेयसी,**

मैले तिमीलाई एउटा पत्र लेखेको थिएँ, मलाई विश्वास थियो– तिमी मेरी आमासँग भेट्नेछयौ । यदि यो पत्र मैले सोझै तिमीकहाँ पठाएको भए यो मेरो स्वार्थ हुन्थ्यो, किनकि म बुझ्छु तिमीलाई यसले केही कष्ट पुर्‍याउनेछ । म चाहन्छु, तिमी सम्झ तिम्रो प्रेमले मलाई कति दुःखी र पीडित बनाएको छ । म तिमीलाई आफूतिर तान्न जति पनि प्रयास गर्न सक्छु र गर्छु पनि र चाहन्छु– तिमी मलाई पूर्ण माया देऊ । यसै कुरामा मेरो जिन्दगी निर्भर गर्छ । तिमी अलिकति पनि यताउता हल्लियौ भने वा आफ्नो मन यताउता गरेर मेरो हृदय टुट्यो भने, मेरो सिवाय कुनै पनि अर्को चीजका बारेमा सोच्यौ भने म आफूलाई अभागी सम्झिनेछु, तसर्थ मलाई नभुल्नु तर यो कुरा भन्ने मेरो के अधिकार छ र ? सायद तिमी मलाई सारा–सारा दिन याद गर्छौ होला, के अधिकार मलाई यो सब भन्नका लागि कि मेरा कारण तिमीले आफ्ना सारा खुसी छोडिदेऊ, तर मलाई क्षमा गर म यस्तै चाहन्छु यदि तिमीले बुझेको छयौ– मेरो हृदयमा तिमीप्रति कति मायाप्रेम छ ? म चाहन्छु तिमी पनि मलाई उत्तिकै माया गर, जति मैले तिमीलाई गरेको छु ।

हिजो र आज पनि तिम्रो सुन्दर मुहार अनि मृगझैं तिम्रो नयन मेरो मानसपटलमा घुमिरहेको छ । म तिम्रो माया पाउन आतुर छु, हरपल हरसमय यथार्थ जीवनको कल्पना गर्दै मेरो आँखाबाट अविरल आँसु झरिरहन्छन् । मलाई विश्वास छ, एक दिन साँचो प्रेमको जित हुनेछ । मैले सुनें, तिमी एक्लै सहर गएकी छयौ रे ! यसबाट मेरो हृदयमा चोट पुग्यो तर मलाई यो कुराको डर पहिलेदेखि नै थियो, वचन देऊ, जबसम्म म स्वस्थ हुन्न तबसम्म यस्तो गर्दिनौ । यदि तिमी मनैदेखि यस्तो गर्न सक्दिनौ भने मेरी प्यारी, मलाई साँचो कुरा भनिदेऊ । तिम्रो त्यो हृदयलाई मेरो सामुन्ने खोलिदेऊ, यदि तिम्रो हृदयले सांसारिक हृदय सुखको चाहना राख्दैन भने यो सत्यलाई स्वीकार गर, अनि म सम्झनेछु– तिमी मदेखि धेरै टाढा छौ । तब म बुझ्नेछु– तिमीलाई आफ्नो बनाउन म असफल भएको छु । तिमीलाई मनपर्ने एउटा चरा पिंजडाबाट छुटेर आकाश चुम्न गयो भनेर जबसम्म उसलाई देख्नेछयौ तबसम्म हेरिरहनेछयौ तर पिंजडाबाट छुटेको चरालाई फर्काएर ल्याउने प्रयास तिम्रो काबुभन्दा बाहिर हुनेछ । त्यसबखत तिमी चैनको सास फेर्छयौ भने फेर ।

म फेसन, चमक–दमक र गुप्त प्रेमको विषलाई सहन सक्दिनँ । तिमी सिर्फ मेरी हुनुपर्छ । यदि मैले तिमीलाई सुलीमा चढ भने पनि तिमीले चढ्नुपर्छ । म भन्न चाहँदिन कि मलाई मेरो अर्को साथीको अपेक्षा बढी पीडा छ, तर म चाहन्छु– तिमी मेरो कोमल हृदय एवं सबै पत्रलाई ध्यानले पढ, सोच– यो पत्र लेख्ने व्यक्ति आखिर कति समयसम्म मानसिक कष्ट एवं मुटुलाई छिया–छिया बनाएर बाँचिरहेको छ, जसलाई तिम्रा विचित्र व्यवहारले ममाथि प्रत्येक पल पीडाहरू थोपारिरहेकी छयौ । यदि यो जन्ममा तिमी मेरी बन्न सकिनौ भने शारीरिक स्वास्थ्यमा सुधार आए पनि मलाई के लाभ हुन्छ र ? सायद मेरो प्रस्ताव स्वीकार गरिनौ भने सम्झ यो प्रेमीको जीवनको अन्त हो.......।

होइन, मेरी प्रेयसी फेनी ! मैले माथि गलत कुरा लेखेछु । म चाहँदिन कि तिमी अप्रसन्न होऊ, तर पनि म यस्तै चाहन्छु, जबकि मेरी प्रेयसी यति मधुर लावण्यवती छयौ । मेरी प्रेयसी मेरी प्यारी ! बिदा ! तिमीलाई मेरो चुम्बन– आह कति कष्ट छ.......।

**जोन किट्स**

*(फेनीले किट्सको मायाको प्रस्ताव अस्वीकार गरिन् र आफूले लेखेअनुसार किट्सले तुरुन्तै आत्महत्या गरे ।)*

## बल्पचुअसलाई गेटेको पत्र

**प्रिय,**

म तिमीलाई हृदयदेखि नै माया गर्छु । म सधैं हाम्रो मिलनको कल्पनामा डुबिरहन्छु, सबै कुरा भुलेर मेरो हृदयमा बस्न आऊ । तिमीसँग केवल यही नै कुरा माग्नेछु, किनकि मेरो हृदयमा अनेक ईर्ष्यालु विचारले वास लिएको छ । म सोच्छु मभन्दा पनि धेरै प्रिय अरू पनि कोही तिम्रा लागि हुन सक्ला ? मैले देखेको छु कि मभन्दा पनि धेरै सुन्दर र अरूलाई फकाउन सक्ने युवकहरू छन् ।

**गेटे**

*(गेटेले योभन्दा पहिले पनि लगभग आधा दर्जन युवतीसँग प्रेम गरिसकेका थिए, बल्पचुअससँग पनि गेटे विवाहभन्दा पहिलेदेखि नै सँगै बसेका थिए । उनीहरूका दुई सन्तान पनि भैसकेका थिए, जसलाई वैधानिकता दिन गेटेले विवाह गरेका थिए, गेटेले सारलेटलाई लेखेको एक पत्रबाट यो खण्ड उद्धृत गरिएको हो ।)*

## स्टोडार्टलाई हयाजलिटको पत्र

**मेरी प्रिय,**

एक साताभन्दा पनि बढी भैसक्यो, तिमीले एउटा पनि पत्र पठाइनौ । म तिम्रो पत्रको सहारामा बाँचिरहेको थिएँ, सायद त्यो सहारा नभैदिए म बाँच्न पनि सक्दिनँ होला, आखिर तिमीलाई के भयो र पत्र पनि कोर्न छाड्यौ ? तिमीले अरूसँग विवाह गर्‍यौ भन्ने कुरा सुनेर म मरेतुल्य भएँ । यो कुरा कसैले मलाई भनेको थियो । तर कोसँग गर्‍यौ विवाह ? के चिनानसँग जसले तिम्रो सौन्दर्यको बखान गर्‍यो । इजाबेलाको प्रेमी लोरेन्जोको प्रेममा इजाका तीन भाइले घृणा गर्थे, जस्तो कि तिम्रो भाइले मसँग गर्थ्यो । फेडरिगो एलबेरिगाको प्रेममा एक इमान्दार तथा सज्जन व्यक्ति पनि थियो र आफ्नो प्रेमिकालाई बाजको मासु पकाएर ख्वाउँथ्यो, उसले आफ्नो सम्पूर्ण सम्पत्ति नाश गर्‍यो । यस प्रकारले उसले आफ्नी प्रेमिकालाई पाउन सकेको थियो । यो अन्तिम व्यक्तिसँग म निकै प्रभावित छु, किनकि मैले पनि तिमीलाई एउटा उपहार दिएर आफूप्रति आकर्षित गरेको थिएँ र त्यो समय मसँग त्यसलाई खरिद गर्ने पैसा थिएन । त्यो सुन्दर योद्धाप्रति मैले धेरै रिस गर्नुपर्थ्यो, मलाई थाहा थियो– एक जीवित कुकुर मरेको बाघभन्दा ज्यादा राम्रो हुन्छ । यदि कुनै महिलाले उक्त पुस्तक लेखेको भए पनि मलाई त्यति प्रभावित गर्न सक्नेथिएन, किनकि त्यसको पुरुष पात्र त वीर र देवतासमान हुँदा स्त्री त केही होइन, के यो कुरामा केही सत्यता छ ? अतीतको मायाको कुरा गरिरहेका छौं हैन हामी ! एक दिन मैले सडकमा मेरी पूर्वप्रेमिकालाई देखें, एक दिन सपनामा पनि उसलाई देखें तर सिर्फ एक दिन ! बाँकी सबै रात मैले त्यही सपना देखें जुन मैले दुई महिनादेखि देखिरहेको छु । अब यदि तिमी मप्रति न्यायप्रिय छयौ, दया गर्छयौ भने मेरो कुराबाट सन्तुष्ट हुन्छयौ होला ।

**विलियम हयाजलिट**

## मार्गरिटलाई वाल्टर स्काटको पत्र

**प्रिय,**

भविष्यको सम्भावना मेरा लागि कति मूल्यवान बन्नेछ, यदि मेरी प्यारी मित्रले मेरो मायाको हिस्सासँग सम्झौता गर्नेछिन् । मेरो जिन्दगीको लक्ष्य यही हुनेछ कि तिमीलाई एक पल पनि चिन्ताले नसताओस्, चिन्ता आए पनि म त्यसलाई हाँसोमा उडाइदिउँला र त्यसको बोझ निकै भारी हुनेछ । हामी दुवै एक–आपसमा प्रेम बाँड्नेछौं, मलाई थाहा छ, तिमी पनि मेरो प्रेमको शक्ति एवं स्थायित्वलाई सन्देहका दृष्टिले हेर्छयौ । म यही भन्न सक्छु– पूरा गम्भीरताका साथ यो कुराको प्रतिवाद गरूँ र भनूँ कि कुनै निष्ठुर हृदयमा धेरै साँचो प्रेम कहिले पनि निस्किएन । यद्यपि यो अचानक प्रस्फुटित भएको हो, विनासोचविचार यसलाई ग्रहण गर्न सकिँदैन । तिमीप्रति जुन भाव मेरो मनमा छ मेरा लागि एकदम नयाँ हो र मैले त्यही समयका अतिरिक्त जसको तिमीसँग कुरा गरेको थिएँ, त्यस्तो भाव कहिल्यै पनि अनुभव गरिनँ । यो साता कसरी बिताउनेछु, मलाई थाहा छैन, तर जति बेचैनी र अशान्तिका साथ आज सारा दिन मैले बिताएँ, त्यति बेचैनीमा कहिल्यै कसैले बिताएको छैन होला । जब म तिमीसँग भेट गर्नेछु तब नभन्नु कि म तिमीलाई बिर्सन सक्छु । नभन त्यस्तो, किनकि मैले तिमीलाई कति माया गरेको छु, त्यसलाई प्रकट गर्न असम्भव छ । मेरो विश्वास के छ भने हामी दुवैले एक–अर्काको हुनका लागि नै जन्म लिएका छौं ।

**–वाल्टर स्काट**

# जीवनको गोरेटो



## तिम्रै भलाइका लागि



मैले जानेर वा नजानेर कसैको जीवनमा घात पुऱ्याएको थिएँ। मानिसबाट नजानेरै गल्ती हुन्छ। गल्ती गर्नेलाई माफी दिने मान्छे ठूलो हुन्छ, त्यसैले म ऊसँग माफी माग्छु। म एक युवकसँग परिचित थिएँ। हामी एउटै टोलमा बस्थ्यौं। उसको आफ्नै घर छ तर म डेरामा बस्थें। हामी राम्रैसँग बोल्थ्यौं। फागु पूर्णिमाका दिन हामीले सँगै होली खेल्यौं र अझ नजिक बन्यौं। उसले मसमक्ष प्रेम प्रस्ताव राख्यो तर मैले अस्वीकार गरें, किनकि म उसलाई त्यस्तो नजरले हेर्दिनथें।

हामी एक-अर्कालाई भेट्ने, सँगै हिंड्ने तथा राम्रैसँग बोलचाल गर्ने गर्थ्यौं। उसले मलाई एकदमै माया गर्‍यो। उसको मायाका अगाडि मैले हार्नुपऱ्यो, किनकि म पनि उसलाई मन पराउन थालिसकेकी थिएँ। हाम्रो माया मेरो जन्मदिनपश्चात् अझ प्रगाढ बन्यो। यस्तो लाग्थ्यो कि हामी सधैंका लागि एक हुनेछौं तर मलाई एउटा कुराको डर सधैं हुन्थ्यो– हामीबीचको सम्बन्ध उसको परिवारले थाहा नपाओस् तर समाजमा विभिन्न किसिमका मानिस हुन्छन् जसका कारण उसको परिवारले हाम्रो सम्बन्ध थाहा पाएछ र उसलाई गाली गरेछ।

त्यो कुरा उसले मलाई कहिल्यै भनेन, किनकि ऊ चाहँदैनथ्यो म उसको कुराले दुःखी बनूँ। मलाई सधैं यही कुराको डर हुन्थ्यो– म एक निम्न वर्गकी छोरी ऊ कुलीनवर्गको एक्लो छोरा। कतै मेरो गरिबीका कारण उसको र मेरो सम्बन्ध छुट्ने त होइन ? यस्तै-यस्तै कुरा मेरो मनमा खेलिरहन्थ्यो। समय बित्दै गयो, हामीबीच सानोतिनो झगडा हुन्थ्यो तर एकछिनमै मिल्थ्यौं। कहिले उसले मेरो चित्त दुखाउँथ्यो त कहिले म उसको चित्त दुखाउँथें।

मायामा यस्तो त भैहाल्छ! म अरूको कुरा सुनेर उसलाई नराम्रो सोच्दिनथें किनकि माया भाँड्नेहरू निकै हुन्छन्, तर म गलत रहेंछु। उसले आफ्नो मिल्ने साथीसँग मेरा बारेमा केही कुरा गरेको रहेछ र उसको साथीले मलाई त्यो कुरा भन्यो र सोध्यो- उसले भनेको कुरा ठीक हो ? मैले भनें यदि उसलाई मप्रति विश्वास छैन भने मैले मात्र किन विश्वास गर्ने ? किन सँगै हिंड्ने ?, सँगै खाने ?, एकछिन नछुट्नु मात्र प्रेम हो त ? मलाई उसले प्रेमको अर्थ बुझेको रहेनछ जस्तो लाग्यो र म बिस्तारै ऊबाट टाढिन बाध्य भएँ। एक दिन उसले पठाएको पत्र मेरो परिवारको हातमा पऱ्यो र उसलाई बोलाएर आमाले गाली गर्नुभयो।

त्यतिखेर म लाटी बनेर हेरिरहें। केही पनि भन्न सकिन किनकि मैले मात्र चाहेर वा उसले मात्र चाहेर हुँदैन, परिवारले पनि हाम्रो सम्बन्धलाई चाहनुपर्थ्यो तर त्यसो भएन। यदि मबाट केही गल्ती भएको छ भने माफ गरिदेऊ मैले त केवल तिम्रै भलाइका लागि यो सब गरेकी हुँ, म चाहन्थें– मेरो कारणले तिम्रो परिवार तिमीबाट टाढा नहोस्। त्यसैले मैले तिमीलाई नचाहेर पनि धोका दिनुपऱ्यो। अब त मलाई मेरो जिन्दगीको केही अर्थ छैन जस्तो लाग्छ तर पनि जीवन हो जिउनैपर्दो रहेछ। अहिले मैले यो जीवन आफ्ना लागि जिएकी छैन, मेरो परिवारका लागि जिइरहेकी छु। त्यसैले एकपटक फेरि भन्छु– मलाई पापी सम्झेर भए पनि माफ गर।

– सुमी

## शुभकामना

जीवनको निकै रमाइलो क्षण थियो त्यो, जहाँ तिम्रो र मेरो नाता गाँसिने कुरा प्रारम्भ भएको थियो। मंसिर पन्ध्र गतेको दिन थियो त्यो। आफ्नो पसलमा फोनको घन्टी बजेपछि मैले फोन उठाएँ। एक सुमधुर आवाजले मसँग मित्रता गाँस्ने आग्रह र अपेक्षा गरिरहेको महसुस गरें। जुन आवाज अरू कसैको थिएन, तिम्रो थियो। जीवनको त्यो मोडमा म पत्रमित्रता गर्न निकै रुचाउने भएकाले पनि पत्रपत्रिकामा मात्र नभएर मैले आफ्नो ठेगाना र फोन नम्बर विभिन्न विद्युतीय सञ्चार-माध्यममार्फत् लाखौं अपरिचित धड्कनसमक्ष पुऱ्याएको थिएँ। फलस्वरूप मैले अनगिन्ती साथी पाएँ। हुन त त्यो बेला म धेरै छापा तथा विद्युतीय सञ्चारमाध्यमको सक्रिय पाठक र श्रोता मात्र नभएर एक विद्युतीय सञ्चारमाध्यमको कार्यक्रम उत्पादक एवं प्रस्तोता पनि थिएँ। त्यसैले पनि त्यो बेला मेरा साथी कति थिए, यकिन गर्न



असमर्थ छु म।

सयौं साथीहरूमाझ एउटा यस्तो साथीको आगमन भयो जसको आगमनले जीवनलाई अर्कै मोडमा पुऱ्यायो। साथी शब्दको अर्थ त त्यही बेला बुझ्न समर्थ भएँ जब तिमीजस्तो स्वच्छ, पवित्र दिलको धनी व्यक्तिको मेरो जीवनमा प्रवेश भयो, त्यसपछि जीवनमा धेरै परिवर्तन आएको महसुस मैले गरे।

जीवनका कहालीलाग्दा गोरेटाहरू पार गर्न आज तिमीले दिएका अनमोल शब्दहरू मेरा सहयात्री बनेका छन्। तिमीले फोनमा भनेका अनि पत्रमा लेखेका एक-एक शब्द मेरो जीवनको ऊर्जा अनि प्रेरणाको स्रोत बन्दै गएका छन्। जीवनमा तिमीजस्तो साथी पाएर आफूलाई धेरै-धेरै भाग्यमानी मान्दै म हाम्रो मित्रतामा कसैको आँखा नलागोस् भन्ने कामना गर्छु। हाम्रो यो यात्राले युगौंयुग लामो सहयात्रा गर्न सकोस्। जीवनमा कुनै त्यस्तो क्षण नआओस् जहाँ हामी एकले अर्कालाई बिर्सने परिवेश होस्। हामी एक रथका दुई पांग्रा भएर युग युगान्तरसम्म बाँच्न सकौं, मेरो त यही कामना छ।

– यल्जी विवश

## फिर्कौली

उनको र मेरो भेट एउटा विद्यालयमा भएको हो। तीन सन्तानकी आमा भए पनि उनको शारीरिक बनावट आकर्षक छ। हँसिलो स्वभाव र खुला हृदयले बोल्ने भएकाले पुरुषहरू उनीसँग सम्पर्क बढाउने प्रयास गर्थे। अपांगकी श्रीमती भएकाले कतिले उनको चरित्रमाथि पनि शंका नगरेका होइनन् तर मलाई त्यस्तो लाग्दैनथ्यो। म त्यसलाई महिलामाथिको सामाजिक दुर्व्यवहार मात्र मान्थें। अचानक २०६० सालमा उनलाई विद्यालयले निष्कासन गऱ्यो। हाम्रो भेटघाट कम र फोन सम्पर्क बढी हुन थाल्यो। यसबीच तालिम लिने र दिने क्रममा हाम्रो मित्रता प्रेममा परिणत भयो। दुवै विवाहित र दुवैका तीन-तीन सन्तान भए पनि हामी एक-अर्कामा समर्पित भयौं। सँगै मर्ने, सँगै बाँच्ने कसम खायौं। एकान्त कोठामै भए पनि मनकामना देवीको सम्झना गर्दै देवीलाई साक्षी राखेर मैले उनलाई औंठी लगाइदिएँ, सिन्दूर पोते गरें र विधिवत् पत्नी बनाएँ। दुई वर्षसम्म गुप्त रूपमै पति-पत्नी भएर बस्ने हाम्रो सम्झौता भयो, कारण उनकी अर्कोपट्टिकी छोरीको एसएलसी परीक्षा पर्खनु थियो।

समय बित्दै गयो। हाम्रो गुप्त वैवाहिक सम्बन्धको चर्चा बाहिर आउन थाल्यो। हामी आफ्नो विवाहलाई सामाजिक रूप दिने निर्णयमा पुग्यौं। म जागिर सरुवा गर्ने प्रयास गर्न थालें तर समयमा सरुवा हुन सकेन। यसबीच उनले मलाई लेखेको पत्र मेरी जेठी श्रीमतीको हात परेछ। त्यो पत्रले गर्दा मेरो घरमा विवाद हुन थाल्यो। कुरा मेरो घरसम्म मात्र सीमित रहेन। उनको परिवार र पतिसम्म पुग्यो। चिठीसमेत हात परेपछि उनलाई खुबै पिटियो। घरबाट निकालिने अवस्था आएपछि हामी दुवै एकसाथ बाँच्ने-मर्ने भनेर त्यस ठाउँबाट हिंड्यौं। केही महिनापछि, मेरो जागिर मिलाउने र उनको पहिलो श्रीमान्को घर-जग्गा फिर्ता गरिदिन हामीले फर्कनुपऱ्यो। जग्गा फिर्ता गर्ने कुरामा म तटस्थ थिएँ, सबै काम उनैले गर्थिन्।

उनीसँग मेरो ल्याप्रोस्कोपी खोल्ने सल्लाह भैसकेको थियो तर छोराछोरीको माया र पुरानो लोग्नेले समेत फिर्ता आउन आग्रह गऱ्यो होला, त्यसैले जग्गा पास गरिदिन गएकी उनी फर्केर आइनन्। म पागल झैं भएँ। प्रहरीमा जाहेरी दिन तस्विर खोजें। तस्विर भेटिएन। लेमिनेसन गरेको ठूलो तस्विर समेत फेला परेन। केही महिलाले छोराछोरीको माया लागेको र पुरानो लोग्नेले राख्न स्वीकार गरेको कुरा सुनाएपछि म विक्षिप्त भएँ।

अहिले उनी पुरानो श्रीमान्सँगै फिर्कौली भएर बसेकी छिन्। आज उनी मसँग छैनन्, मसँग गरेको वाचा र जीवनभर माया, विश्वास र सहयोग गर्ने कसम तोडेर उनी फिर्कौली भएकी छिन्। उनलाई त छोराछोरी र आफन्तबीच मोजमस्ती नै होला तर म अभागी, मेरो भने परिवार नै तहसनहस भयो, मानसम्मान र जागिरसमेत गुम्ने अवस्थामा छ। जसका लागि सारा चीज गुम्यो त्यसले समेत साथ दिइन। म घरमा श्रीमती हुँदाहुँदै प्रेम गर्ने स्वार्थको फल भोगिरहेको छु।

– एलमण

## भ्यालेन्टाइन डे

अरू काल र घडीभन्दा मूल्यवान् र उत्सवपूर्ण
मायालुको माधुर्य स्वर र सौन्दर्यको तरंगमा डुल्ने,
चट्टान फोरेर गुलाब फुल्ने भ्यालेन्टाइन डे !
दम्पतीहरूले प्रेमपूर्ण क्षणहरू स्मरण गर्ने
प्राप्तिको विशाल मर्म र भाव अनुभव गर्ने,
प्रसन्नताको अनुभूति गर्ने भ्यालेन्टाइन डे !
प्रेमी हुनेहरू रत्नपार्क, ठमेल, गोदावरी घुम्ने
रिसाएकी प्रेमिकालाई विनम्रतापूर्वक अनुरोध गर्ने,
सुमधुर भविष्यको यात्रा थाल्ने भ्यालेन्टाइन डे !
अतीतको पश्चात्तापमा अर्थहीन आँसु झार्ने
कमजोर प्रेमीहरूमा जोस एवं उमंग भर्ने,
मौनताबाट स्पष्टता दिने भ्यालेन्टाइन डे !
व्याकुल मनमा प्रीति एवं सुवास छर्ने,
मायाले सफलता पाउने भ्यालेन्टाइन डे !

–कृष्ण थापा

## यो कस्तो समाज

दुई आत्माको मिलन, दुई मुटुको धड्कन र पवित्र भावनात्मक सम्बन्धको एउटै नाम हो प्रेम तर आज केही व्यक्तिको कुप्रवृत्तिले गर्दा प्रेमलाई नै दुष्परिभाषित गर्न खोजिएको छ। स्कूले जीवनको अन्तिम समयतिर यो आत्माको मिलन कुनै अर्को आत्मासँग भयो। परिणामस्वरूप म प्रेमको कसिलो बन्धनमा बाँधिएँ। त्यसपछि मैले उनका हरक्रियाकलापमा विशेष ध्यान दिन थालें। यो सम्बन्धलाई थप प्रगाढ बनाउन मैले कहिल्यै पनि उनलाई शंकाको दृष्टिले हेरिन। म सधैं स्कूलमा प्रथम वा द्वितीय भैरहन्थें, तसर्थ मैले प्रेमसँगै अध्ययनलाई पनि सशक्त बनाउँदै अघि बढ्ने दृढ संकल्प गरें।



म आफ्नो दैनिक रुटिनअनुरूप चल्ने हुँदा अध्ययनका अतिरिक्त अन्य क्रियाकलापमा पनि सफलता प्राप्त गर्थें। प्रेमलाई पनि उचित समय दिएर निश्चित स्थानमा मनका अभिव्यक्ति, भावना, माया, विचार साट्थ्यौं। यसैगरी दिनहरू बितिरहेका थिए। गतिशील समयलाई कसले पो रोक्न सक्छ र ! समयसँगै स्कूले जीवन पनि सकियो। मैले एसएलसीमा पनि उच्च अंक प्राप्त गरें। उनी पनि उत्तीर्ण भइन्। आफूले चाहेको विषय गाउँमा पढ्न नपाइने हुँदा उच्च शिक्षा हासिल गर्न सहर पस्नुपर्ने भयो। उनले भने त्यही विद्यालयमा कक्षा ११ मा भर्ना हुने निधो गरिन्। हामीले केही समय छुट्टिनुपर्ने भयो। उनले आफ्नो आँखाभरि आँसु लिएर बिदा गरिन्।

एकातिर उच्चशिक्षा हासिल गर्नुपर्ने आवश्यकता थियो भने अर्कातिर मुटुको ढुकढुकीसँग छुट्टिन पर्दाको पीडा थियो तर पनि हाम्रो सम्बन्ध दरिलो भएकाले कसैले पनि तोड्ने दुस्साहस गर्न सक्दैन भन्ने विश्वास लिई सहर बिरानो सहरमा सधैं एक्लोपन महसुस भैरहन्थ्यो। हृदयले उनलाई नै खोज्थ्यो तर यो मायाबाहेक अरू केही थिएन। दुई-तीन महिनाको अवधि पनि वर्षौं लाग्न थाल्यो। केवल पत्र र फोनको माध्यमबाट कुराहरू आदानप्रदान हुन्थ्यो। दसैं-तिहार र जाडो बिदामा घर जाँदा मात्र हाम्रो भेट हुन्थ्यो। त्यसपछि हामी एकान्तमा घन्टौं प्रेमका कुरा गर्थ्यौं। फेरि सहर पस्नुपर्ने हुँदा दुःख पनि लाग्थ्यो। त्यसैगरी दिनहरू बित्दै गए। समय बित्दै गएपछि १२ को परीक्षा



दिएर गाउँ गएँ तर अर्को दिन उनको विवाह भैसकेको समाचार सुनें। यसले मेरो मुटुभित्र तिखो वाण प्रहार गऱ्यो। अत्यन्तै पीडा भयो, त्यसपछि आफूलाई सम्हाल्न नै कठिन भयो। आत्मीय साथीको सहायताले ठीक ठाउँमा आउने प्रयास गरें। त्यसपछि यथार्थ बुझें। हाम्रो आत्मीय सम्बन्ध नसहने केही व्यक्ति र प्रेमको अर्थ बुझ्न नसक्ने समाज तगारो बन्न पुगेछ, अनि इज्जतको डरले उनको इच्छाविपरीत जबर्जस्ती विवाह गरिएछ। यद्यपि आज पनि उनकै यादमा बाँचिरहेको छु।

– युवराज

## अधुरो मित्रता

*'श्रद्धाञ्जली छ तिमीलाई यो दुई थोपा आँसुको समर्पण छ तिमीलाई यो मेरो सानो भावनाको।'*

जीवनको लामो यात्रा तिमीसँगै पार गरौं। एक सच्चा सहयात्री बन्ने प्रयास गरें तर समय र परिस्थितिको आँधीले सधैं तिम्रो सुख र दुःखमा सहभागी हुने अवसर दिएन। चाहेर पनि एक सच्चा मित्र बनेर साथ दिन सकिनँ। अफसोच यही छ, तिम्रो जीवनको अन्तिम घडीमा पनि विदाइको एक थुँगा फूलको गुच्छाले श्रद्धाञ्जली अर्पण गर्न सकिनँ। म बादलपारि, तिमीसँग टाढा, अर्कै दुनियाँमा थिएँ। थाहा भएन तिमीले त्यो पल, त्यो क्षण जीवन र मृत्युसँग कति संघर्ष गऱ्यौ होला ? अनि त्यो अग्निको ज्वालासँगै चितामा ती तिम्रा कोमल शहरीरका अंगहरू कसरी जले होलान् ? कल्पना नै गर्न सक्दिनँ।

वेदनाका चिसा थोपाहरू पत्तै नपाई यी नयनका डिलहरूबाट झर्छन्। साह्रै पीडादायी हुन्छन् यी क्षण मेरा लागि...! यो मन र मस्तिष्कमा हरपल द्वन्द्व चल्छ। मस्तिष्क भन्छ- 'ऊ यो संसारमा छैन बिर्सिदेऊ उसलाई' तर मन भन्छ- 'कसरी बिर्सिऊँ म उसलाई ? के साँच्चै नै बिर्सन सक्छु त ?' अहँ सक्दिन। औंसीपछिको पूर्णिमाले तिम्रै याद दिलाउँछ, अनि तिम्रो कोमल हत्केलाले डायरीको पन्ना-पन्नामा कोरिएका शब्दहरूले बिझाउँछ मलाई। ती सबै चीजहरूले हरदम तिम्रै सम्झनालाई ताजा बनाउँछ। जब पूर्णिमाको रात पूर्ण-चन्द्रमालाई देख्छु, तिम्रै यादले झस्कन्छु। मलाई अझै पनि सम्झना छ, त्यही चन्द्रमालाई साक्षी राखी हामीले अमर मित्रताको नाता गाँसेका थियौं तर के गर्नु, यो जुनीमा हाम्रा सबै इच्छा र आकांक्षाहरू निरर्थक साबित भए।

तर पनि किन-किन मन मान्दैन। आफैंसँग प्रश्न गर्छु आखिर उनले यस्तो निर्णय नै किन लिइन् ? यही रहस्यको वरिपरि मन टहलिरहन्छ। सधैं म अनुत्तरित हुन्छु। तिमीले त आफ्नो जीवन रहस्यको गर्भमा नै समाप्त गरिदियौ, फर्केर अनमोल जीवनलाई बुझ्ने प्रयास गरिनौ, अनि वास्तविकता र यथार्थको धरातलमा उभिने चेष्टासमेत गरिनौ। जीवनलाई एक खेल सम्झ्यौ। हुन त तिमीलाई कति पीडाले पिरोलेको होला। लाग्छ, त्यही असह्य वेदनाको आवेशमा जीवनको अर्थ बुझ्न छाड्यौ, एकोहोरो समस्याको समाधान खोजिरहयौ। विकल्प खोज्ने प्रयास गरिनौहोला अनि जीवनको यो गोरेटोमा अझ धेरै संघर्ष गर्नु छ भनेर एकपटक पनि सोचिनौ त्यसैले त्यो बाटो रोज्यौ तिमीले।

त्यसैले त परिस्थितिसँग यही एउटा गुनासो छ। त्यस्तो समयमा पनि कठोर परिस्थितिले हाम्रो मिलन गराएन। समयको जन्जिरले मलाई बाँधेर राख्यो। त्यसैले त्यो दिनको तिमीसँगको भेट नै यो जुनीको अन्तिम भेट बन्यो, तिमीले बिदाइका लागि उठाएका ती हातहरू नै अन्तिम अभिवादन बने।

– सावित्री

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. सफल मान्छे हुन के गर्नुपर्छ ?
२. पुरुषको व्यक्तित्व केमा हुन्छ ?
३. रक्सी र युवतीमध्ये के को लत (नसा) खतरनाक ? किन ?
४. तपाईंलाई केले सुखी र सन्तुष्ट बनाउँछ ?
५. के रक्सी वा नशाले दुःख भुल्न सकिन्छ ?
६. नेपालमा खेलकुदको विकासका लागि के गर्नुपर्छ ?
७. महिलाहरूलाई ३३ प्रतिशत आरक्षण कति उचित हो, किन ?
८. तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?
९. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?
१०. बुद्धि ठूलो कि बल ? किन ?

# प्रेमी-प्रेमिकाले केबाट बच्नुपर्छ ?



आजभोलिका केटाकेटीको प्रेम विभिन्न किसिमका हुन्छ । कस्तो प्रेम ? यदि जीवनसाथी नै बनाउने हो भने धोकाबाट ।
**विक्रम कुमाल (२१), तनहुँ ।**

प्रेमिकाको दाइसँग बच्नुपर्छ नत्र फेरि टाउको...।
**सञ्जयकुमार देव (२६), धरान**

आ-आफ्ना गर्लफ्रेन्डहरूसँग बच्नुपर्छ । उनीहरूले थाहा पाए भने त...।
**कान्छा गुरुङ**

प्रेम गर्नेहरू त सधैं डराउँछन् होला, तर अरूलाई के थाहा को बाट बच्नुपर्छ ? विशेषरूपमा आफ्नो टोल-छिमेकबाट नै बच्नुपर्ला ।
**सरस्वती शर्मा (२८), रसुवा**

प्रेमिकाका आमाबाबुबाट बच्नुपर्छ नत्र कुटाइ खाइन्छ ।
**सरोज अधिकारी (२०), बर्दिबास**

उसकै लागि संसार रच्नुहोला, नजाने पनि डिस्को गई नाच्नुहोला । भाग्लिन् नि लत्याएर सम्पादकज्यू होस गर्नुहोस् प्रेमिकाबाटै बच्नुहोला ।
**श्रेष्ठ सनमश्री, बगनाहा, बर्दिया**

आफू त बालापनदेखि नै प्रेम गरेको मानिस । प्रेम गर्नेले समयदेखि एकदमै बच्नुपर्छ, व्यक्तिसँग होइन । समयलाई आफ्नो वशमा पार्न कठिन छ ।
**सञ्जीव राई (१७), उदयपुर**

प्रेम गर्नेहरूले जालबाट बच्नुपर्छ किनभने प्रेममा जाल बुन्नेहरूको बाहिरी रूपमात्र देख्न सकिन्छ, भित्री मन भने देख्न सकिँदैन । त्यसैले उनीहरूले बाहिर माया गरेको जस्तो गर्छन् तर त्यो अलिकति मायाले हामीलाई पछि ठूलो जालमा पार्न सक्छन् होइन त ?
**कुबेरविवश चाम्लिङ राई**

खलनायक अर्थात् प्रेमी-प्रेमिका बा-आमा र दाजुबाट ।
**जयराम भट्टराई**

धोकाबाट, प्रेमप्रति स्पष्ट र विश्वासिलो हुनु अनिवार्य हुन्छ । यो पनि ख्याल गर्नुपर्छ कि एकतर्फी प्रेम गर्नु ठूलो अज्ञानता हो ।
**दीपक पोखरेल, सानोठिमी**

एकले अर्कालाई दोषारोपण मात्र गरेर समझदारीको वातावरण बन्दैन भने विश्वासघातीबाट बच्नुपर्ने हुन्छ ।
**सन्तोष भुजेल (२४), बारा**

धोकेबाज अर्थात् गफाडीबाट बच्नुपर्छ, भन्नुपर्दा तपाईंबाट बच्नुपर्छ, किनकि तपाईं साँचो भन्नुहोस् त अहिलेसम्म कतिवटीलाई धोका दिनुभयो ?
**वीरेन्द्र बस्नेत, हाल : काठमाडौं**

धोकाबाट बच्नुपर्छ नि ।
**इन्दु श्रेष्ठ (१८), ललितपुर**

प्रेम गर्नेहरूले पहिले प्रेम गरी धोका खाएकाहरूबाट बच्नुपर्छ । उनीहरूको दोस्रो प्रेम गर्नुको उद्देश्य हुन्छ पहिलेको बदला लिनु अर्थात् उनीहरूमा प्रतिशोधको भावना हुन्छ ।
**गोकुलप्रसाद ढकाल (२४), सुर्खेत**

बाबु-आमाबाट बच्नुपर्छ ।
**सागर पौडेल (१९), पर्वत**

प्रेमिकाका बाउबाट, किनभने उनले जति बेला पनि आक्रमण गर्न सक्छन् ।
**बाबुराम दाहाल (१७), सिन्धुली**

मृत्युको, किनकि बल्ल-बल्ल एक-अर्कामा माया-प्रीति गाँसिएको हुन्छ ।
**रवीन्द्र भण्डारी, धुम्बाराही**

खै, सम्पादकज्यू आफूले त प्रेम गर्ने मौकै पाइएको छैन, अब नजानेको कुरा कसरी भन्नु र ?
**दिभा ओझा (१७), विराटनगर**

सम्पादकज्यू, यो त मेरा लागि गम्भीर प्रश्न भयो, किनभने म कसैसँग प्रेम गर्दिन । त्यसैले जसले प्रेम गर्छ त्यसैले उत्तर देला ।
**मखन श्रेष्ठ (१५), सिन्धुली**

संसार नै प्रेमले भरिपूर्ण छ । प्रेम बिना संसार अधुरो र अपूरो हुन्छ । अनि प्रेम आफैमा सर्वशक्तिमान छ । त्यसैले प्रेम गर्नेहरूले कसैसँग डराउनु आवश्यक छैन । भनिन्छ नि, प्यार किया तो डरना क्या ?
**सूर्यकुमार चेम्जोङ (१९), सुनसरी**

प्रेम गर्नेहरूले मुड्की र मुक्कादेखि बच्नुपर्छ, नत्र त यो थुतुनो डेक्ची कुच्चिए जसरी कुच्चिहाल्छ नि ।
**निरज अर्याल (१६), बुटबल**

सम्पादक ज्यू, यो कुरा त प्रेम गर्नेहरूसँग सोध्नुपर्छ । आफूले त अझैसम्म कसैसँग प्रेम गरेको छैन ।
**दुर्गाबहादुर माझी**

प्रेम गर्नेहरूले आफ्नै प्रेमी वा प्रेमिकाहरूबाट बच्नुपर्छ ।
**अजय चौधरी (१५), कदमाह, सप्तरी**

प्रेमिकाका बुबा र उनका दाजुबाट बच्नुपर्छ । किनकि यो फर्सी जस्तो टाउको फुटाए भने को जिम्मेवार हुन्छ ? कि त टाउकाको बिमा गर्नुपर्‍यो ।
**जी. दंगाल, इटहरी, सुनसरी**

नारीको मनबाट, किनकि त्यो मन बुझ्न निकै गाह्रो हुन्छ ।
**सम्पूर्ण प्रजापति (२०), ठिमी,**

साथी त धेरै बनाइयो तर प्रेम गरिएन, त्यसैले म यो सवालमा अनभिज्ञ छु ।
**वसन्त शर्मा (१८)**

आ-आफ्ना प्रेमी-प्रेमिकाबाटै बच्नुपर्छ । यदि माया गर्नेहरूको बानी, व्यवहार नराम्रो छ, चाहेअनुसार हुँदैन भने प्रेमी-प्रेमिकाहरू कदापि मनभित्रबाट चोखो माया गर्न सक्दैनन् ।
**रमेशकुमार दनुवार (१८)**

प्रेम गर्नुभन्दा पहिले उनको बाउ कत्तिको कडा छन्, घोत्लिनु बेस होला ।
**लेखनाथ ओझा (२०), बर्दिबास**

कस्तो जिस्क्याउने प्रश्न गर्नुभएको, भाउजुको डरले त होइन ?
**एस.के. कुवर, थानकोट**

प्रेम गर्नेहरूले स्वार्थबाट बच्नुपर्छ । किनकि स्वार्थका लागि गरिएको प्रेम, प्रेम हुन सक्दैन, त्यो त एउटा नाटक बन्छ जसले जीवन बर्बाद गर्छ ।
**रञ्जिता राई (१९),**

मलाई लाग्छ प्रेम गर्दा ठूलो डर प्रेमिकाको बाउकै हुन्छ ।
**रमेश खड्का (२६)**


धोका भन्ने शब्दको डर धेरै हुन्छ । किनकि मैले पहिले नै भुक्तीबाट धोका खाइसकेको छु ।
**एसवि रोदन (१७), पथरी**

किन, सम्पादक ज्यू, अझै पनि प्रेम गर्न मन छ कि क्या हो ? चप्पलको ख्याल गर्नुपर्छ है ।
**निरञ्जन थपलिया**

धोका खाइएला भन्ने ठूलो डर हुन्छ किनकि झूटो अनि साँचो प्रेम बुझ्नै गाह्रो छ ।
**धिरज राई, इलाम**

विवाहद्वारा प्रेमलाई पूर्णता नदिएसम्म प्रेम गर्दा सबैभन्दा ठूलो डर कतै बीचमै प्रेमको डोरी टुट्ने पो हो कि भन्ने नै हुन्छ ।
**बालमुकुन्द अधिकारी**

शत्रुबाट बच्नुपर्छ,किनभने सत्रुहरूले कुरा फिंजाएर प्रेम छुटाइदिन सक्छन् ।
**गंगाराम न्यौपाने (१६)**



गायक कमलमान सिंह तथा मोडल सिसिलिया गुरुङ
तस्विर : साइबर संसार डटकम

विछोडको हुन्छ । किनभने प्रेमिकाले आफूभन्दा धनी, मोटरसाइकल तथा पैसा भएको मानिस भेटिन् भने छाड्ने सम्भावना नै बढी हुन्छ ।
**प्रेम बराइली**

सबैभन्दा ठूलो डर समाजको हुन्छ । किनभने हाम्रो समाजले प्रेमलाई कदर गर्दैन ।
**सुरज बाँस्तोला (१७), भक्तपुर**

सबैभन्दा ठूलो डर असमझदारीको हुन्छ । किनभने आपसी समझदारीको कमी भए प्रेम क्षणभरमै शत्रुतामा परिणत हुन्छ ।
**चिरञ्जीवी रेग्मी (२३), कपिलवस्तु ।**

यो त व्यक्ति अनुसार फरक पर्छ तर मलाई चाहिं उनको दिदीको डर लाग्छ ।
**वीरेन्द्र बस्नेत, अर्घाखाँची**

खोइ, अहिलेसम्म त प्रेम गरेको छैन । प्रेम गरे पनि आफ्नो तथा उनका बाबुआमाले अस्वीकार गर्नुहुन्छ कि भन्ने ठूलो डर छ ।
**कुमार अधिकारी, मैतिदेवी**

प्रेम गर्दा डराउनुको कुनै अर्थ हुँदैन ।
**जीवन थापा (२१)**

बाबुआमाले थाहा पाए भने मार्लान् भन्ने डर हुन्छ अनि स्कुलमा शिक्षकहरूको गाली खाइने डर, त्यसैले सम्पादक ज्यू, प्रेम गर्दा हजुरले पनि बाबुआमा तथा शिक्षकको ध्यान दिनु ल...।
**दमन ढुंगाना**

प्रेम गर्दा केटालाई आफ्नी प्रेमिकालाई आफ्नै भाइले भगाइदेला भन्ने डर हुन तथा केटीलाई आफ्ना प्रेमीको परिवारले माइतीपट्टिकी छोरी भित्र्याइदेलान् भन्ने चिन्ता हुनु स्वाभाविक हो । किनकि मान्छेको मन कोमल एवं परिवर्तनशील छ ।
**सुरविन्द्र पुन (२२), रुकुम**

डर त मलाई उनीदेखि नै लाग्छ । उनले मेरो पहिलो प्रेम प्रस्ताव नै रिजेक्ट गर्दिन् ।
**सुनिल मंग्राती (१६), काठमाडौं**

सम्पादकज्यू, मलाई त पढाइकै डर लाग्छ । के गर्नु प्रेम गर्न थालेपछि पढाइतिर मनै जाँदैन । अनि कक्षामा फेल भइयो भने त परिएन फसादमा ?
**सञ्जिता राई (१५), संखुवासभा**

बाबा र आमाको, कसैसँग प्रेम गरेको थाहा पाउनुभयो भने... झपार्नुहुन्छ अनि ।
**शान्ता गौतम**

सबैभन्दा ठूलो डर धोकाको हुन्छ, किनभने प्रेम गर्नेहरूको हृदय कोमल हुन्छ ।
**राजीव खड्गा (१९), सप्तरी**

प्रेमी अथवा प्रेमिका धनी भए जोडी छुट्न सक्छ, त्यसैले म धनलाई मान्छु ।
**राजु गौतम, खैरहनी, चितवन**

कसको हुनु नि...? उही मोरीका बाबुआमा वा दाजुको क्या ।
**जगेन्द्र थापा (१९), नवलपरासी**

पैसाकै हुन्छ । किनकि डेटिङ जाँदा पैसा भएन भने पर्दैन त फसाद ?
**प्रकाश श्रेष्ठ**

आपसी समझदारी एवं विश्वासको कमीको डर हुन्छ ।
**बाबुराम पाण्डे, घोराही, दाङ**

बेइमान सम्पादकज्यू, कस्तो प्रश्न सोध्नुभएको ? म सबैसँग प्रेम गर्छु तर पनि मलाई कुनै कुराको डर छैन । प्रेम गर्नेले कुनै कुराको डर मान्नुहुँदैन । त्यति पनि थाहा छैन ?
**विश्व श्रेष्ठ, चितवन**

प्रेमिकाका दाइसँग । किनकि उनका दाइले हामी दुई सँगै बसेको देखे भने बडगारा झारिदिन्छन् ।
**मनोज अधिकारी**

प्रेम गर्नेहरूले यौन सम्पर्कबाट बच्नुपर्छ किनभने विभिन्न रोग लाग्न सक्छ तर गर्नैपरे कन्डम प्रयोग गर्नुपर्छ ।
**लक्ष्मण लामा (२१), पर्सा**

मलाई त अविश्वासबाट बच्नुपर्छ जस्तो लाग्छ ।
**प्रकाश मास्के (१९), तनहुँ**

प्रेमिकासँग बच्नुपर्छ किनकि बदला लिन र धोका दिन प्रेमिकाहरू अति नै खप्पिस हुन्छन् ।
**लक्ष्मण श्रेष्ठ (२०)**

धोकाको, यो भएन भने प्रेमले मूर्तरूप पाइहाल्छ नि हैन त ?
**सोमराज गुरुङ (२१), सर्लाही**

प्रेमीले प्रेमिकालाई धोका दिन्छ कि प्रेमिकाले प्रेमीलाई धोका दिन्छिन्- प्रेम गर्दा सबैभन्दा डर हुने कुरा यही हो ।
**दुर्गाबहादुर माझी (२३), रामेछाप**

सबैभन्दा ठूलो डर अर्थको हुन्छ, बाबाको कोटको खल्तीले रेस्टुराँ धान्न गाह्रो हुन्छ नि, कस्तो कुरा नबुझेको ?
**नीरज अर्याल (१६), बुटवल**

म त माया गर्छु तर उनी कतै मलाई माया गर्दिनन् कि भन्ने हुन्छ ।
**आर.पी. सिर्जन (२१), स्याङ्जा**

आफूलाई अहिलेसम्म कसैको डर छैन, किनकि मैले प्रेम गरेकै छैन ।
bishnupandey1985@yaoo.com

प्रस्ताव राख्दा अस्वीकार गर्ने पो हुन् कि भन्ने ।
**रवीन्द्र भण्डारी, धुम्बाराही**

ए रातामकै ! एड्सको बिगबिगी भएको बेलामा केबाट बच्नु नि, मुखाँ हान्दिऊँ जस्तो ।
**अशोक बूढाथोकी (२२), धादिङ**

धोकाको, किनभने आजकालका युवायुवतीहरू प्रेम एक जनासँग अनि विवाहचाहिँ अरूसँगै गर्छन् । अनि डर लाग्दैन त ?
**देवेन्द्र कायस्थ (१७)**

प्रेमिकाको भूपू मायालुको हुन्छ, किनकि उसले जे पनि गर्न सक्छ ।
**पेशल दाहाल (१९)**

वाचा पूरा नहोला कि भन्ने डर हुन्छ, किनकि कतिले त झूटा सपना नै देखाएर स्वार्थका लागि प्रेम गरिरहेका हुन्छन् । कोही पैसाका लागि त कोही....का लागि, होइन र ?
**रविन कुँवर, सिरहा**

थाहा छैन ? ल सुन्नुहोस्, प्रेमिकाको साथका लागि दाइ वा बाउको लातबाट बच्नुपर्छ । आँखाको डिलको नीलो दाग अझै छँदैछ ।
**अभि भण्डारी (२१), त्रिशूली**

जवानीबाट, किनकि १४ वर्षमै गर्भपतन गराउनु नपरोस् ।
**टेकबहादुर ऐर, डँडेलधुरा**

प्रेम गर्नेहरूले आफ्ना अभिभावकसँग बच्नुपर्छ, किनकि उहाँहरूले देख्नुभयो भने ......।
**शशि देवकोटा (२५), सर्लाही**

पैसाको हुन्छ नि, पैसा भएन भने छाडेर भागिहाल्छन् । त्यसैले आजकाल त पर्सभरि कागजैकागज कोचेर भुक्को बनाएर हिँड्छु ।
**अभि भण्डारी (२१)**

आफ्नी प्रेमिकाको विवाह अन्तै हुन्छ कि भन्ने डर हुन्छ । यदि अरू कसैसँग आफ्नी प्रेमिकाको विवाह भयो भने त आफू ट्वाँ परिएन ।
**श्याम चौधरी**

प्रेमिकाले छाडेर जान्छिन् कि भन्ने ठूलो डर हुन्छ ।
**बहादुर माझी (२४)**

प्रेमिकाको बाउको लौरोको ।
**राम अर्याल, स्याङ्जा**

धोकाको डर हुन्छ, किनकि दिनपछि रात हुनु प्राकृतिक नियम हो ।
**प्रभात कार्की (२२)**

उही त हो– मोटाउने प्रविधि ।
**टीका**

प्रेम गर्दा सबैभन्दा ठूलो डर भन्नु नै दाजु र बुबाको हो । थाहा पाए गाली गर्ने र पिट्ने पनि हुन्छन् ।
**लक्ष्मण लामा (२१), पर्सा**

विछोड नै हो यार !
**दिनेश मगर (२२), सिन्धुली**

ठूलो डर बानीको हुन्छ । केटीहरूको बानी प्रेमीहरू फेर्ने, नयाँ प्रेमीहरू बनाउने अनि फेरि धोका दिने हुन्छ ।
**आर.बी. केसी (१७), नेपालगन्ज**

दुई प्रेमीलाई भाँड्ने दुस्मनदेखि, किनकि उसले पनि त्यही ट्राई गरिरहेको हुन्छ, तर सक्सेस हुँदैन ।
**विनोद पौड्याल**

चौथो अंगको, किनभने के लेखौं र के छापौं भैरहेको बेला हामी दुईको बेलीविस्तार छापिदिए भने ?
**सानु सल्लेरी, धनकुटा**

यो प्रश्न आधुनिक लैलामजनु, मुनामदनहरूसँग सोधे बताइदेलान् कि ! किनभने आफू त पुरानो समाजको मानिस परियो ।
**लेखनाथ ओझा (२०), बर्दिबास**

प्रेम गर्दा सबैभन्दा ठूलो डर अविश्वासको हुन्छ । किनकि प्रेममा विश्वास दिलाउन गाह्रो हुन्छ । जहाँ विश्वास हुन्छ त्यहाँ प्रेम पनि सफल हुन्छ ।
**राजु केसी, गुलरिया**

जातपात, दाइजो प्रथा, उमेरभन्दा पनि प्रेम गर्दा केटीको केटा साथी वा केटाको केटी साथी छ कि भन्ने ठूलो डर हुन्छ ।
**काशीनाथ कुमाल, बगर, पोखरा**

कुनै पनि कुरा सुरु गर्नु ठूलो कुरा होइन, त्यसलाई टिकाउन सक्नु ठूलो कुरा हो । प्रेमसम्बन्ध टिक्ट नसक्ला कि भन्ने डर हुन्छ र केही समाजको पनि डर हुन्छ ।
**अभागी**

गर्लफ्रेन्डले धोका दिन्छिन् कि भन्ने कुराको ।
**राजकुमार सुनुवार (२५),**

हेर्नुस् न, खै किन हो अहिलेसम्म कुनै केटीका आँखा फुटेनन् । अनि कसरी जान्नु ?
**dilip_baskota20002yahoo.com**

थाहा छैन, प्रेम सम्बन्ध कस्तो हुन्छ ? प्रेम भए पनि धोका हुन्छ जस्तो लाग्छ ।
**भुवन ज्ञवाली (१७), गुल्मी**

साँचो प्रेममा डर हुँदैन, झूटो प्रेममा डरको कुरै हुँदैन । यदि प्रेम गर्दा डराउँछन् भने प्रेम नै हुँदैन र त्यो सफल पनि हुँदैन ।
**शीतल ढकाल, पोखरा**

प्रेम गर्दा सबैभन्दा ठूलो डर औसरवादी प्रेमीहरूको हुन्छ, किनकि तिनीहरू भावनाहीन तर धनको पछिपछि लाग्ने खालका अनि बाह्य आकर्षणमा आशक्त हुन्छन् ।
**कुलुङ के.डी (१८), सोलुखुम्बु**

खै कुन्नि, त्यो कुराचाहिँ प्रेम गर्नेसँगै सोध्नुपर्ला ।
**विनु सुब्बा, २१) दमक**

प्रेम गर्दा कुनै कुराको डर हुन्छ जस्तो मलाई लाग्दैन, प्रेम आफैमा भावनाको स्वर्ग हो तर पनि अनुशासित र मर्यादित भने हुनैपर्छ ।
**राना रमेश, सर्लाही**

प्रेम गरेको भए पो, बरु तपाईं ट्यालेन्ट हुनुहुन्छ, भनिदिनुहोस न मलाई ।
**नवराज सापकोटा, सिन्धुपाल्चोक**

उनले छोडी जान्छिन् कि भन्ने, किनकि आफ्ना धन र समय बर्वाद हुन्छ नि ।
**के.आर. कार्की (२५), ओखलढुंगा**

निःस्वार्थ माया गर्नेलाई कुनै पनि कुराको डर हुँदैन, प्यार किया तो डरना क्या ? तर स्वार्थी माया गर्नेहरूका लागि यता बिग्रन्छ कि उता बिग्रन्छ भन्ने डर भैरहन्छ ।
**अशोक महत, पनौती**


प्रेम गर्दा सबैभन्दा ठूलो डर विवाहको हुन्छ, किनकि प्रेम गरेकै केटीसँग विवाह गर्नुपर्छ भन्ने ठूलो डर छ मलाई ।
**कृष्णप्रसाद श्रेष्ठ (३१), भक्तपुर**

एक-अर्काप्रति गर्ने विश्वासको, किनकि विश्वासविना प्रेम अघि बढ्न सक्दैन ।
**सम्पूर्ण प्रजापति**

सम्पादकज्यू, के कुरा गर्नुभा' को ? साँचो प्रेम गर्दा पनि कुनै कुराको डर हुन्छ र ?
**कौशल देवकोटा, बर्दीबास**

सबैभन्दा ठूलो डर त धोकाको हुन्छ, किनकि प्रेम गरेर धोका दिनेहरू धेरै हुन्छन् ।
**युवराज तिम्सिना (१८), धादिङ**

# प्रेम अभिव्यक्तिका नयाँ अवतार



दमौलीका नरेन्द्र थापा गएको प्रेमदिवसमा आफ्नी प्रेमिकाले प्रेम प्रस्ताव स्वीकार गरेपछि नयाँ जीवन पाएको महसुस गर्दैछन्। प्रेमदिवसनजिकिन लाग्दा एफएम रेडियो, पत्रपत्रिका तथा साथीहरूमाझ प्रेमको चर्चा, परिचर्चा हुन थालेपछि उनलाई पनि मनभित्र अंकुराएको प्रेमले छट्पटी बनाएको थियो। आफ्नो रोजाइमा परिसकेको फूल कसैले टपक्कै टिपिदिन्छ कि भन्ने डरले उनी एकदमै आत्तिएका थिए। मौका मिल्यो, माया व्यक्त गरिहालें, ठ्याक्कै पाई पनि हालें- थापा खुसी हुँदै भन्छन्।

जीवनलाई एउटा शरीर अनि प्रेमलाई त्यसको धड्कन मान्नेहरू आज प्रेममा दङ्ग परेका छन्। जीवनको लामो यात्रामा आफूसँग दुःख-सुख बाँड्ने र आफूलाई माया दिने जीवनसाथीको खोजी नगर्ने कमै होलान्। कतिले जीवनसाथी चुनेर पनि आफ्नो प्रेम व्यक्त गर्न सकिरहेका छैनन्, कतिचाहिँ प्रेमको सफल अभिव्यक्तिपछि नौलो अनि रोमाञ्चक संसारमा रमाइरहेका छन् भने कतिले प्रेम व्यक्त गर्नुभन्दा नगर्नुमै मजा लिइरहेका छन्।

प्रेम व्यक्त गर्नुपूर्वको कौतूहलताले मानिसलाई बेचैन बनाउँछ र प्रत्येक पलमा एउटा गहन अनि अनुत्तरित प्रश्नले उसलाई निरन्तर पछ्याइरहेको हुन्छ जसको उत्तर प्रेम व्यक्त गरिसकेपछि मात्र उसले पाउन सक्छ। त्यसैले आफ्ना लागि उपयुक्त पात्र भेटिसकेका तर प्रस्ताव राखिनसकेका प्रेमका पुजारीहरू उचित मौकाको पर्खाइमा हुन्छन्। उनीहरूको ध्येय सही ढङ्गबाट आफ्नो मनको भाव मीठो तवरले अभिव्यक्त गर्न सकियोस् र जित प्रेमको पक्षमा होस् भन्ने नै हुन्छ।

प्रेम अभिव्यक्तिका विभिन्न रूप हुन्छन्। पहिले-पहिले जब गाउँघरमा साँझपख रोदीमा दोहोरी चल्थ्यो तब हाम्रा बाबुबाजेहरू गीतको माध्यमबाट प्रेम व्यक्त गर्थे। भीर पाखामा घाँसपात काट्न जाँदा होस् वा वनतिर दाउरा बटुल्न जाँदा, जिस्काउँदा जिस्काउँदै माया-प्रेमको अभिव्यक्ति दिइन्थ्यो र अझ पनि यो प्रचलन ठ्याम्मै हराएको छैन। आफ्नो मनले खाएकी मनमाया गुरुडलाई भगाएको बैसको मीठो क्षण पेन्सनक्याम्प, पोखराका भारतीय भूतपूर्व सैनिक हिक्मतसिंह गुरुडको हृदयमा कुँदिएको छ। गाई चराउन गएको समयमा उनले प्रेम प्रस्ताव राखेका थिए र सफल पनि भएका थिए।

अहिलेको समय पहिलेको जस्तो छैन। प्रेमभाव त उही हो तर प्रस्तुतीकरणका भङ्गिमा फेरिएका छन्, प्रेमका अवतार फेरिएका छन्। धाननाच, तामाङ सेलो, सालैजो, झ्याउरे गीत, मारुनी जस्ता नाचगानका पर्वहरू प्रेमले भरिएका घडाबाट प्रेम पोखिने उपयुक्त उत्सव बन्थे। तन्नेरी मनहरू रोदीमा रमाउँथे, असार पन्ध्रमा हिलो खेल्दै प्रेमरूपी कमलको फूल फुलाउँथे। त्यस्ता पर्व तथा उत्सवहरू हराउँदै गएका छन् तर प्रेम हराएको छैन।

युवाहरू नयाँ-नयाँ शैली अपनाउन चाहन्छन् जसले प्रेम व्यक्त गर्न पनि सजिलो होस् र सफलता पनि हात परोस्। जाले रुमाल दिएर होइन गुलाफको फूल र ग्रिटिङ्स कार्ड साटेर प्रेमको गाँठो कस्ने चलन हुर्कंदो छ। आधुनिक प्रविधिका नवीन उपजहरूलाई पनि प्रेमका पुजारीहरूले आ-आफ्नो ढङ्गले उपयोग गरेको पाइन्छ।

विरौटा, पोखराकी कुसुम बराल आफूले मायालु जीवनसाथी पाउनुको श्रेय साप्ताहिकलाई दिन्छिन्। उनले पठाएको सन्देश पढेपछि उनको ब्वाइफ्रेन्डले तत्काल उनलाई फोन गरेर उनको प्रेम प्रस्ताव स्वीकार गरेको मीठो सम्झना सुनाउँदै उनी भन्छिन्, अरू कुनै उपायबाट पनि व्यक्त गर्न नसकेपछि सन्देशलाई नै साथी बनाएँ।

पृथ्वीनारायण क्याम्पस आईए दोस्रो वर्षमा अध्ययनरत सुरेश गिरीको अनुभव पनि रोचक छ। आफ्नी प्रेमिकासँगै कुराकानीका क्रममा कसैले तिमीलाई प्रेम प्रस्ताव राखे तिमी के भन्छौ ? भन्ने प्रश्नमा प्रेमिकाले 'सोच्नु पर्छ' मात्र भनेकी थिइन्। अझै एक वाक्य अगाडि बढेर 'मैले राखे भने नि ?' भनेर सोधेको त तुरुन्तै 'ओके भन्दिन्छु' भनेर प्रेमिका लजालु मुहारले आफूतिर हेर्दै गरेको सुन्दर अनि जीवनको अनुपम क्षण आफूले कहिल्यै बिर्सन नसक्ने उनले बताए।

भनिन्छ सच्चा प्रेमले जीवनलाई सफलतातर्फ लम्काउँछ तर प्रेमको गोरेटोमा अघि बढ्न होसियारी चाहिन्छ।


उल्लासमय वातावरण, सहज परिस्थिति एवं समयमा मनको दूरी कम भएका बखत जब प्रेमले चरम रूप धारण गर्छ तब व्यक्त गरिएको प्रेम प्रस्तावले सफल प्रेम अभिव्यक्तिको उच्चतम विन्दु चुम्छ। यसले एक-अर्काप्रतिको प्रेमलाई सुमधुर र ओजस्वी बनाउँछ। यदि कोही समय परिस्थितिको मूल्यांकनविना नै प्रेम प्रस्तावतर्फ अग्रसर हुन्छ भने विरक्तिनुसिवाय अरू कुनै उपाय हुँदैन। यस्तै तीतो अनुभव छ त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा स्नातकोत्तर तहमा अध्ययनरत अजय राईको। आफूले प्रेम प्रस्तावसहित पठाएको ग्रिटिङ्स कार्ड आफैंलाई फिर्ता आएपछिको नमीठो अनुभव उनी बारम्बार सम्झन चाहँदैनन्। 'कार्डबाट प्रस्ताव गर्दैमा रिजेक्ट हुने त होइन तर मैले त्यो अवस्थामा प्रेम पत्र नै लेख्नु उचित हुन्थ्यो। कार्डमा लेखिएका तीन शब्दबाट मात्र उनले मेरो मायाको आकाश नाप्न सकिनन्,' नरमाइलो मान्दै राई बताउँछन्। पछि उनले कति पटक भेट्ने र बोल्ने प्रयास गर्दा पनि प्रेमिका सधैंका लागि टाढिएपछि प्रेमपीडा दबाएर बस्नु बाहेक अरू उपाय नरहेको बाध्यतालाई राई लुकाउन चाहँदैनन्।

नयाँ प्रविधिको विकाससँगै युवाहरू प्रेम अभिव्यक्तिको नयाँ माध्यमको खोजीमा छन्। अहिलेको युगमा युवाहरूले इमेल, इन्टरनेट र मोबाइललाई पनि प्रेम प्रस्ताव राख्ने तथा प्रेमवार्ता गर्ने सजिलो माध्यमका रूपमा पाएका छन्। मोबाइलमा एसएमएस गरेर वा एउटा कम्प्युटरको अगाडि बसी आफ्नो हात माउसमाथि बिसाएर देश-विदेशमा भएका साथीहरूसँग सरल, सुलभ संवाद केही सेकेन्डमै गर्न सकिने भएको छ। बानेश्वर काठमाडौंकी तिर्सना थापा प्रेम प्रस्तावमा मोबाइलको उपयोग बढ्दै गएको बताउँछिन्। त्यतिमात्र होइन, प्रेमलाई दिगो एवं दरिलो बनाउन पनि मोबाइलको एसएमएसले सघाएको उनको धारणा छ।

तानसेन पाल्पाकी रुबिना शाक्यले आफूले इमेलमार्फत् नै प्रेम प्रस्ताव राखेको बताइन्। सँगै बसेर प्रेम प्रस्ताव राख्दाको डर अनि असजिलोपन हटाउन इमेल एउटा सशक्त माध्यम भएको उनको धारणा छ। जति-जति प्रेम दर्शाउँदै गयो उति-उति विश्वास र सामिप्यता बढ्दै जान्छ र अप्रत्यक्ष रूपमा प्रेमको डोरी कसिन्छ। फलस्वरूप प्रेम प्रस्तावका लागि सहज वातावरण निर्माण हुन्छ। आपसी सद्भावको भूमि धैर्य, विश्वास, लगन, समर्पण आदिले मलिलो बनाउँछ अनि प्रेमको विरुवा हलक्कै बढ्छ। प्रेम प्रस्ताव राख्ने विभिन्न उपाय छन्। चाहे प्रेमपत्र लेखेर होस् वा ग्रिटिङ्स कार्डबाट होस्, डेटिङमा खुलस्त भनेर होस् वा फोनबाट व्यक्त गरेर होस्, साथीहरूमार्फत् होस् वा पत्रपत्रिका तथा इमेलबाट नै किन नहोस्, आफ्नो प्रेम प्रस्ताव प्रेमी वा प्रेमिकासम्म पुऱ्याउन सकिन्छ। जसरी माटो मुछेर धेरै ढुङ्गाहरू जोडेर एउटा घरको आकार तयार पारेपछि मात्र खरको छानो हालिन्छ त्यसैगरी प्रेम प्रस्ताव राख्नुपूर्व त्यसका लागि सुमधुर सम्बन्ध विस्तार गरेर विश्वास र आस्थालाई उच्चतम विन्दुसम्म पुऱ्याउनुपर्छ, तबमात्र व्यक्त गरिएको प्रेमको उच्च सम्मान एवं कदर हुन सक्छ।

–भवसागर घिमिरे

# भावनाको सागरमा प्रेम



तस्वीर : ईश्वर श्रेष्ठ

ओशोका अनुसार प्रेमभन्दा ठूलो कुनै विद्यालय छैन। किनकि प्रेमका अतिरिक्त अरू कुनै पनि कुराबाट तपाईं कसैको सामीप्यमा आउन सक्नुहुन्न, जति तपाईं प्रेमको नजिक आउनुहुन्छ त्यति नै तपाईंको अन्तरात्मा प्रकट हुन्छ। तपाईं स्वयं पनि झल्किनुहुन्छ र तपाईंको निकटतम व्यक्ति पनि।

कैयन व्यक्ति प्रेमबाट बच्न चाहन्छन्, तिनलाई प्रेम जीवनको सबैभन्दा ठूलो अड्चन हो जस्तो लाग्छ। उनीहरू सोच्छन्– प्रेम कथा, कविता तथा पुस्तकहरूमै राम्रो देखिन्छ। त्यसैले उनीहरू आफ्नो जीवनको नजिक प्रेमरूपी भावनालाई आउन दिन चाहँदैनन्। किनकि उनीहरूलाई लाग्छ– यसमा ऊर्जा र समय दुवै व्यय हुन्छ।

कैयन व्यक्ति प्रेमबाट कष्ट प्राप्त हुन्छ भनेर यसबाट टाढा रहन चाहन्छन्। प्रेममा पीडा तथा कष्ट हुनसक्छ तर तिनका लागि जसले प्रेममा केही पाउने आकांक्षा राख्छन् अर्थात् जो तबसम्म प्रेम गर्न मनपराउँछन् जबसम्म तिनीहरूलाई केही प्राप्त हुन्छ। प्रेमलाई पनि नाफा-नोक्सानको धरातलमा व्यावसाय जस्तै गर्छन्।

प्रेमले व्यक्तिलाई कैयन स्थिति-परिस्थितको सेरोफेरोबाट घुमाउँछ। कैयन् उतार-चढावको अनभूति पनि गराउँछ। कैयन अवस्थामा व्यक्तिको परीक्षा पनि लिन्छ। प्रेममा व्यक्तिको हाँसो, सुख, दुःख सबै दोस्रो व्यक्तिमाथि निर्भर हुन पुग्छ। जब हामी कसैलाई प्रेम गर्न थाल्छौं तब हामीले मन पराएको व्यक्तिको इच्छा आकांक्षा अनुसार उसले जस्तो जसरी हामीलाई डोऱ्याउँछ हामी त्यही अनुरूप काम गर्न थाल्छौं।

उसको हरेक कार्य एवं कुरामा हामी सहमति दिन थाल्छौं। यहाँसम्म कि उसले दुख दिए पनि, सताए पनि, परीक्षण गरे पनि हामीलाई राम्रै लाग्छ। उसको गाली, जिद्दीपन, रीस, बहाना, नखरा आदि सबै जायज र स्वीकार्य लाग्छन्। हामी उसैका लागि आफूलाई सजाउँछौं, तयार गर्छौं र बाँच्न थाल्छौं। ऊ बाहेक सम्पूर्ण संसार नै बाधक र नराम्रो लाग्न थाल्छ। ऊ बिना संसार सानो, विरानो अनि नरमाइलो लाग्न थाल्छ।

उसका लागि सम्पूर्ण ऐस-आराम, सुखसयल, धनसम्पत्ति, मान-सम्मान, ख्याति, प्रतिष्ठा सबै कुरा बेमतलब र विना अर्थ लाग्न थाल्छन्। ऊसितको प्रेमका कारण, सामीप्यताका कारण तथा आत्मीयताका कारण।


प्रेमले व्यक्तित्वलाई परिपक्व बनाउँछ। जुन कुराले व्यक्तिलाई कष्ट दिन्छ, दिन-रात चिन्तामा डुबाइराख्छ, हरेकक्षण परीक्षण गराइरहन्छ, हामी त्यही कुराको पछिपछि भाग्छौं। प्रतीक्षा गर्छौं आफ्नो सबै चीज गुमाउनका लागि। प्रेममा व्यक्तिको समझदारीको स्तर प्रतिक्षण बढ्छ। प्रेममा व्यक्ति समस्याहरूबाट घेरिन्छन् तर त्यही समस्याले व्यक्तित्व पनि निखार्छ।

प्रेममा कैयन गुनासाले जन्म लिन्छन्, तर समयको बहावसँगै ती गुनासाहरू धन्यवादमा परिणत हुन थाल्छन्। प्रतीक्षाको व्यग्रताले सताउँछ पनि र त्यही प्रतीक्षा विस्तारै मधुर लाग्न थाल्छ। जीवनमा धैर्यताले प्रवेश पाउँछ। शर्त एवं नियमहरूबाट गुज्रेर प्रेम तर्कहीन अनि शर्तहीन बन्न पुग्छ। प्रेममा सबै कुरा सहनयोग्य लाग्छ। प्रेमले सहनशीलतालाई बढाउँछ। प्रेमले झुक्न, मेटिन वा क्षमा गर्न सिकाउँछ। मन-मस्तिष्कको स्तरलाई विस्तारित गर्छ।

प्रेम एकबाट प्रारम्भ भएर अनन्तमा हराउँछ। आकारबाट प्रारम्भ भएर निराकारमा बिलाउँछ। त्यसपछि विस्तारै-विस्तारै प्रेमी नै हराउँछन् र मात्र बाँकी रहन्छ कुनै पनि कलुषित मानवीय भावनाबाट प्रभावित नभएको पवित्र 'प्रेम'।

–रोजिन शाक्य

## प्रेमका बारेमा व्यक्त विचारहरू



- प्रेम आँखाले होइन मनले देखिन्छ।
- मानिसलाई संसारमा यदि आफूतिर आकर्षित गर्ने असली चुम्बक छ भने त्यो केवल प्रेम नै हो।
- प्रेम नै स्वर्गको मार्ग हो, मानवताको दोस्रो नाम हो, समस्त प्राणीजगतलाई प्रेम गर्नु नै मानवता हो।
- प्रेमको शक्ति दण्डको शक्तिभन्दा हजार गुणा प्रभावशाली र स्थायी हुन्छ।
- जो प्रेमबाट सुधिन सक्दैन, त्यो व्यक्ति कहिल्यै सुधिन सक्दैन।
- प्रेम आत्मासित हुन्छ, शरीरसँग होइन।
- दण्ड दिने अधिकार केवल त्यसैलाई हुन्छ जसले प्रेम गर्छ।
- प्रेमले कहिल्यै दाबा गर्दैन, सदा अर्पण गर्छ। प्रेमले जोखिम उठाउँछ, तर न क्रोध गर्छ, न त बदला नै लिन्छ।
- संसारमा घृणा, लडाइँ, झगडाको जन्म भैरहन्छन् तर प्रेमले सबै अपराध क्षमा गर्छ।
- साँचो प्रेमले मानिसको हृदयमा विलक्षण प्रभाव पार्छ।
- प्रेम दुईतर्फी हुनुपर्छ। जोसँग प्रेम गरिन्छ त्यसबाट प्रेम पनि पाइन्छ। यसरी प्रेममा नारी र पुरुषको दर्जा बराबर हुन्छ।
- मानिसको हृदयबाट प्रेम निस्केर गएपछि त्यहाँ अस्थि र चर्मको पिण्ड मात्र बाँकी रहन्छ।
- प्रेमको कुनै जाति छैन, कुनै धर्म छैन, विचार, विवेक र सुख-दुःखको कुनै ज्ञान छैन।
- प्रेम भावनामा भन्दा निर्णयमा आधारित हुन्छ।
- आमाले गर्ने प्रेम शिक्षकले दिएको दीक्षा अनि डाक्टरले गर्ने उपचारभन्दा गुणकारी हुन्छ।

– दीपा थापा

# प्रेमका खेलाडीहरू

आफ्नो प्रेमलाई सार्वजनिक गर्ने विषयमा नेपाली समाज बिस्तारै खुल्न थालेको छ। सबैलाई प्रेम चाहिन्छ र जीवनमा सबैले एक पटक प्रेम गर्छन्। कुनै समयमा नेपाली समाजमा युवा-युवतीबीच प्रेम हुनुलाई राम्रो मानिँदैनथ्यो तर पनि प्रेम हुन्थ्यो। यसरी प्रेम गर्नेहरू लुकेर प्रेम गर्थे तर अहिले प्रेमले सामाजिक रूपमै मान्यता पाएका कारण खुला रूपमा प्रस्तुत हुने वातावरण तयार भैसकेको छ।

समाजमा आएको परिवर्तनसँगै नेपाली खेलाडीहरूबीच पनि प्रेमले लोकप्रियता पाउन थालेको छ। कुनै समय खेल र सफलतालाई नै मूल मन्त्रका रूपमा लिने खेलाडीहरूले अहिले प्रेमलाई आफ्नो आवश्यकताका रूपमा प्रकट गर्न थालेका छन्। नेपाली खेलकुदमा पनि खेलाडीहरूबीच प्रेम हुनु र त्यो प्रेम वैवाहिक जीवनमा परिणत हुनु सामान्य हुँदै गएको छ। नेपाली खेलाडीहरू अहिले आफ्ना अग्रजहरूले प्रेम विवाह गरेका कारणले पनि खेलाडीसँगै प्रेम गर्न सहयोग पुगेको बताउँछन्। प्रेमको विषयमा उनीहरू अझ खुलस्त हुँदै भन्छन्- एउटै क्षेत्रमा बसेर खेल्दा स्वाभाविक रूपमा मायापिरती गाँसिने नै भयो, फेरि एकै क्षेत्रको हुँदा एकले अर्काको भावना राम्रोसँग बुझ्न सकिन्छ।





नेपाली खेलाडीहरूले आफ्नै क्षेत्रका खेलाडीहरूसँग प्रेमविवाह गरेका प्रसस्त उदाहरणहरू छन्। यस्ता उदाहरणमा मार्सल आर्टका खेलाडीहरूको संख्या अन्य खेलको तुलनामा बढी छ। मार्सल आर्टको क्षेत्रमा कुनै समय निकै चर्चित नारायण गुरुङले तेक्वान्दोकै मेरी गुरुङसँग प्रेम विवाह गरेका थिए। तेक्वान्दो खेल्ने क्रममा अमेरिका पुगेका नारायण अहिले आफ्नी श्रीमतीको सहयोगमा अमेरिकामा तेक्वान्दो डोजाङ चलाएर बसेका छन्।

आठौं सागमा नेपाललाई स्वर्ण पदक दिलाएका किशोर श्रेष्ठ र सविता राजभण्डारीले अमेरिका पुगेपछि विवाह गरे। एसियाली खेलकुद प्रतियोगितामा नेपाललाई रजत पदक दिलाएकी सविता अहिले आफ्ना श्रीमान् किशोरका साथ प्रशिक्षकका रूपमा काम गरिरहेकी छिन्। तेक्वान्दोमा सक्रिय भएर प्रेम विवाह गर्दै विदेश गएर प्रशिक्षक हुने खेलाडीहरूको सूची लामै छ। यस्ता खेलाडीहरूमध्ये रेणुका थापामगर पनि एक हुन्।

आठौं साग र एसियाली खेलकुद प्रतियोगितामा पदक जितेकी रेणुकाले सोही खेलका खेलाडी पासाङ लामासँग प्रेम विवाह गरेकी थिइन्। कुनै समयकी चर्चित तेक्वान्दो खेलाडी सीता राईले पनि प्रेम विवाह गरिन्। उनले आफ्नै खेलका खेलाडी जंगबहादुर गुरुङसँग विवाह गरिन्।

तेक्वान्दो खेलाडीहरूबीच बढेको प्रेम विवाहका सम्बन्धमा तेक्वान्दो प्रशिक्षक हेमन्त डाँगी भन्छन्- एकै ठाउँमा प्रशिक्षण गर्‍यो, खेल्न आयो, खेल्न गयो, हेर्दा हेर्दै प्रेम हुनु स्वाभाविक हो। यस्ता घटना तेक्वान्दोमा मात्र नभएर अन्य खेलमा पनि छन्। खेलाडीहरूको बढ्दो प्रेमले उनीहरूमा वैवाहिक जीवन सुमधुर भएको अनुभव साँचेका डाँगी भन्छन्- उनीहरूको प्रेमले छाडापन निम्त्याउनु हुँदैन साथै खेलमा पनि कुनै किसिमको असर पर्नु हुँदैन। प्रेम त मानवीय स्वभाव हो।

प्रेम विवाह गर्ने खेलाडीहरू तेक्वान्दो खेलसँग मात्र सम्बन्धित छैनन्। आफ्नो प्रेमलाई सफल बनाएर वैवाहिक जीवनमा परिणत गर्ने खेलाडीहरू अन्य खेलमा पनि छन्। खेल क्षेत्रमा सामान्य सफलता पाएर प्रेम विवाह गर्ने जोडीहरू त कति छन् कति।

राकेश रञ्जितको नाम भारोत्तोलनमा सफलतम खेलाडीका रूपमा दरिन्थ्यो। दक्षिण एसियाली खेलकुद प्रतियोगितामा पदकसमेत जितेका राकेशले आफ्नै खेल क्षेत्रकी अञ्जु रानाभाटसँग प्रेम विवाह गरे। राकेश र मञ्जुबीच पहिलो भेट वीरगन्जमा सम्पन्न प्रतियोगिताका क्रममा भएको थियो। उक्त प्रतियोगितामा मञ्जुले आफ्नो पहिलो सहभागितामै नेपालकी बलियो महिला खेलाडीका रूपमा आफ्नो प्रतिभा देखाएकी थिइन्।

भारोत्तोलनकै कुरा गर्दा १० औं दक्षिण एसियाली खेलकुदमा पहिलो पटक स्वर्ण पदक जितेका कमलबहादुर अधिकारीकी श्रीमती राज्यलक्ष्मी थापा पनि भारोत्तोलन खेलाडी हुन्। खेलकै क्रममा प्रेम भएको बताउने अधिकारी दम्पतीले दसौं सागको पूर्वसन्ध्यामा सम्पन्न राष्ट्रिय भारोत्तोलन प्रतियोगितामा १० नयाँ राष्ट्रिय कीर्तिमान् कायम गरेका थिए।

खेलकुदमा सफलता हात पार्दै आफ्नो प्रेमलाई सफल बनाउने खेलाडीहरूमध्ये विनीता चौधरी पनि एक हुन्। आठौं सागमा नेपाललाई कराँते खेलमा स्वर्ण पदक दिलाएकी चौधरीले कराँते खेलकै राष्ट्रिय स्तरका खेलाडी किशोर भट्टराईसँग वैवाहिक सम्बन्ध कायम गरिन्। उसुकी चर्चित खेलाडी विना खड्काले पनि सोही खेलका चन्द्रमान लामासँग प्रेमविवाह गरिन्। हाल अमेरिकामा उसुको प्रशिक्षण गराइरहेकी खड्काले सोही खेलका प्रशिक्षक समेत रहेका लामासँग विवाह गरेकी थिइन्। उसु खेल्ने क्रममा अमेरिका पुगेकी खड्का राम्रो अवसर पाएपछि उतै प्रशिक्षकका रूपमा काम गर्न थालिन्।१० औंसागमा उसु खेलमा सहभागिता गर्न अमेरिकाबाट नेपाल आएकी बिनाले नेपाललाई उसुमा स्वर्ण पदकसमेत दिलाइन्।

खेल्दाखेल्दै मायापिरती गाँस्ने खेलाडीहरूले आफ्नो प्रेमको घेरालाई फराकिलो पार्दै आएका छन्। केही लोकप्रिय खेलका खेलाडीले आफ्नो खेल कौशलका कारण बाहिरी युवतीसँग प्रेम गर्ने चलन पनि बढ्दो छ। खेलकुदमा शिक्षित व्यक्तिहरूको सहभागिता हुन थालेपछि प्रेमको परिधि पनि फैलिएको हो।

नेपालको परिप्रेक्ष्यमा लोकप्रिय फुटबल र क्रिकेटसँग सम्बन्धित खेलाडीहरूप्रति युवतीहरूको आकर्षण बढी देखिन्छ। खेलकुद पत्रकार मुकुन्द दाहाल भन्छन्- आठौं साग प्रतियोगितापछि नेपाली फुटबलमा युवतीहरूको आकर्षण बढेको हो भने क्रिकेटका अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको सहभागिता बढेकाले युवतीहरूको आकर्षण क्रिकेटरहरूतर्फ पनि तानिएको छ।

अहिलेका युवा खेलाडीहरू आफ्नो प्रेमलाईसजिलै व्यक्त गर्दैनन्। उनीहरू आफूतर्फ आकर्षित हुने युवतीहरूलाई प्रशंसक मान्छन् भने कसैले राम्रो साथीका रूपमा पनि हेर्ने गरेका छन्। क्रिकेट खेलाडीहरू पनि यही तर्कलाई अघि सार्छन् तर उनीहरूको उपस्थितिमा आफूलाई खेलमा हौसला प्राप्त हुने कुरा बताउन उनीहरू चुक्दैनन्। खेल हेर्दा बनेका प्रशंसकहरूसँग वैवाहिक सम्बन्ध गाँस्ने खेलाडीहरूको संख्या पनि दिन-प्रतिदिन बढ्दो छ।

कुनै समय नेपाली फुटबलका चर्चित खेलाडी मणि शाहले आफ्नो खेल प्रशंसकसँगै विवाह गरेका थिए। त्यो समय उनका समकक्षी खेलाडीहरूका अनुसार मणि शाहका प्रशंसक धेरै थिए। उनलाई हेर्न युवतीहरू भारतसम्म खेल हेर्न जान्थे। त्यस्तै नेपाली खेलाडी नरेश जोशीको प्रशंसक त जापानी युवती पनि थिइन्। फुटबल हेर्न आउने क्रममा माया बसेपछि नरेशले आखिर तिनै जापानी युवतीसँग विवाह गरे। फुटबलमा यस्ता उदाहरण दिन मिल्ने खेलाडीहरूको सूचीमा हरि खड्का, वसन्त थापा, राकेश शाही जस्ता दर्जनौं नाम छन्।

# प्रेमी बढ्दैछन् खेलाडीहरूका पनि

केही वर्षअघिसम्म पनि नेपाली खेलाडीहरू खेलबाहेकका अन्य कुरामा आफ्नो विचार व्यक्त गर्न चाहँदैनथे। उनीहरूको गतिविधि खेल्नु र पदक जित्नुमा मात्र सीमित हुन्थ्यो। उनीहरूबीच प्रेम नै भयो भने त्यसलाई सार्वजनिक गर्न चाहँदैनथे तर अहिले नेपाली खेलाडीहरू फरासिला हुन थालेका छन्। अहिलेका युवा खेलाडीहरू प्रेमलाई जीवनको स्वाभाविक चाहनाका रूपमा लिन्छन्। उनीहरू प्रेमलाई खेलमा अवरोध पुर्‍याउने नभई सहयोग गर्ने, हौसला बढाउने तत्त्वका रूपमा लिन्छन्।




दसौं साग खेलकुदमा स्वर्ण पदक जितेर साग खेलकुदमा स्वर्ण पदकको ह्याट्रिक गर्ने तेक्वान्दो खेलाडी दीपक विष्ट भन्छन्– प्रेम मानवीय स्वभाव हो, यो जोसँग जसको पनि हुनसक्छ। विष्टको विचारमा खेलाडीहरू प्रेमबाट अछुतो रहन सक्दैनन्। खेलाडी हुँदैमा प्रेम हुँदैन वा उनीहरू प्रेम गर्नेतर्फ आकर्षित हुँदैनन् भन्न मिल्दैन। दीपकको विचारलाई समर्थन गर्दै दसौं सागमा कराँतेमा स्वर्ण पदक विजेका कुशल श्रेष्ठ भन्छन्– खेलाडी समाजभन्दा पृथक व्यक्ति होइन। उसलाई समाजले नै डोर्‍याइरहेको हुन्छ र समाजमा आएका परिवर्तनहरूलाई उसले पनि आत्मसात् गरेको हुन्छ। दसौं सागमा एथलेटिक्समा कास्य पदक जितेकी कान्छीमाया कोजूको विचारमा प्रेम उमेरअनुसार हुने स्वाभाविक प्रकृया हो। यो चाहेर हुने वा नचाहेर नहुने होइन। दसौं सागमा बक्सिङमा कास्य पदक जितेका अनिल गुरुङ भन्छन्– जीवनमा जो कोहीले पनि एक पटक प्रेम गर्छ। उक्त प्रेमको स्वरूप कस्तो हुन्छ भन्ने कुरा मात्र व्यक्तिको स्वभावअनुसार फरक हुन्छ तर प्रेमबाट खेलाडीहरू अलग भने हुन सक्दैनन्। यसलाई कसरी स्वीकार गर्ने वा अघि बढाउने भन्ने विषयमा फरक मत हुनसक्छ।

खेलाडीहरूको प्रेम कस्तो हुन्छ भन्ने प्रश्नमा कान्छीमाया हाँस्दै भन्छिन्- माया पनि कसरी हुन्छ भन्ने ? कुरा गर्नेलाई पनि थाहा हुँदैन तर हामीले प्रतियोगितामा सफलता पाएपछि हाम्रा प्रशंसकहरू भने बढेका हुन्छन्। उनीहरू हामीतर्फ केही हदसम्म आकर्षित हुन्छन्। यही आकर्षणले प्रेम पनि सिर्जना गरिरहेको हुन्छ तर अनिल भन्छन्– खेलकुदमा लागेर खेलाडीहरूसँगै बढी उठ-बस गर्ने क्रममा माया पनि बढ्छ। बक्सिङमा महिला खेलाडीहरू नभएका कारण यो खेलका खेलाडीको प्रेम अन्य क्षेत्रका युवतीसँग हुन सक्ने सम्भावना हुन्छ। दीपकको विचारमा खेल जीवनमा खेलाडीहरूको ध्यान खेलमै केन्द्रित हुन्छ। प्रतियोगिताको समयमा त दिनको ७/८ घन्टासम्म प्रशिक्षण गर्नुपर्छ। यस्तो अवस्थामा अन्य कुरा सोच्ने फुर्सद पनि हुँदैन। त्यति बेला हाम्रो ध्यान पदक जित्ने कुरामै केन्द्रित हुन्छ। यो समय करिब ३/४ महिनाको हुन्छ। यदि कुनै प्रेमिकालाई समय दिन सकिएन भने उनले गलत सोच्ने र माया टुक्रिने सम्भावना पनि हुन्छ। दीपकको कुरालाई प्रतिवाद गर्दै कान्छीमाया भन्छिन्- मायामा त्याग हुनुपर्छ। यदि कुनै पनि प्रेमी वा प्रेमिकाले साँचो प्रेम गरेका छन् भने उनीहरूले के बुझ्नुपर्छ भने आफ्नो प्रेमले सफलता पाउँदा त्यो सफलता मेरो पनि हो भन्ने सम्झेर त्याग गर्न सक्नुपर्छ। कुशल भन्छन्- अहिले मिडियाका कारण खेलाडीहरू पनि पदक जितेपछि वा कुनै प्रतियोगितामा सफलता पाएपछि सेलिब्रेटी हुन थालेका छन्। यसले खेलाडीलाई चर्चामा मात्र नल्याएर उनीहरूको व्यक्तिगत जीवनका बारेमा आम मानिसले पनि धेरै कुरा थाहा पाउन थालेका छन्। सञ्चार माध्यममा भएको विकासले खेलाडीहरूसँग भेटघाट गर्न सजिलो बनाइदिएको छ। जसका कारण अहिले नेपाली खेलकुदमा फ्यानको अवधारणामा पनि द्रुततर वृद्धि भैरहेको छ।

प्रशंसकहरूको वृद्धि एवं सञ्चार माध्यमको विकासका कारण कान्छीमायाले धेरै अपरिचित व्यक्तिको फोन आउने गरेको बताइन्। पुरुष खेलाडीहरूको हकमा त मलाई थाहा छैन तर महिला भएका कारण पुरुषहरूले प्रसस्तै फोन गर्छन्। यसरी फोन गर्नेहरूको नियत खराब भएको मैले पाएकी छैन। उनीहरू आत्मीय रूपमा प्रस्तुत हुन्छन्। कुशल भन्छन्– खेलमा पाएको सफलताले नै हाम्रा प्रशंसकहरूको संख्या वृद्धि हुन्छ। उनीहरूले दिएको हौसलाले हामीलाई उत्प्रेरित गरिरहन्छ तर कहिलेकाहीं उनीहरूसँगको सामीप्यता प्रेममा पनि परिणत हुन्छ। अनिल भन्छन्- एकै व्यक्तिसँग लगातार भेट भैरहँदा त्यो भेट प्रेममा पनि परिणत हुनसक्छ। दीपक भन्छन्– यदि प्रशंसकले खेलाडीको सफलताबाट आकर्षित भएर सामीप्यता बढाउँछ र त्यसलाई लामो समयसम्म कायम राख्छ भने त्यो उसको साँचो प्रेम पनि हो। कुशलको विचारमा सफलताबाट बढ्ने प्रशंसकहरू जस्तो किसिमका पनि हुन सक्छन्। कोही मित्रवत् व्यवहार मात्र गर्छन् भने कोही प्रेम प्रस्तावसमेत राख्ने किसिमका हुन्छन्। यस्तो सम्बन्ध लामो समयसम्म चल्न सक्छ। उनीहरू हामीसँग नियमित रूपमा भेटघाट गर्न चाहने किसिमका मात्रै हुँदैनन् उनीहरू प्रतियोगितामा आएर हाम्रो हौसलासमेत बढाइरहेका हुन्छन्।

पहिले खेलको कारण बढेका प्रशंसकहरू बढी हिमचिमका कारण उनीहरू खुला हुँदै जाने अनुभव खेलाडीहरूको छ। प्रशंसकहरूको आकर्षणबाट हुने प्रेम राम्रो कि आफ्नै क्षेत्रका खेलाडीहरूसँग हुने प्रेम राम्रो भन्ने प्रश्नमा अनिल भन्छन्- आफ्नै क्षेत्रको भए एकले-अर्कालाई राम्रोसँग बुझ्छन्। कान्छीमाया भन्छिन्– माया भन्ने कुरा आफ्नै क्षेत्रकै हुनुपर्छ भन्ने छैन। यदि हाम्रो मेहनत, हाम्रो बाध्यतालाई राम्रोसँग बुझ्ने किसिमको हुन्छ भने कुनै पनि क्षेत्रका व्यक्तिसँग प्रेम हुनसक्छ। दीपकको विचारमा प्रेम आफ्नो मन मिल्नेसँगै हुनुपर्छ तर प्रेममा समय दिन नसकेर तनावमा पर्ने वा प्रशिक्षण, प्रतियोगितामा प्रेमी वा प्रेमिकाको सम्झना गरेर प्रदर्शनमा असर पार्नुहुँदैन। कुशलको विचारमा प्रेमलाई कुन सीमासम्म राख्ने भन्ने कुराको निर्धारण आफैले गर्नुपर्छ।


# चर्चित खेलाडीका मोडल पत्नी



विश्वको सर्वाधिक चर्चित खेल के हो भनेर कसैले सोध्यो भने सबैले एकै स्वरमा भन्छन्– ‘फुटबल’। फुटबल खेलाडीहरू स्वाभाविक रूपमा चर्चित छन् भने उनीहरूका श्रीमतीहरू पनि चर्चित छन्।

फुटबलमा चर्चित दम्पतीको नाम लिनुपर्दा डेभिड बेकह्याम तथा उनकी श्रीमती भिक्टोरियाको नाम पहिलो स्थानमा आउँछ। दुवै आ-आफ्नो क्षेत्रमा चर्चित भएका कारणले पनि उनीहरूको चर्चा बढी हुन्छ, तर यस्ता धेरै फुटबल खेलाडी छन् जसका श्रीमतीहरू पनि चर्चित छन्।

रोनाल्डोको जीवनमा धेरै प्रेमिका आए, कसैले श्रीमतीको मान्यता पनि पाए, तर अहिले उनी एक ब्राजिलियन सुपरमोडलसँगको प्रेममा रमाइरहेका छन्। रोनाल्डोकी प्रेमिका राइका ओलिभेरा डियोर कम्पनीको ब्रान्ड एम्बेसडरसमेत हुन्। न्यूयोर्क, पेरिस र मिलानमा हुने र्‍याम्प फेसनमा उनको



उपस्थितिले फेसन सोकै रौनक बढाउने गरेको छ। ५ फिट ११ इन्च अग्ली राइका आफ्नो मोडलिङ क्यारियरलाई १५ वर्षको उमेरमै अन्तर्राष्ट्रियकरण गर्न सफल भएकी थिइन्। २३ वर्षकी राइकाका तस्बिरहरू भ्यानिटी फेयर, कस्मोपोलिटन, ग्ल्यामरजस्ता फेसन म्यागजिनमा नियमितजसो प्रकाशित हुन्छ।

इटालिका मिडफिल्डर फ्रान्सिस्को टोटीकी प्रेमिका कुनै समय इटालीको चर्चित मोडल टेलिभिजन प्रस्तोतासमेत थिइन्। तीन वर्षको उमेरमा एक विज्ञापनमा अभिनय गरेकी इलेरी ब्लासीले १८ वर्षको उमेरमा इटालीको टेलिभिजनमा आफूलाई चर्चित प्रस्तोताका रूपमा प्रस्तुत गरिसकेकी थिइन्। २६ वर्षीया ब्लासीले इटालीका धेरै टेलिभिजन च्यानलमा प्रस्तोताका रूपमा काम गरिसकेकी थिइन्। उनले आफूलाई टेलिभिजन प्रस्तोता बनाउने क्रममा एक पटक बिल्बोको सानो भूमिका पनि निर्वाह गरेकी थिइन्, जसमा उनलाई अर्धनग्न रूपमा प्रस्तुत गरिएको थियो।

लुईस फिगोले पोर्चुगललाई विश्वकप दिलाउने धोको कहिल्यै पूरा गर्न सकेनन्। लुइस फिगोकी प्रेमिका हेलेन स्वेडिन अन्तर्राष्ट्रिय मोडल हुन्। स्वीडिस मूलकी स्वेडिनले करिब आधा दर्जन मोडलिङ एजेन्सीमार्फत सयौं उत्पादनको विज्ञापनसमेत





गरेकी छिन्। ३५ वर्षीया स्वेडिनले फिगोको पहिलो सन्तान पाएपछि उनीहरू वैवाहिक सम्बन्धमा बाँधिएका थिए। स्पेनिस फुटबलबाट माथि उठेर विश्व फुटबलमा चर्चित राउल मुख्यत: मिडफिल्डमा हुन्छन्। उनले पनि मोडलिङको क्षेत्रमा ख्याति कमाएकी ३१ वर्षीया ममेन साँचेजसँग विवाह गरेका छन्। आफ्नो र ममेनको प्रेम अझै पनि उत्तिकै गाढा छ भनेर उनी प्रत्येक गोलपछि विवाहमा लगाएको औंठी चुम्छन्।





# कान्तिपुर गाथा

**किशोर नेपाल**

विपालाले इलुलाई एसएमएस गरी, कहाँ छेस् ? भेटदिनस् ? अचम्म, मेसेज एकैछिनमा डेलिभर्ड भयो । इलु भर्खर फर्किएकी थिई स्टेटसबाट । दुई वर्ष स्कल अफ फेसन डिजाइनिङ, न्युयोर्कमा कोर्ष गरेर छुट्टीमा आएकी । एकैछिनमा मोबाइल बज्यो, इलु भन्दै थिई, तँ आइज न । विपाला घरबाट निस्किई र देखी सडक सूनसान छ । आज बन्द त होइन ? छक्क परी विपाला । तर, उसलाई कुरा बुझ्न बेर लागेन । मधेसको आन्दोलनले राजमार्गहरूमा मोटर चलेका छैनन् अनि कान्तिपुरमा पेट्रोल र डिजलको हाहाकार छ । अब कसरी जाने इलुको घर त्रिपुरेश्वर ? विपाला बिलखबन्दमा परी । उसले सञ्जितलाई सम्झिई र एसएमएस गरी, एसओएस सञ्जु । निड योर हेल्प टु मुभ अराउन्ड । सञ्जितले निरास तुल्याएन । एकैछिनमा ऊ मोबाइकमा सवार भई र सञ्जितको कम्मर कसेर समाती ।


उनीहरूको अघि-अघि एउटा बस हिंड्दै थियो, अचम्मको मैलो र घिनलाग्दो हिसाबले फोहोर । बिजुलीको तारमा झुन्डिएर मात्र चल्ने त्यो बसमा मानिस टन्न थिए । बस पहिले भक्तपुरसम्म चल्थ्यो, अहिले कोटेश्वरसम्म घिस्रिन्छ । नाफा जति कर्मचारीहरूको थैलामा, घाटा जति सरकारको घैलामा थन्क्याउने गरेकाले बसको आवागमन केही समयदेखि बन्द भएको थियो । तर, महाराजको शासनकालमा कान्तिपुर सहर दिनहुँजसो बन्द हुन थालेपछि बन्दले सहरी यातायातमा कुनै असर नपरेको समाचार टेलिभिजनमा देखाएर सुख-शान्तिको सन्देश फैलाउन मात्र सरकारले यसलाई फेरि चलाएको थियो ।

माइतीघर मण्डलाको ट्राफिक सिग्नलमा त्यो मैलो बस ध्याच्च रोकिएपछि सञ्जितको बाइक लडखडायो । झण्डै लडिन विपाला । सञ्जितले नसमालेको भए के हुन्थ्यो-हुन्थ्यो ! विपाला एकछिन त खुबै डराई र विस्तारै सोधी, के रहेछ सञ्जु ? सञ्जितलाई पनि केही थाह थिएन । उनीहरूले देखे, अगाडि सडकमा मोटरहरू ताँती लागेर उभिएका छन् । ती मोटरहरू मण्डलामा धर्ना दिइरहेका थिएनन् । चक्काजाम र हडतालमा उत्रिएका पनि थिएनन् । मात्र भद्रकालीको पेट्रोल पम्पसम्म पुगेर तेल भर्ने ध्याउन्नमा आफ्नो पालोको प्रतीक्षामा थिए ।

विपाला सोच्दैथिई, एक सातापछि उसले यी दृश्यहरू हेर्नुपर्नेछैन । कस्तो होला स्टेट्स ! ऊ त्यही कुरा गर्न जाँदैथिई इलुकहाँ । हो त, हाम्री विपाला अर्को साता स्टेट्स जाँदैछे । उसको आइट्वेन्टी आइसकेको छ र बाबा हजुरले सबै प्रबन्ध मिलाइसकिस्या छ । उसले आफू स्टेट्स जान लागेको कुरा सञ्जितलाई पनि भनेकी थिइन र कसैलाई पनि भनेकी थिइन । बाइकमा सञ्जितको पछाडि बस्दाबस्दै विपालालाई लाग्यो, सञ्जितका लागि ऊ नभएको कान्तिपुर कस्तो होला ? विपालालाई थाहा थियो, सञ्जितको गर्ल फ्रेन्ड ऊ मात्र होइन, अरू पनि छन् । खासगरेर, अमृता देख्यो कि विपालालाई रीस उठ्छ । एकपटक सञ्जित र विपाला बेकमा बसेर कोक तानिरहेका बेला अमृता आइपुगेकी थिई र सञ्जित उसैसँग लहसिइरहेको थियो । अँस्ति मात्र पनि सञ्जित रोमासँग घुमिरहेको देखेका थिए विपालाका साथीहरूले !

'किसे अपना कहें' एक आह भरी विपालाले । बाइकमा बस्दाबस्दै उसलाई सञ्जितको शरीरबाट आइरहेको म्यासकुलिन गन्धले मत्याइरहेको थियो । ऊ उत्ताउलिन थालेकी थिई । स्टेट्स जानुभन्दा अघि एकपटक सञ्जितसँग लुटपुटिने मोहले उसलाई गाँजिरहेको थियो । उसले इसारामा सञ्जितलाई संकेत गरी । तर, सञ्जितको जवाफले ऊ झण्डै बाइकबाट खसिन, 'नट टुडे विपु, आज त मलाई इन्टरभ्युमा जानु छ...'

# पोखरा तताए निमा, रोज र पूजाले



पोखरा- निमा रुम्बा मञ्चमा प्रकट हुनेबित्तिकै तन्नेरी दर्शक तात्तिहाल्छन् । उनको भिन्न हाउभाउ र गेटअप दर्शकको रोजाइ बन्छ । तर गत साता पोखराको एक कार्यक्रममा निमा रुम्बा भावुक शैलीमा प्रकट भए । हातमा गितार लिएर मञ्चमा एउटा कुर्सीमा बसेर उनले भावुक शैलीमा राष्ट्रिय भावनाले ओतप्रोत गीत गाए । नेपाल तामाङ सांस्कृतिक, घेदुङ, तामाङ विद्यार्थी घेदुङ र युवा घेदुङले आयोजना गरेको सोनाम ल्होछार विविध सांस्कृतिक कार्यक्रममा राजधानीबाट उनीजस्तै अरू गायक-गायिका पनि पोखरा आएका थिए ।

निमा आउनेबित्तिकै गीतको तालमा उफ्रने मौका पर्खिरहेका युवायुवतीहरू जिल्ल परे । होइन, निमालाई के भयो आज ? भावुक शैलीमा केही तन्नेरी दर्शक कानेखुसी गर्न थाले । पहिलो गीत सकेपछि निमाले गितार थन्क्याए र हातका बाहुला खिचे । त्यसपछि उनले प्रियसी गीत के रन्काएका थिए, दर्शकहरू झुम्न थाले । तन्नेरीहरूमा गीतको रन्को चढ्यो । उनले आफ्ना हिट नम्बरहरू साँझ पनि, जीवन अनमोल छ, तिम्रो मेरो प्रीति बस्यो जस्ता गीत गाउँदा सभागृहको प्रेक्षालय झुम्यो । चिसो मौसममा आधा दर्जन गीत गाउँदा निमा पसिनाले निथ्रुक्कै भए ।


उता ग्ल्यामरस लुक्समा गायिका पूजा लामा स्टेजमा प्रकट भएपछि दर्शकहरू हुटिङ गर्न थाले-हाई पूजा । सेतो टिसर्ट र टाइट कालो जिन्समा कामुक देखिएकी पूजाले आफ्नो चर्चित गीत चियाबारी प्रस्तुत गर्दा ताली बजाउँदै दर्शकहरू कम्मर मर्काउन थाले । पूजाले लुकीछिपी र जिन्दगीको जस्ता गीतले दर्शकको मन जितेकी थिइन् । उता रोज मोक्तानले अझ बढी दर्शकको साथ पाए । उनले हेलम्बुको बजार, रातो रातो गाला र कलकत्ते काइँयो आदि गीतले दर्शक झुमाएका थिए ।


मोक्तानले आफ्नो चर्चित गीत कलकत्ते काइँयो गाउँदा उत्तेजित भएका दर्शक थाम्न सुरक्षाकर्मीलाई समेत हम्मे-हम्मे परेको थियो ।

कार्यक्रममा श्यामसुङ तामाङ, दीपक वाइबा तामाङ, एरन योञ्जन, हरि योञ्जन आदिले पनि आफ्ना चर्चित गीत गाएका थिए । पाँचवर्षे बालिका आस्था तामाङले बाह्हाते पटुकीको गीतमा गरेको नृत्यले सबैको मन जितेको थियो ।

**शिव शर्मा**

# अटोग्राफ पार्टी





**साप्ताहिक समाचार**

काठमाडौं- सधैंजसो डान्सपार्टी भैरहने दरबारमार्गको 'क्लब पेज थ्री' मा गत शनिबार दिउँसो निकै भीड थियो । त्यहाँ युवायुवतीहरूको लामो लाम लागेको थियो । त्यो दिन त्यहाँ कुनै डान्सपार्टी भैरहेको भने थिएन । रोयलटोनले सार्वजनिक गरेको फ्यानक्लब रूपी सहुलियत कार्ड 'केटिएम' का सदस्यहरू आफूलाई मनपरेका सेलिब्रेटीहरूको अटोग्राफ लिन र उनीहरूसँग तस्बिर खिचाउन त्यसरी लामबद्ध भएका थिए । बाहिर पानी पर्ला जस्तो चिसो थियो भने क्लबभित्र लस्करै बसेका गायक रामकृष्ण ढकाल, गायिका नलिना चित्रकार, नायिका विपना थापा, मोडल अनुदानजंग राणा र फुटबल खेलाडी उपेन्द्रमान सिंह एकपछि अर्को गर्दै आफ्ना प्रशंसकहरूलाई अटोग्राफ दिन व्यस्त थिए ।

आयोजक रोयलटोनका प्रबन्ध निर्देशक तथा सेलिब्रेटीहरूको सामूहिक फ्यानक्लबको अवधारणालाई नेपाल भित्र्याउने गायक दीपक बज्राचार्यसँग पनि केही युवायुवतीहरू अटोग्राफ लिइरहेका थिए । यद्यपि उनी कुनै सेलिब्रेटीभन्दा पनि आयोजकका रूपमा त्यहाँ खटिएका थिए । ग्ल्यामर वर्ल्डमा छिर्ने एक माध्यमका रूपमा ल्याइएको केटिएम कार्डले आउँदा दिनहरूमा पनि प्रशंसक एवं सेलिब्रेटीहरूबीच सम्बन्ध बढाउन यस्ता कार्यक्रम गरिरहने कुरा बज्राचार्यले बताए । अटोग्राफ दिइसकेपछि नायिका विपना थापाले साप्ताहिकसँग हाँस्दै भनिन्- 'विद लभ विपना लेख्दालेख्दा हातै गल्यो र पनि रमाइलो भयो ।'

# भ्यालेन्टाइनअघि रकमाण्डु



काठमाडौं- गत वर्ष टुँडिखेलमा हन्ड्रेड पर्सेन्ट लाइभको आयोजना गरेपछि आयोजक रितेश क्रिस यस पटक रकमाण्डू शीर्षकमा सांगीतिक कार्यक्रमको आयोजना गर्ने अन्तिम तयारीमा छन् । भ्यालेन्टाइन डेभन्दा तीन दिनअघि अर्थात् भोलि शनिबार प्रदर्शनीमार्गस्थित भृकुटीमण्डपको बगैंचामा उक्त कार्यक्रम हुने भएको छ । नेपाः साउन्डको प्रस्तुतिमा न्यू एज म्यूजिक, विश्व खरेल तथा शरद मैनालीका साथमा 'वानम्यान कम्पनी' भनेर पनि चिनिएका क्रिस उक्त कार्यक्रमलाई भव्य अनि स्मरणीय बनाउने प्रयासमा छन् । क्रिसका अनुसार उक्त सांगीतिक कार्यक्रममा द स्याडोज, एक्स मन्त्र, इम्पल्स-२१ का साथै जबिक, भीषण योञ्जन, फिरोज सिंह, पूजा राई आदिले आफ्ना गीतहरू प्रस्तुत गर्नेछन् भने उपत्यकामा आयोजना भएका कन्सर्टहरूमा पहिलो पटक चर्चित रक गायक दिव्य सुब्बा यसै कार्यक्रममार्फत मञ्चमा उत्रँदै छन् । कार्यक्रममा सम्झना अडियो भिडियोले बजारमा ल्याउन लागेको फिरोज सिंहको नयाँ एल्बम लाइफको विमोचन पनि गरिनेछ । क्रिसले यस पटक प्रत्येक टिकटमा प्रवेशका लागि विशेष किसिमको बारकोड सेक्युरिटी सिस्टम नेपालमै पहिलो पटक प्रयोग गरेका छन् । कार्यक्रममा दर्शकहरूको रुचि बढाउन टिकट खरिदमा उपहारहरूको व्यवस्था पनि गरिएको छ ।

# हिन्दूले पनि मनाए मोहर्रम



नवलपरासी– इस्लामहरूको महान् पर्व मोहर्रम मनाउन यो वर्ष हिन्दूहरूले पनि साथ दिए । सधैं मुसलमानका घरबाट मात्र निकालिने ताजिया यो वर्ष हिन्दूका घरबाट पनि निकालियो । मोहर्रममा आयोजना गरिने धार्मिक पूजा र खेलकुदमा हिन्दु मुस्लिम सराबरी सहभागी भए ।

मोहर्रममा सहभागी हुन ग्रामीण क्षेत्रका हिन्दू धार्मिक अगुवाहरूले गाँउलेहरूलाई उर्दी जारी गरेका थिए । करले होइन, रहरले नै धेरै हिन्दू मोहर्रममा सहभागी बने भन्दै रामपुरखडौना गाविसका निवर्तमान अध्यक्ष सुभान अली अन्सारी भन्छन्– 'हिन्दूहरूको यो सहभागिताले धार्मिक रूपमा अझ आत्मीय बनेका छौं । हामी पनि अब हिन्दूका चाडमा सहभागी हुन्छौं ।' जिल्लाका कुश्मा, पाल्ही, रामपुरखडौना गाविस र रामग्राम नगरपालिकामा माघ १६ गते धूमधामसँग मोहरम मनाइयो । नगरपालिकाको शान्तिचौरमा आयोजना गरिएको मोहरम मेलामा ताजिया बोकेर आउने हिन्दू महिलाहरूको उल्लेख्य सहभागिता थियो ।

तीनतले ताजिया बोकेर आएकी शान्ति हरिजनले मृत छोराको आत्माले शान्ति पाओस् भन्ने कामना गरिन् । यता पाल्ही गाविसमा सम्पन्न धार्मिक मेलामा सहभागी कुश्मा गाविसका रामावतार यादव चाहिँ छोराको आशामा मोहरममा सहभागी भएको बताउँछन् । यादव भन्छन्– 'म त १० दिनसम्म रोजा पनि बसेको छु ।' इस्लामहरू व्रत बस्नुलाई रोजा भन्छन् ।

इस्लाम संवत्अनुसार वर्षको पहिलो महिनालाई मोहर्रम भनिन्छ । मोहरमको संक्रान्तिदेखि १० गतेसम्म अधिकांश मुसलमान रोजा बस्छन् । कुश्मा गाविसका इमाम (धर्मगुरु) हाजी तैयब अन्सारीका अनुसार हजरत हुसेनले मानवताका लागि आफ्नो ज्यान अर्पण गरेकाले उनैको सम्झनामा मोहरम मनाइएको हो । उनै हुसेनको समाधिको कल्पना गरेर ताजिया बनाइन्छ । ताजियाहरू नजिकैको खोला वा पोखरीमा सूर्यास्तको समयमा विसर्जन गरिन्छ ।

**–चेतन अधिकारी**


होटल तथा पर्यटन तालिम
★ Tour & Travel Mgmt
★ Tour Operation
★ Airlines & Travel (Manual, Amadeus & Abacus)
★ Hotel Management
★ F & B Management
★ Cook ★ Front Office
★ Waiter ★ Barman
★ Bakery ★ Housekeeping
SATS Course मा आधारीत तालीम
Compare our quality with the others
सम्पर्क:–सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र
नयाँ बानेश्वर चोक (अन्तराष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)
४४७५११३/४४७२५५३
(विहान ७:०० देखि वेलुका ७:०० सम्म)

तालिम
❊ फोटोग्राफी
❊ भिडियोग्राफी
❊ कलरल्याब
❊ लेमिनेशन
❊ डिजिटल फोटोग्राफी
सम्पर्क: ❊ डिजिटल भिडियोग्राफी
अरुण दत्त पन्त द्वारा
वि.सं. २०५३ देखि निरन्तर.........
मान्यता प्राप्त पहिलो फोटो भिडियो इन्स्टिच्यूट
नेपाल फोटोग्राफी ट्रेनिङ इन्ष्टिच्यूट
भोटाहिटी, साझा भण्डार माथिल्लो तल्ला, काठमाण्डौं
२१९१०३७, ४२१६२९१

(हजारौंको सफल उपचारको अनुभव)
केश झर्न तुरुन्तै रोकी उमार्ने तेल 750-00
बेदाग र गोरो मुहारको लागि - 1600/-
चाउरीपना हटाउने क्रिम - 1050/-
स्तन बढाउने (क्रिम/VBR) - 1650/-
हेयर स्ट्रेटर - 1050/-
शरीरको उचाई बढाउने - 1250/-
ग्याष्ट्रिक/दम/बाथ-समाधान - 350/-
प्रेसर/सुगर/ढाड दुखाई-समाधान - 550/-
तुरुन्त मोटोपना घटाउने बेल्ट - 2400/-
Natural Treatment 100% Guaranteed
आस्था हेल्थ केयर
काठमाडौ, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 2110057, Mob.: 9841-330144
चितवन: 520412 पोखरा: 541308


**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली/स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**